# दायित्व

(साहित्यिक मासिक)

वर्ष १६ / पूर्णाङ्क ४४ असोज-कार्तिक २०५९

**प्रधान सम्पादक**
रामप्रसाद पन्त
फोन नं. ४८६४७६

**व्यवस्थापक**
लक्ष्मी पन्त
फोन नं. ४८६४७६

**सम्पादन सल्लाहकार**
ठाकुर शर्मा
फोन नं. ४८३४२६

**सह सम्पादक**
यादव भट्टराई
फोन नं. ४८२२६४

**प्रतिनिधि**
केशवराज पन्त
ऋषिराम डांगी

**विशेष सहयोगी**
कमल ज्ञवाली/विष्णुप्रसाद शास्त्री
अरुण खत्री 'नदी'

**आवरण सज्जा**
सोम सानु

**प्रकाशक**
दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल

**कार्यालय:**
घ-२७२/७०, चावहिल-७, काठमाडौं
फोन ४७४९८३
पो.ब.नं. ६७६६, काठमाडौं

**सहयोग**
संस्थागत रू. ५०/-
व्यक्तिगत रू. २०/-

विशेष सल्लाहकार
डा. तुलसी भट्टराई

मुद्रक: चावहिल अफसेट प्रेस, चावहिल, फोन नं. ४६६५५२
कम्प्युटर: देवेन्द्र सिंह रावल (चावहिल अफसेट प्रेस)

# सम्पादकीय

- 'क्षणेक्षणे यन्नवतामुपैति तदेव रुपं रमणीयतया:' अर्थात् शिघ्रातिशिघ्र भइरहने परिवर्तनकारी प्रकृयालाई सुन्दरताको रुप दिइएकोछ । हुन पनि मानवीय स्वभाव चाँडोभन्दा चाँडो समयको परिवर्तनसँगै बाँधिने चाहना र कामनाको दिशातिर उन्मुख छ । यसरी संसारमा नयाँ नयाँ सूत्रपात हुने प्रकृयालाई मानवीय समुदायले जिज्ञासाको रूपमा लिनेगरेको छ ।
- प्रत्येक नयाँ सिर्जना वा नयाँ परिवर्तन मानवकल्याणका लागि हुनुपर्दछ भन्ने कुरामा कसैको दुईमत छैन । अर्थात् मानिस बुद्धिमान प्राणी भएकाले कसैको हिंसा वा अनिष्ट उसलाई मन पर्दैन । यसैभएर परिवर्तनका प्रत्येक वर्षारम्भहरूमा शुभकामना बाँडेजस्तै प्रत्येक धर्मावलम्बीले आ-आफ्ना महत्वपूर्ण चाडपर्वहरूमा शुभकामना आदान-प्रदान गर्ने गर्दछन् ।
- नब्बे प्रतिशत हिन्दूजाति बसोबास भएको हाम्रो हिन्दू अधिराज्य नेपालमा प्रत्येक वर्षजस्तै यस वर्ष पनि नेपालीहरूले दशैं र तिहार मनाए, मान्यजनको हातबाट टीका थापे र आशीर्वाद लिए । दिदीबहिनीहरूले आफ्ना दाजुभाइलाई टीका लगाई ओखर फोर्दै भने- मेरा दाजुभाइका शत्रुहरी खतम होऊन् ।
- तर आजको स्थिति त्यस्तो छैन । दिदीबहिनीका सहोदर दाजुभाइबीच शत्रुता बढेकोछ । उनीहरूले मेरा दाजुभाइका शत्रुहरू नाश होऊन् भन्ने कामना गरे भने दुबै भाइ मर्छन् । यो परिस्थिति आज नेपालीका बस्ती-बस्तीमा गाँजिएर रहेको छ ।
- हामीले चाहने गरेको परिवर्तन त्यस्तो होइन । हामीले जीवनमा धेरै परिवर्तनहरू हेर्दै आयौं र विशेषगरी विगतका एक दर्जन वर्षहरुमा त यति परिवर्तनहरू देख्यौं कि ती सबै परिवर्तनहरू हाम्रो हित अनुकूल हुँदै गएको भए हामी कुनै पनि विकशित देश वा समाजको दाँजोमा पुग्न सक्थ्यौं । तर परिवर्तन विपरीत दिशातिर मोडियो । देश सञ्चालन गर्ने कानुनका प्रत्येक पङ्क्ति पढिनुपर्ने यति देश र देशवासीको जीवन प्रक्रियामा सुधार आउन सकेन ।
- आज हामी निरीह र अनाथ भएका छौं । 'सहनाववतु, सहनौ भुनक्तु...' भन्ने वैदिक नियम र 'सर्वे भवन्तु सुखिन...' भन्ने पौराणिक मान्यता बोकेका हामी देश र समाजको बिग्रँदो दुरावस्था देखेर रोइरहेका छौं र सोधिरहेका छौं- यो सबैको दोषी को हो ?
- आफूलाई चेतनशील वर्ग भनी नाक फुलाउने हामी सबैले अब आफ्नो छातीमा हात राखेर देशको माटो छोएर भन्नुपरेको छ कि यो सबै दोष हामै हो, अरु कसैमा मेरो हो । र, सम्पूर्ण रुपमा मशित पालित 'अहम्'को दुष्परिणति हो । यति कबुल गऱ्यौं भने अबको परिवर्तित समय हामी कल्याणको लागि हुनेछ र ती दिनहरू सुन्दर हुनेछन् । अनि प्रत्येक वर्ष आउने चाडपर्वमा व्यक्त गरिने शुभकामनाहरूको सार्थकता रहनेछ ।
- हामी पुन: कामना गरौं-विजयादशमी तथा शुभ-दीपावली २०५९ ले सबैलाई अग्रगतितिर लान्ने सद्बुद्धि प्रदान गरून् ।

# दायित्व

## विविध विधागत रचना-क्रम:


**कथा/गीतिकथा**

| | | |
|---|---|---|
| पिरो धूँवा | १ | शङ्कर कोइराला |
| पर्खिरहेंछु तिमीलाई | ११ | आ.पी. दाहाल |
| बगलीमारा | ३७ | रामप्रसाद पन्त |
| विद्रोह हुनैपर्थ्यो | ५० | प्रल्हाद कार्की |
| परदेशका छालहरू | ५६ | रामहरि पौड्याल |

**लेख/समीक्षा/समालोचना**

| | | |
|---|---|---|
| 'भोकयुद्ध' लाई हेर्दा | १४ | डा. दामोदर ढकाल |
| दहाल र दोषीका दुई कृतिमाथि..... | १९ | अर्जुन विरक्ति |
| राष्ट्र निर्माणका केही प्रमुख ..... | २४ | ठाकुर शर्मा |
| यो मौसम अर्थात् गजलमय मौसम | २७ | इन्द्रकुमार श्रेष्ठ 'सरित्' |
| ऐतिहासिक आन्दोलनको अवमूल्यन .... | ३३ | भागवत ढकाल |
| दुई गजलसङ्ग्रहमा सामान्य दृष्टि | ३९ | यादव भट्टराई |
| विभिन्न चार कृतिहरू:मेरो दृष्टिमा | ४२ | जीवनपानी |
| 'जिगरके टुकडे' तर्फ नियाल्दा | ४८ | राममणी खतिवडा |

**नाटक**

| | | |
|---|---|---|
| देशभक्तिको गीत | ६ | सूब सेन |

**भेटघाट**

| | | |
|---|---|---|
| इन्द्रकुमार श्रेष्ठ 'सरित्' सँग | ५४ | प्रस्तुति: अरूण खत्री 'नदी' |

**कविता/गीत/गजल/मुक्तक**

राजेन्द्र सुबेदी-५/ बालकृष्ण भट्टराई-५/ नारायण 'गोदारे'-१०/ रासा-१०/ हरिशरण ढुङ्गाना-१३/ हरिहरप्रदीप घिमिरे 'लेखाली'-१८/ मधुसूदनप्रसाद घिमिरे-२२/ नर्मदेश्वरी सत्याल-२३/ सविता अधिकारी-२३/ सकु थापा-२६/ चेतनाथ धमला-३६/ रमेशजङ्ग सिजापति-४१/ रमा पोखरेल-४१/ सन्तोष खनाल 'प्रशान्त'-४१/ रीता श्रेष्ठ 'रोशनी'-४७/ ध्रुव दहाल-४७/ रुद्र शर्मा 'दु:खी'-४९/ सुदीप कोइराला-५३/ अमृत बी.सी. 'अमीर'-५३/ अकिञ्चन शर्मा-५५/ मुकुन्द पोखरेल-५९/ ज्ञानप्रसाद आचार्य-५९

कथा

# पिरो धूँवा

❑ शङ्कर कोइराला

डेराको भऱ्याङको दुई खुडकिलोमा हरिवीर उक्लिँदै थियो । ढोकाभित्र कोठामा उत्तमी कसैसित खासखुस कुरा गरिरहेको उसको कानले भेउ पायो । एकछिन त्यही खुडकिलोमा आफूलाई निश्चित गराउनलाई ध्यान दियो पक्का थियो कि हरिवीरकी पत्नी उत्तमी कप्तान मानजीतसित कुरा गरिरहेकी थिई । मानजीतको स्वर हाँसेको र सानो थियो ।

हरिवीर खुडकिलोबाट ओर्लियो । मानजीत आएको बेला आएर उसले ठीक गरेन ।

डेराको ढोका बाहिर हरिवीर आइपुग्यो । काठमाण्डूको चिसो गल्ली लामो नै हिँड्नु पर्दथ्यो । अनि नयाँ सडक निस्कन सकिन्थ्यो । दिनभर निरुद्देश्य डुलेर उ डेरामा फर्केको थियो ।

अब एकाध घण्टा डुलेर फेरि ऊ फर्किनेछ । किनभने कप्तान मानजीत कति बेर उत्तमीसित कोठामा बसिरहला र ?

रातको ६ बज्यो हरिवीरलाई उत्तमीदेखि खुब गद्गद लागिरहेछ । उत्तमी उसकी पत्नी खुब चलाख छ । धनी कप्तान मानजीतलाई हात लिन जान्दछे । उत्तमीले मानजीतसित रुपियाँ कमाउँछे । कुरा-कहानी, हँसी-ठट्टा उसले नजानेकी भए यसलाई हरिवीरले के हविगतले कमाएर पाल्नु पर्दथ्यो ?

हरिवीरले दुइटै हात कोटको खोकिलामा घुसाऱ्यो । कस्तो जाडो ! नयाँ सडकको मोडमा ४ वटा मोटर र जिपकार लहरै आइरहेका थिए । नयाँ सडकमा खम्बाहरूका नील बिजुली बत्ती बले । काठमाण्डू सिनेमा हलको ढोकामा मानिसहरूको हुल थियो । यहींनिर सधैं हलचल भइरहन्छ । सिनेमा हलमा गीतका रेकर्डहरू बजिरहेका थिए ।

उसको मनमा आयो- उत्तमीले उसलाई पालिरहेकीछ ।

उत्तमीले उसलाई १५/२० दिनदेखि भोकै रहन दिएकी छैन । कप्तान मानजीत उत्तमी कहाँ नआउने गरेको भए उत्तमीले कहाँबाट रुपियाँ पाउँथी ?

तर हरिवीरले थाहा नपाओस् भनेर उत्तमीले बहानाको जाल बनाएकी छ । - कसरी उसले माइतबाट गरीब दाजु र आमाहरूसित झगडा गरेर पनि सापट केही रुपियाँ ल्याइरहेकी छ । उत्तमीलाई आशा पनि छ, हरिवीरले त्यो सापट एकदिन तिर्नसक्ने छ । उत्तमीले हरिवीरलाई ढाक्छोपमै अल्मल्याउनलाई यसरी कति जाल रच्नु परेको छ ?

हरिवीरले उत्तमीलाई पाल्न सकेन ? बरू उत्तमीले, अझ मानजीतले उसलाई पालिराखेको छ ?

नयाँ सडक नजिकै टुँडिखेल अँध्यारोले छोपेको थियो । टुँडिखेलको छेउछाउ गफ गरिरहेका मानिसहरू उठ्दै गए । कसरी बाँच्ने होला ? उत्तमीलाई पनि एकदिन मानजीतले छोडेर हिँड्नेछ । अनि कसरी बाँच्ने - टुँडिखेलको छेउ बत्ती बलेको खम्बा तल ऊ उभिरहेको थियो । अनि ऊ टुँडिखेलको बीच-बीच पातलो पतलुनभित्र काँपिरहेको गोडाले जनशून्य सुनसान ठाउँमा विरक्तिले निसास्सिन आइपुग्यो । पर सडकमा मोटरको हर्न बज्दथ्यो । टुँडिखेल शीतले भिजेको थिगो । टेनिस शूको तलुवाबाट उसको पैताला ठिहिऱ्यायो ।

छातीमा घुसारेका दुवै हातहरू काँपिरहेका थिए । कुप्रिँदाखेरि उसको छाती नै दुख्यो । उराको

आँखाले यतैतिर आइरहेको एउटा टर्च लाइटलाई देख्यो । लाइट उसको मुखमा लाग्न पुग्यो । कोही उसको अनुहार पनि हेर्न चाहन्छ ? - त्यो दुब्लो हाडे अनुहार ।

हातमा टर्च लिने कोही व्यक्ति उसको समीपमै आइपुग्यो । त्यो एउटी जवान महिला थिई । उसले लगाएको ओभरकोट घुँडातल आइपुग्थ्यो । ओभरकोट तल साडी फुकेको थियो । शिरलाई साडीको फेरोले ढाकेकी थिई । कस्तो न्यानो-तातोसित हिँडिरहेकी एउटी भद्र महिला ? सुनसानमा एक्लै नयाँसडकतिर आइरहेकी- 'के यिनीसित केही रुपियाँ होला ?'

महिला केही पर पुगी । मानिस वरिपरि कतै थिएनन् । आधुनिक महिलाहरू धेरै भलादमी हुन्छन् । यिनीहरूसित रुपियाँ हुन्छ । त्यसकारण हरिवीर फर्किंयो । महिलातिर लम्किंदै उसले धोद्रो स्वरले भन्यो- "म बोलाउँछु तपाईलाई - एकछिन पर्खनोस् ।"

त्यो महिला रोकिई । हरिवीर उसको पछाडि पुगिरहेको थियो । टर्च बालेर उसको जुत्तादेखि मुखसम्म हेरी । के हरिवीर एउटा माग्ने जस्तो थिएन ? उसले सोध्यो- "तपाईंसित रुपियाँ छ ?

"तँ गुण्डा होस् ? - यस्तो रातमा एउटी स्वास्नी मानिससित - ?" स्त्रीको स्वर तीक्ष्ण हुँदै गयो । हरिवीर उसको अगाडि पुग्यो । उसले डर मान्यो त्यो महिलाले उसलाई टर्चले टाउकोमा हान्ली । उज्यालो फ्याँकिरहेको टर्च हरिवीरले झम्टियो । अप्रत्याशित झम्टाइले टर्च स्त्रीको हातबाट खुस्कियो ।

"नकराउनोस् ! तपाईंसित भएको रुपियाँ मलाइ दिनोस् ! पर्खनोस् ! यहाँ वरिपरि मानिस छैनन् नदगुर्नोस् ।- तपाई भलादमीको बेइज्जत हुनेछ ।" कठोर र संकल्पित स्वरले उसले भन्दै गयो ।- "म गुण्डा होइन मलाई तपाईंसित भएको रुपियाँ दिनोस् ! म तपाईंलाई छुन्न ।"

त्यो स्त्री हटेकी थिइन । उसलाई आफू भन्दा बलियी उसले देख्यो । बरू उ अन्धकारमा भाग्न सक्तथ्यो ।

" म यो टर्च फिर्ता दिन्छु । तपाईंसित भएको रुपियाँ दिनोस् ।" हरिवीर दृढ थियो । त्यो स्त्री भाग्न सकिन । अत्याहटमा उसले ओभरकोटको बटन चाँडो फुकाली । भित्रको खल्तीबाट उसले केही सेतो चीज झिकी । हरिवीरले झम्टियो । नोटको सानो बिटा थियो । हरिवीर तुरुन्त अर्को दिशातिर भाग्न लाग्यो । ऊ केही पर नपुग्दै स्त्रीको पनि दगुरिरहेको जुत्ताको आवाज उसले सुन्यो ।

उसको आङ तातिरहेको थियो । उसलाई उस्तो जाडो लागेन । नोटको बिटा खल्तीमा हालेको थियो । घबराहटले दगुर्नु हुँदैन- कसैले शंका गर्न सक्थे । ऊ बिस्तारै हिँड्न थाल्यो । पछाडि एउटा हिंड्ने मान्छे आइरहेको थियो फेरि सडकको पारी छेउबाट उ हिँड्न लाग्यो ।

चोरी गर्नु नयाँ काम होइन- उसले आफुलाई सम्झायो । एउटा सिपाही पिचरोडमा गच्याम-गच्याम टेक्तै आयो । त्यसले यति चाँडै कसरी उसलाई चोर भनेर थाहा पाउला ? नयाँ सडकको बाटो ऊ फर्केन । बिजुली बत्ती बलेको उज्यालो बाटो उसले जानु हुँदैन । किनभने उसको घबराएको रातो अनुहार सबैले चिन्नेछन् । एउटा लामो अँध्यारो बाटो घुमेर डेरामा उसले पुग्नुपर्छ ।

टर्च उसले कोटको खल्तीमा हालेको थियो । टर्च बाल्ने उसले साहस गरेन । ऊ अँध्यारो बाटो चाँडो हिँडिरहेको थियो । होटेलहरूमा मानिसहरू चिया पिउन लागेका थिए । कसले ऊ चाँडो हिँडेकोमा दृष्टि देलान् र ? उसका दुइटा हात खल्तीमा थिए । ऊ डेरा जाने चीसो गल्लीमा हिँडिरहेको थियो । खुट्टा लडखडाइरहेको थिए । ठेस लाग्दथ्यो । टर्च उसले बालेन । गल्ली गन्हायो । उ नालमा चिप्लिन सक्तथ्यो । अलि बिस्तारै हिँडेर डेराको भऱ्याङ उसले बेस्सरी टेक्तै उक्लियो ।

भऱ्याङको मुखनिर ढप्काएको ढोकालाई

उसले धकेलिदियो । कोठाको कुनाको चूल्होमा आगो बालेको पिरो-पिरो धूँवा उडिरहेको थियो । चूल्हामाथि भित्ताको खोपामा एउटा डिबियामा बलिरहेको बत्तीले धूँवा जस्तै धमिलो उज्यालो दिइरहेको थियो । ओछ्यान भएको खाटलाई डोरीमा झुन्ड्याएका लुगाहरूले उज्यालो छेकेर देख्न दिएको थिएन । हरिवीरले ढोकामा आग्लो लगायो । जुत्ता फुकाल्यो ।

उत्तमी ओछ्यानबाट उठेर देखा पर्दा झुण्ड्याएका लुगाहरू हल्लिए । लामालामा छायाँहरूले ओछ्यानको तकिया र पट्याएको सिरक बराबर देखिन लाग्यो । उत्तमीले खास्टो ओढेकी थिई । मुसुक्क हाँसी । त्यसको त्यही मुस्कानले कप्तान मानजीतलाई लोभ्याउँछ । उत्तमी तरुणी देखिन्छे । उसको निधारको सितारा चम्कियो ।

हरिवीरले हारेको प्रेमी जस्तो शिथिल र ईर्ष्यालुझैं ओछ्यानमा बस्न जाँदै केही भन्यो - "यो बन्द, ओसिलो यस्तो दूषित कोठामा अब नबस्ने । हामी भोलि नै हिँडौं । कतै जाऔं ।

"कता जाने ? यो डेराको एक वर्षको बहाल तिरेको छैन । हामीलाई घरपट्टीले जान दिन्छ ? फेरि कहाँ गएर के गर्ने ? कतै उद्योग मिल्ने सभव छ ?" उत्तमीले आफ्नो पतिको अगाडि उभिँदै हाँसेर सोधी । अनि चुप लागेर उसको चोट नलाग्ने कुनै उत्तरलाई पर्खी ।

"म अहिले केही घबराएको छु ।" हरिवीर ले भर्खर आफू उम्केको घटनालाई खोल्न चाह्यो- "त्यो बत्ती ल्याऊ ।"

उत्तमीले बत्ती ल्याई । हातमा लिएर अगाडि उभिई ।

हरिवीर हाँस्यो ।

"बत्ती केलाई चाहियो ?" उसले भन्यो । कोटको खल्तीबाट उसले टर्चलाइट झिक्यो । चूल्होबाट झिकेर राखेको भातको भाँडामा टर्च बालेर हेर्‍यो ।- एउटा ताम्के र दुइटा थालहरू नजिकै थिए ।

"यो मैले चोरेको !" उसले विस्तारै भन्यो । टर्च बालेर खल्तीबाट नोटको बिटा झिक्यो ।

उत्तमीले केही उच्चारण गरेकी थिइन ।

"मैले नोट गनेको छैन ।" उसले नोटहरू छुट्याउँदै गन्यो । तीन सय रुपियाँका नोटहरू थिए । अचम्म मानेर उसले उत्तमीलाई हेर्‍यो ।

"अहिले पो मलाई डर लाग्छ ।" हरिवीरको आड सहसा जिरिंङ्ङ भयो । उसले भन्यो -"मैले कसरी त्यो स्वास्नी मानिससित रुपियाँ छ भन्ने विश्वास गर्न सकौं ?"

"स्वास्नी मानिससित ?" उत्तमीले एक्कासी सोधी- "को स्वास्नी मानिस ?"

"हो । एउटी भद्र स्वास्नीमानिस ।" हरिवीर आशङ्कित भएर हाँस्यो ।

हरिवीरले तुरुन्त आफूलाई सम्हाल्यो । उसले उत्तमीलाई अझै बुझ्न दिएको छैन । उसले जे जे बताउनेछ, त्यही नै उत्तमीलाई साँचो हुनेछ । तर ऊ आफ्नो घटना सबै बताइदिनेछ । अनि ऊ उत्तमीको अगाडि साँचिलो हुनेछ । - किनभने ऊ उत्तमीको बारेमा अनजान छ । कप्तान मानजीतको बारेमा अनजान छ । यही उत्तमीलाई थाहा होस् ।

उसले भन्यो - "भात खाँदै गरौं । दुईजनालाई पुग्छ ?"

उत्तमीले भनी "अलि अलि पुग्छ ।" अनि चुप, उसलाई खुब ध्यान दिइरहेकी थिई ।

हरिवीर झस्कियो- ऊ किन यस्तो बाठो भइरहेको छ ? साँचो कुरा बताउनलाई ऊ किन बाठो देखिन्छ, हरिवीरले भात खाइनसक्तैमा घटना बताइदियो ।

उत्तमीले बिस्तारै खुशी प्रकट गर्दै भनी- "ठीक भयो, रुपियाँ भएकाहरूसित लिनुपर्छ ।"

"भोलि नै हामी यो डेरा छोडेर हिँडौं । डेराको बहाल तिर्नु पर्दैन ।" हरिवीरले खाटमा बस्तै सिरक ओढेर भन्यो ।

जवाफमा उत्तमी खिस्स हाँसी । उसले सायद पत्याइन ।

ऊ भाँडा माझ्न थाली ।

हरिवीरले उसलाई केही सोध्न ठीक होला ?- रुपियाँ ऊसित कति छ ? मानजीतले आज दिउँसो केही रुपियाँ दियो ? वा दिएन ? तिनीहरू यही ओछ्यानमा सुत्छन् ? हरिवीर आउने डरले खाटको ओछ्यान कसेर राखेकी हुन्छे ।

उसले केही सोधेन । उत्तमी भाँडा माझिसकेर खाटमा सुत्न आई । हरिवीर निदाइरहेको जस्तो देखियो ।

उत्तमीको कपालको तेल गन्हायो । दुईजनाले झन् न्यानो गरायो ।

ऊ निदाएकी थिइन । उसले लामो सास फेरी । उत्तानो परेर फेरि निश्वासमा आकी कोन्टे फर्की हरिवीर मस्त निदाएकै कै देखियो । जोडिएको घरमा ठूलो घडीले १० हान्यो । दुईजनाको यो जागृतिको परिणाम के हुने हो ? उसको हात र खुट्टा रन्किए । उसले पोलेको हात बाहिर निकाल्यो ।

उसलाई छटपटी भयो ।

के उत्तमीले केही भन्न, आफ्नो मनको कुरा उसलाई बताउन चाहन्छे ? नत्र उत्तमीलाई किन निन्द्रा परेन ?

अहँ, उसले बताउन ठीक हुँदैन । उसले गर्दा दुईजनाको जीवन झन् बिग्रनेछ । उत्तमी केही कमाउन सक्नेछैन, उसले आज चोरको तीन सय रुपियाँ दुईजनाको जीवन भरणाई होइन । उत्तमीले फेरि यस वेश्यावृत्ति सुरु गर्नु परेको छ । किन भने..... हरिवीर पनि चोरी काम, गस्तो अपकर्टे काम गर्न सक्नेछैन । ऊ यस्तो चोरी वृत्तिले कहिले उत्तमीलाई पाल्न सक्तैन । फेरि उत्तमी पनि आफ्नो वृत्ति छोडिदेली ?

ऊ बिउझ्यो । किन उठ्यो ? - उत्तमी फर्की फर्वाँ गर्दै निदाएकी जस्ती देखियी ।

छालाको जूताले टेकेको गह्रुँगो आवाज भन्याङ चढिरहेको थियो । को आयो यस बेला ? तर घरपट्टीको कोठामा जाने भन्याङ अर्कै छ । ढोका घच्घचिन लाग्यो ।

"त्यो आयो ।" उत्तमीले जुरुक्क उठेर ऐठन जस्तो भनी- "त्यो आयो । मलाई डर लाग्छ ।"

उत्तमीले भनिन, को आयो ?

"मानजीत कप्तान ।" तुरुन्त हरिवीरले उत्तमीको अवस्था सोचेर भन्यो-"म ढोका खोलिदिन्छु । नडराऊ ।"

"किन आएको त्यो ?" ऊ बेहोश झैं करायी ।

उसले टर्च हातमा लियो । उठेर ढोकातिर जान लाग्दा एउटा बेसुरको स्वर आयो- "ए ढोका खोल ! ए- उत्तमी ढोका खोल । कस्तो सुतेको ?"

"को हो ?" हरिवीरले कराएर भन्यो । तालको प्वालबाट चुरोटको धूँवा पस्यो । पछि रक्सीको गन्ध आयो । ढोका खोलेर टर्च बालेर हेर्‍यो । - अग्लो मोटो कप्तान निधारमा छरिएका कपाल 'ट्राउजर' को पाकेटमा दुइटै हात हालेर मुखमा चुरोट च्यापेको थियो । अहिले सम्म ऊ बेपर्वाह ठम्मिएकै थियो कि हरिवीरले कराएर - "किन कप्तान ?" अहिले कप्तान झस्किएर एक दुई पाइला पछि हट्यो । अरू एक पाइला हटेर्दै भन्याङको मुखमा पुग्यो । कप्तानले एकै चोटी हरिवीरकहाँ आएर हात मिलायो ।

"ओहो । हरिवीर ? म तपाईंलाई भेट्न आएको ।" हा-हा-धेरै दिनमा भेट भयो । लौ म जाउँ ।" कप्तान सातो हराएको आवाज हाँस्यो । अनि भन्याङ अल्मलिएको पाइलाले ओर्लिन लाग्यो । हरिवीर उसलाई लाइट देखाउन भन्याङको मुखमा आयो ।

**त्रिचन्द्र कलेज, दोस्रो वर्ष, (कला)**

("शङ्करप्रसाद कोइराला" नामवाट वि.सं. २००९ सालमा लेखिएको प्रस्तुत अप्रकाशित कथा स्व. शरदचन्द्र शर्मा भट्टराईद्वारा प्राप्तगरी जस्ताकोतस्तै छापिएको छ । - **सम्पादक**)

कविता

# बन्दुकप्रति

❑ बालकृष्ण भट्टराई

मृत्युको मित्र हे काल-कराल-दुष्ट- बन्दुक !
खरानी पार्नका निम्ति खेल्छस् बारूद-कन्दुक !
विनाश मात्र रोजेर विकास किन खोस्तछस् ?
लुटेर देशको प्राण पराइ किन पोस्तछस् ?

आततायीहरूबाट जोगाई राख्न जीवन
आविष्कार भयो तेरो राख्न सज्जनको मन
निर्धा-निर्बल प्राणीको तँ थिइस् प्राणरक्षक
कसरी तँ भइस् आज निर्दयी प्राणभक्षक !

तेरो प्रयोगमा मान्छे आफै गौरव मान्दथ्यो ।
नेपाली-सभ्यता आफ्नो रक्षाकवच ठान्दथ्यो
तेरो अस्तित्व देखेर फिरङ्गी पर भाग्दथे
तेरो सङ्गतमा एक्लै पहरेदार जाग्दथे ।

शिशुको जन्ममा होस् वा विवाह-उत्सवादिमा
तँलाई वन्दना गर्थ्यो मान्छे हर्ष-बढाइँमा
प्रहरीजनको साथी, सच्चा सैनिकको बल
शिकारीहरूको सोख खसिस् तँ कसरी तल ?

न यो युद्ध भयो आज गुमेको राज्य पाउन
नता साम्राज्यवादीको दस्तालाई धपाउन
न आक्रमणकारीको लिने हुर्मत हो कुनै !
न दुई देशको युद्ध-अन्त्यको चाल हो कुनै !

शङ्काकै भरमा मात्र हुन्न बन्दुक पड्कन
साथ शस्त्र छ भन्दैमा कसैले हुन्न कड्कन
हत्याकै शृङ्खला जोड्न चाहिन्न अब बन्दुक
भो ! भो ! भो ! अति भो ! बन्द हुनुपर्छ बन्दुक ।

* * *

कविता

# मान्छे

❑ राजेन्द्र सुवेदी

माटाको महिमा बुझेर जगले आफै उठायो धुरी
उर्ल्यो दुस्कृतिको कलङ्क धमिलो तत्कालमै आखिरी ।
मान्छे सम्पत्ति जोड्छ दुख सुखले पालेर नैलो भ्रम
मैरी भैं मह काढिंदा पनि उसै छाड्दैन आफ्नो क्रम ॥

मान्छेका शुभ पापकर्म मनले खोलेर पैल्याउने
मान्छेकै दिलको तलाउ भ्रमले घोलेर मैल्याउने ।
मान्छे गोड्दछ कोखमा जहरिला मात्सर्यका आँकुरा
मान्छे तोड्दछ ज्ञानका मदतले व्यामोहका टाकुरा ॥

मान्छेका नचुहे अजस्र पसिना मान्छे कहाँ हुन्छ र ?
माटाका नमिले अनन्त कणिका च्याम्पो कहाँ बन्छ र ?
बग्दो भेल समाजका प्रगतिको आवेग को रोक्छ र ?
गल्छी रेकिंदा नदी सहजमा उल्टो कहाँ बग्छ र ?

मान्छे उन्नतिको समग्र गतिवान् बग्दो नदी भेल हो
सेवा-सत्कृति जीवको अमरता बाँकी सबै खेल हो ।
मान्छे दुस्कृतिका अभेद्य पहरा आफै यहाँ तोड्दछ
मान्छे दुस्कृतिका विषाक्त लहरा आफै यहाँ गोड्दछ ॥

मान्छेकै मुटु रिक्त बन्छ नभए यै जिन्दगीको रस ।
मान्छे नै विषसिक्त बन्दछ भए यै जिन्दगीको रस ।
मान्छे वैभवका अनन्त चुनरी कल्पेर सुस्ताउँछ
मान्छे जीवनका गभीर दहमा झुल्केर अस्ताउँछ ॥

* * *

# देशभक्तिको गीत

❑ सूब सेन

**दृश्य :– प्रथम**

स्थान: कुमुको घर

समय: बिहान घामका झुल्का ।

(पात्र :– कुमु-भानुका पिता । भानु-देशभक्त सेवक । मैतु, शीलु-कुमुका, सहयोगी । बलु, कबु, हितु, मुक्ति,जुक्ति, वीरभद्र, समसुर, सिन्धु, इन्दु, मित्रु-भानुका सहयोगी। टीसु-कुमुकी श्रीमती। कालीश्री जन न्यायालयका अध्यक्ष, भवानी, प्रकाश र बहादुर सदस्य ।

बडो दादा: - अहङ्कारी लठैतको ठूलो नाइके, विपरीत चरित्रको अगुवा ।

तोरबडा:- अहङ्कारी लठैत, विपरीत चरित्रको व्यक्ति ।

पाँणु, मोचा, कुशु, जिनु, दानु, एखु, मोटु, बेनु, ओमु - तोखडाका मान्छे । खुस्बू - तेरबडाकी श्रीमती । युवतीहरू र अरूहरू)

(विहानीको समय, जतातते सफा, छ्याङ्ग खुलेको आकाश । नेपाल आमा । हिमाली रूपमा । प्रकाशरूपी लाली लगाएर संसार सागरको माझमा उभिएकीछन् । हरियो वन वनौलाभरि पहाडी झुप्पा बाली नाली लहलहाएका समतल भूमि भएर धरीधरीका लालाबाला जन्माउँदै भुराउँदै सत्य, शान्ति, न्याय र इन्साफको सन्देश छर्दै पंक्षी भएर भुर्दै, झर्ना भएर गाउँदै- नदी भएर बजाउँदै, हरीयालीमा लहलहाउँदै उभिएकी छन् – 'नेपाल आमा !'

नेपथ्य- (प्रकृतिको नाचसँगै घामका झुल्का, नवजात शिशुको जन्म हुन्छ। बाहिरसम्म आवाज आउँछ - 'च्याँआ:, च्याँआ: ।'

लालु-घामका झुलका (बाहिर निस्कँदै) तिमीलाई छोरा जन्म्यो नाम त 'भानु' राख्न राम्रो होला है। मैतु- गर्भभर्गबाट खुला आकाशमा ओल्हिंदा हावा, सांसारिक हाव-भावले थिच्दा तिम्रो छोरो रोयो - 'च्याँआ:' । आऊ । कुमुलाई फूलपाती लगाऊँ छोरा जन्मेकोमा हर्ष बढाइ गरौं ।

(श्रीमतीको प्रसव वेदना देखेर आत्तिएका कुमु शान्त भएर रमाउँछन् । शीलुले फूलकाँसको थालभरि पातीका पात ल्याउँछिन् । सबैले उनका कानमाथि-टोपीमुनी पाती घुसारी लगाइदिएर हर्ष र शुभकामना प्रकट गर्छन् ।)

– पर्दा खस्छ –

**दृश्य :– द्वितीय**

स्थान: देवी स्थान ।

समय: दिउसो ।

(तल मैदानमा धुमधाम मेला लागिरहेको छ । माथि मन्दिरमा बाजा बजिरहेको छ- पञ्चैबाजा, नौमती बाजा। मन्दिर-देवी मूर्ति अगाडि भुसतिग्रे उपासु । तरबार, खूँडा, खुकुरीले पाडा, पाठा, हाँस, कुखुरा, काँका, कुभिण्डा चटाचट काटिहेछ । रातोरातो रगत ढोका बाहिर पनि बगिरहेको छ । बली चढाउनेहरू 'मनचिन्ते' आशा गरेर खुसी छन् । ढाडबाट छुट्टिएका टाउकाहरू । पक्या पक्या मुख पार्दै जिब्रो टोकेर घुप्रिरहेका छन् । वातावरणनै बलीमय, रगतमय भइरहेको छ ।)

बलु – भानुले त (अर्कोतिर बसेर देवी पूजा हेर्दै रहेका बलु, कबु, बसुका बीच कुरा हुन्छ) देवीपूजा श्रद्धा, भक्ति र फूलपाती चन्दनले गरौं भन्छ तर, यो बली प्रथा धर्म संस्कृति भएर आएको कुरा छोड्नै नसक्ने । गाह्रो !!

कबु – होत नि । उसले भनेको कुरा ठिक हो ! अन्धविश्वास र खर्चिलो पनि हुनाले बली पूजा फूलपाती पूजामा परिणत हुनुपर्छ । साँच्चै भानु

त देश र समाज सेवामा उठेको व्यक्तित्व छ । साधारण तर आकर्षक, सज्जन तर स्वाभिमानी, मिलनसार तर देशभक्त व्यक्तित्व भएर उठेको छ ।

बसु – ऊ त देशको रक्षा र जनन्यायको लागि लडिआएको छ - लडाकु भएर, धेरै धेरैको बन्धन टुटाई मुक्त गराएको छ – समाजको रक्षक भएर उ त समाजको बत्ति हो – 'बत्ति' उसको उज्यालोको पछि पछि हिंडेर हाम्रो समाज अँध्यारोबाट उज्यालोतिर लम्किरहेको छ । तर, खोइ !

कबु – के तर ?

बसु – देश र समाजका शोषक, आततायी, गुण्डा, लठैतहरू राती हिंडने र चम्किने तारागणसमेत उसका दुश्मन छन् बाँच्न देलान् र ? ।

हितु – ऊ सानैदेखि हक इन्साफ, सत्य, न्यायको पक्षमा उभिन्थ्यो त्यही स्वभावलाई अगाडि बढाउँदै आज देश र जन पक्षमा उभिएको छ । हामी समाजले साथ दियौं भने कसैले उसको रौं सम्म पनि हल्लाउन सक्ने छैन ।

बलु – हो ! उसको साथमा अगाडि बढौं - आफ्नो पहिचानका लागि । (कताबाट बादल आइपुग्छ – आकाश गर्जिन्छ पानी पर्छ- आँधी बेहरी आउँछ - घैंटो बाछिटो हुन्छ । भाग दौड बढ्छ - मेला रित्तिन्छ । कुनातिर बसेकी टिसुलाई प्रसुति व्यथा लाग्छ चिच्याउँछिन्, रुन्छिन्, कराउँछिन्, सहयोग माग्छिन्, कष्टसँग ज्यान फालेर कन्छिन् - कल्सौंदो शिशु जन्मिन्छ । कुमु सेडेनी सुसारे दुबै भएर पुरानो छाताको भरमा सुत्केरी शिशुलाई ओताउँछन् बिदो हुञ्जेल पर्खिन्छन् ।)

– पर्दा खस्छ –

**दृश्य :– तृतीय**

स्थान: तोरबडाको घर ।

समय: राती ।

(दोस्रो तेस्रो तलामा झ्यालभित्र पर्दाभित्र उज्यालो छ । बाहिर चहल पहल छ । पछाडिको ढोका खुला छ ।) दोस्रो तला कोठामा कल्सौंदो अनुहार, डोलो नाक, काला छोटा जुँगा आधा फुलेको कपाल, रातारात्ता आँखा, कठालो नभएको -धर्के खद्दरको कुर्ता र अलीगढे सुरुवाल लगाएको तोर बडा डस्सेनामाथि पलङ्गमा छ । अगाडि आराम कुर्सीहरूमा, अरूहरू भूइँमा मैला, महँगा गलैचाहरूमा अरु अरुहरू छन् । विभिन्न रङ्ग, ढङ्ग र भङ्गको आगमन र जागमन भइरहेको छ । उ अन्होट, पन्होट, बन्दोबस्तमा व्यस्त छ ।)

पाँणु - बुझ्नु भो । (हतार हतारमा भित्र पस्दै) सबभन्दा खतरा तपाइँ मन्दा पहिला जन्मिन नजानेको 'भानु' छ - 'हाम्रो आँखाको घूर !' देशभक्त बनेर देश र जनताको इमान्दार सेवक हुँ भन्दै हाम्रो कार्यक्रमको बाधक भइरहेको छ । तपाईंले मन पराएको 'घरबास' देऊ भन्दा दिएन पन्छाउनु परेन त यसलाई सदाको लागि ?

तोरबडा – जा, पाँणु जा ! मोचा, कुशु, दानु, जितुलाई लिएर जा । पर्सि उज्यालो नहुँदै मेरोअनुसार नचल्ने त्यस भानुलाई खिचेर निकाली सीमा पारि फालेर आ । खर्च जति चाहिन्छ लिएर जा, जति माग्छ (श्रीमतीतिर फर्केर) त्यति देऊ बाह्रवटा गोली र एउटा पेस्तवल पनि । मोचा, कुशु, दानु, जितु । जाओ पाँणुका साथमा त्यस तीखो काँडोलाई झिकी पयाँकी आओ । (उनीहरू जोस्सिंदै निस्किन्छन् ।)

एखु – दादा ! (दुई हातमा गन्हुँगा बाक्स उचालेर) भन्याङ्ग चढ्दै भित्र पस्छ । उसको अगाडि राखिदिन्छ । पछि पछि सँगै कालावर्णे मोटु पनि पस्छ ।)

मोटु – यसमा हवाइ निगम, संस्था, कारखानाहरू विक्रीको कमिशन भाग छ । यसमा कोही, कर्णावी, सेथी , भेली नदी पानी, बिजुली, योजना विक्री र सीमा अतिक्रमण सैनिकीकरणका लागि स्वीकृति र सेना, प्रहरी, चोर, डाँका, हत्यारा, गुप्तचर, जोगी, जलन्तरी, पादरी, मुल्लाहहरूको आगमन, गए, गुमे, मिचेको जमिन फिर्ता नमाग्ने सहमति

बापत प्राप्त कमिशनको भाग छ ।

तोरबडा – लैजाऊ भित्र ! (उसले उचाल्न सक्तिनँ। एखुले पुऱ्याइदिन्छ । उसले भन्दै जान्छ ।) मोटु । यस पैसालाई डलर र पौण्डमा साटिदेऊ हिरा जवाहरात र सुन पनि लिइदेऊ । बडा दादाको जहाँ जसरी भएको छ त्यसैगरी गरिदेऊ ।

मोटु – हुन्छ ! हामी गरिहाल्छौं । ए ! साँच्चै !! तपाईंले कहिले काहीं देश, राष्ट्र, जनसेवाका कुरा गर्नु हुन्छ ? हाम्रो काम त त्यो होइन नि । किन बोल्ने त्यस्तो ? झुट र ढाँटमात्र भइन्छ । हाम्रो काम त मित्रको स्वार्थका लागि उसको सहयोगमा मोज गरी पैसा कमाउनु छ – अथाह पैसा । यहाँका जनता भेंडा बाखा हुन् बाघ भएर रजाई गर्नुपर्छ – गरौं ।

एखु – ठीक हो, ठीक । पैसा भएपछि संसारमा जहाँ बसेपनि हुन्छ, बसेपछि त्यहीं राष्ट्र सुरु हुन्छ । हाम्रो उद्देश्य र राष्ट्र – 'पैसा' हो । (माथिबाट एउटी युवती विभिन्न रङ्गका बोतलहरू विभिन्न परिकारका मासुहरू काजु, पेस्ता, बदामभरि किस्ति लिएर झर्छे । अर्की गिलास, पानी बरफ लिएर आउँछे । सबैले इच्छाअनुसार झिक्छन्, पिउँछन्, खान्छन् । हाँसो, ठट्टा, मस्करी, ठूला-साना, खुला-गोप्य सब चल्छन् । तेस्रो तलामा नाच, गान, बजान भइरहेछ – अर्द्ध र पूरा नाङ्गिला युवतीहरू नाचिरहेछन् । युवकहरू वयस्कहरू मिस्सिइरहेछन् । अरुअरु पनि थपिदै जोडी जोडी भएर बाँधिदै-फुक्दै नाचिरहेछन् ।)

तोरबडा –हेलो । ए तिमी ! भन के भो ? (पिउँदा पिउँदा लड्दिएर झुल्दै शीतलीलाई काखमा च्यापेर चुम्दै भन्छ) भन छिटो ।

पाँणु – आजै अहिले एघार बजे भानु, सिन्धु, इन्दु, मित्रुका घरमा हाम्रो जत्थाले आक्रमण गऱ्यो । लोग्नेहरू सबैलाई सिद्धायो, आइमाईहरूलाई चुल्ठा फुकाएर चुल्ठैले थाममा बाँधेर बलात्कार गऱ्यो, आजसम्मको रिस सबै पोखेर धन सम्पत्ति लिएर आउन सफल भयो ।

तोरबडा – स्याबास । यस्तै हुनुपर्थ्यो, भयो । तिमीहरूलाई एकएक लाख रुपैया र भोलिको र तलाई एकएकवटा तरुनी – इनाम । म ? ..... म शितलीसँग । मेरी खुस्बू आज बडादादाको सम्मान गर्दैछन् । अब आराम गर । स्याबास !! स्याबास !!! (सुनसान बढ्छ, हल्ला घट्छ, बत्ती निभ्छ ।)

– पर्दा खस्छ –

**दृश्य :– चतुर्थ**

स्थान: न्यायी चौतारी ।

समय: बिहान सातबजे ।

(चौर भरी जन समाज जम्मा छ, आइमाई लोग्ने मान्छे । चौतारीमा जन न्यायालय बसेको छ । चौतारीमुनि तोरबडो नेल हत्कडीमा मोचा, दानु, जीनु, कुशु, पाँणु, हत्कडीमा पहराको घेराउमा उभिएका छन् । सबैको ध्यान जन न्यायालयमा केन्द्रित छ ।)

मुक्ति – देशघाती, जनघाती, आततायीहरू आज जनताका कब्जामा छन् । न्यायालयले उनीहरूलाई अपराध अनुसार ज्यान सजाय देओस् ।

जुक्ति – यिनीहरूलाई फाँसी दिइयोस् । अहिल्यै !! यही !!!

वीरभद्र – सच्चा देश र जनभक्त 'भानु' लाई मार्ने हत्यारालाई फाँसी दिइयोस् । देश विदेशमा रहेको सम्पत्ति जफत होस् ।

समसुर –बडो दादा नामक आततायी उपर के कार्यवाही भयो ? सुनाइयोस् । (यस्तै यस्तै प्रस्तावहरू मिसिदै आउँदै छन् ।)

भवानी – सुन्नुस् ! जनताको न्यायालयको फैसला !! (समाज धैर्य भएर सुन्न थाल्छ ) बडो दादा र उसँग विदेशिएकाहरूलाई केन्द्रले राष्ट्रकै अपराधी घोषित गरिसकेको छ । उनीहरू र उनीहरूको सम्पत्तिलाई फिर्ता माग्न सम्बन्धित देशसँग कुरा भइराखेको छ । आए पछि राष्ट्र र जनता विरोधी

तत्त्वको नाइकेलाई जनसमाजले बनाएको ऐन कानूनअनुसार कडा सजाय हुनेछ । तारबडा र निजका सहयोगी जो, यहाँ अगाडि अपराधीको हैसियतमा छन् यस समाजसँग माफी माग्दै आज अधिका अपराधप्रति पश्चाताप गरेकाले 'हामी सबैको सामु मातृभूमिलाई ढोगाई माफी दिने र उनीहरूका परिवारलाई खान पुग्ने छोडी बाँकी सम्पत्ति जफत गर्ने । अनि, बाह्र वर्षसम्म – तोरबडा, पाँणु, जिनु, खुस्बूहरूले बाग्मति, विष्णुमति, यद्रमति, रुद्धमति नदीमा, नदी किनारमा जम्मा गरेको फोहोर तथा पानी खनी, झिकी बगाई सफा गर्नुपर्ने फोहोर उठाउन आउने गाडीका पछिपछि फोहरको डोको बोकी जाने-फाल्ने गाडीसँग फर्किने गर्नु पर्ने । दानु, मोटु, एखु, कुशुहरूले देशभित्याइएका परचक्री विपरीत स्वभाव र चरित्रहरूलाई खोजी खोजी लगी सिमाना कटाउने । बेनु, ओमु, मोचा, खुस्बूहरूले सगरमाथा हिउँचुलीहरूमा थुप्रिएको फोहोर बटुली बोकी त्रिशुलीको किनारमा ल्याई गाड्ने काम गर्नु पर्ने । नगरे वा बीचैमा छोडेमा तोरबडोलाई बीसवर्ष कैद अरूलाई बाह्रवर्ष कैद हुने फैसला भएको छ ।

(जन समाजबाट ! हामी मान्दैनौ फाँसीभन्दा तलको सजाय मान्दैनौं । आवाज घन्किन्छ- समाज उठ्छ । तोरबडोतिर बढ्न खोज्छ मुठी, मुडकीका हात उठाएर बढ्न खोज्छ ।)

कालीश्री - आफूले गरेका अपराधप्रति पश्चात्ताप गरी माफ मागेकोले माफी दिउँ, जिद्दी नगरौं । हामी देशभक्त, जनसमाज भक्त सेवक हौं मानव धर्म पनि पालन गरौं ।

(सबै आ-आफ्नो ठाउँमा बस्छन् । उनले ईशारा गर्छिन् ।)

तोरबडा – मैले आजसम्म मातृभूमि र जनसमाजमाथि जे जस्ता अपराध गरें - गराएँ त्यसमा मलाई पश्चाताप छ । म प्यारी मातृभूमि र नपाइँहरू जनसमाजसँग माफी माग्छु - माफी पाऊँ । म तोरबडा मातृभूमि नेपाललाई ढोगेर क्रिया खान्छु कि, अब उप्रान्त जन न्यायालयको फैसला मान्दै मातृभूमिको रक्षा, जनसमाजको इज्जत र न्यायलाई सुरक्षित पार्ने कामलाई आफ्नो 'दायित्व' को रूपमा परिपालन गर्नेछु । (यही कुरा उसका सहयोगी सहभागीले पनि दोहाऱ्याउँछन् ।)

प्रकाश – माफी दिनुस् । माफी !! हामी फैसला कार्यान्वयन गर्छौं । (समाजबाट आवाज आउँछ – 'मन्जुरी छ ।' ताली लागेर समर्थन पनि आउँछ ।)

बहादुर – सबैलाई धन्यवाद । अब हामी भैरव भएर मातृभूमि - नेपालको रक्षा र विकास गरौं । महाकाली भएर मित्र तथा बाहिरका आततायी राष्ट्रका दुश्मनहरूको नाश गरौं । सरस्वती भएर जन न्याय र उन्नतिका लागि सबैसँग सबैभएर सबैले पौरख गरौं, गरेर खाउँ, खाएर बाँचौं, आफ्नो दायित्वको सधैं परिपालना गरौं । 'जय आमा नेपाल' देशभक्तिको गीत गाउँ ।

(जनसमूहबाट एकसाथ 'जय आमा नेपाल' गीत गुञ्जिन्छ । उनीहरू फैसला कायान्वयनका लागि सम्बन्धित ठाउँठाउँमा पठाइन्छन् ।

– पर्दा खस्छ –


विजयादशमी तथा शुभ-
दीपावली २०५९ को
उपलक्ष्यमा समस्त नेपालीमा
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

**नेपलिज एजेन्सिज प्रा.लि.**

कमलादी, काठमाडौं
फोन नं. २२६६०३

## गजल

❑ रासा

आधी बाटो हिँडेपछि फर्किगयौ तिमी ।
आँसु बनी आँखाबाट दर्किगयौ तिमी ।

हेर्यें तिम्रो मुहारमा प्रतिबिम्ब आफ्नो ।
तर आज ऐनाजस्तै चर्किगयौ तिमी ।

माया भन्ने कुरा पनि पानी जस्तो रै'छ,
प्यास पूरै मेट्न खोज्दा सर्किगयौ तिमी ।

जीवनमा साथी यौटा भेट्टाएकै हो नि,
त्यहीसित बात मार्दा तर्किगयौ तिमी ।

'रासा'लाई नअँगाली कहाँ जान्छ्यौ अब,
अँगालोमा खूब कस्दा लर्किगयौ तिमी ।

**पशुपति, देवपत्तन**

## हिजडा नाच र कम्मर भाँच

❑ नारायण "गोदारे"

आउनुहोस् म मादल ठोक्छु
तपाईं मुर्चुङ्गा रन्काउनुहोस्
साइँली र माइली मारूनी गाउँछिन्
नेताजी द्यौसी भट्टाउनुहोस्
सक्नेले ढोल र दमाहा बोक्नुहोस्
नसक्नेले ट्याम्को ठोक्नुहोस्
लौ सबै दर्शक र श्रोतागण आउनुहोस्
तपाईं हामी हिजडा नाच नाचौं
कम्मर भाँचौं सर्वाङ्गै उदाङ्गिऊँ
हाम्रो देश खुल्लम् खुल्ला छ
राजनीति गरौं/भाषण ठोकौं .....
लौ आउनुहोस् .....।

**सरस्वतीनगर**


विजयादशमी तथा शुभ-दीपावली २०५९ को शुभ उपलक्ष्यमा हाम्रा समस्त ग्राहकवर्ग तथा शुभेच्छुकहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल खानेपानी संस्थान**

**त्रिपुरेश्वर, काठमाडौं**



गुद्ध जडिबुटीहरूद्धारा निर्मित तथा सधै सबैका लागि स्वास्थ्यकर एवं कास, श्वास, प्रतिश्याय (रुघा) आदिमा समेत उपयोगी सिंहदरवार वैद्यखानाको तुलसी चिया नियमित रूपमा पिउने गरौं ।

*For Good Health*
A product of
Singhdurbar
Vaidyakhana
Vikas Samiti

उत्पादक

श्री ५ को सरकार, स्वास्थ्य मन्त्रालय
सिंहदरवार वैद्यखाना विकास समिति
फोन नं ४२११७४, ४१२२६० फ्याक्स : ४२३७८१

# पर्खिरहेछु तिमीलाई

❑ आर.पी. दाहाल

जस्तो तिमीलाई रहर मलाई उस्तै रहर
सँगै डुल्ने रहर सँगै भुल्ने रहर.....

आहा ! कति उत्सुक थियौ तिमी त्यो दिन । मैले बिर्सिएको छैन । त्यो दिनको त्यो तिम्रो रहर व्यक्त गर्ने ममा साघन छैन । अनि हाँसैहाँसोमा मैले भनेको थिएँ -

एकै नजरमा माया बस्यो है लुकिछिपी हेरिदिनाले.....

ती रमाइला छणहरूका रेखाहरू पूर्ण नहुँदै केही दिनपछि नै तिमीले मलाई संकेत गरेकी थियौ-

तिम्रो प्यारो मायाबाट धेरै टाढा जाँदैछु,
बैंसमा फुल्ने मुटुलाई आफैँसँग लाँदैछु ।

तर तिम्रो त्यो भनाइलाई मैले पत्याएको थिइनँ । बेमौकाको बादल नलगाउन यहाँ भनेर । त्यसबेला मैले दिएको उत्तरमा तिमी मौन बसेकी थियौ । तिमी मनका रहरहरूलाई छोपी, लाजरूपी घुम्टो ओढेर कति सर्मिएकी थियौ आफ्नो कुरा भन्नलाई । मेरो एकोहोरो कचकच र जिद्दीले तिमीलाई चुपचाप नै बस्न दिएन । अनि कठोर भएर तिमीले प्रत्युत्तर दिएकी थियौ-

यौवनका रहरहरू कर्कलाको पानी
चुँडिएर बाँच्नु पर्ने कस्तो जिन्दगानी !

तिम्रा यी वाक्यहरूले मलाई भावुक बनाएको थियो । भावनामा नै मैले तिमीलाई चाहिने भन्दा बढी भनेको थिएँ । यी आवेगहरू सायद मेरो तिमीले मन पराइनौ क्यारे ! त्यसपछिका भेटघाटका अवसरहरू निकै छल्लिन र लम्बिन थालेका छन् । निकै लामो समयको अन्तरालपछि त्यो मेरो कार्यक्रमलाई सफल पार्न तिमीले मलाई निकै ठूलो साथ दिएकी थियौ । जसले गर्दा तिम्रो र मेरो सम्बन्धमा अरू आत्मीयता प्रकट हुनपुगेको थियो । जे भन्ने रहर थियो त्यो तिमीमा प्रकट हुन सकिरहेको थिएन । तर तिम्रो आकृतिमा स्पष्ट झल्किरहेको थियो -

हुँदैन टाढा मन परेपछि नजिक त्यो हुन्छ.....।

त्यसबेलाका यी सबै सुमधुर क्षणहरू सङ्गालेर बसिरहेकै बेला तिमीले मलाई टिलपिल टिलपिल भई छल्किन लागेका आँसुहरू पचाएर भनेकी थियौ-

झस्केर दुःख्छ यो मुटु मेरो कसैको यादमा.....।

तिम्रा यी अन्तर्व्यथाहरू मलाई भन्न नसकेर घुमाउरो भाषामा भन्न खोजेका कुरा तिम्रै सहकर्मीद्वारा मैले थाहा पाइसकेको थिएँ । मेरो देश र मेरै भेषबाट तिमी विदा हुन लागिरहिछौ पराइ देश जान । अनि पछिका हाम्रा दिनहरू खजमजिएका थिए । गुजुल्टिएका थिए । पीडा व्यथा पोखिँदै थिए । दिनरात छुटिन गाह्रो भएको थियो । तिमीले भनेको म संझिँदै थिएँ-

तिमी मेरो दिन हौ कि रात हौ मैले केही जान्न सकिन्न.....।

विदेश जाने धुनमा तिमीले मेरो स्थितिलाई बुझ्ने प्रयास गरिनौ या गऱ्यौ म भन्न सक्तिनँ । अनि तिमी जान लागेको, तिम्रै इच्छाअनुसारको आफन्त र आफ्नै ठानेको ठाउँमा जाने तिथिमितिहरू म गन्दै थिएँ । त्यो दिन त्यो तारिख, तिम्रो लागि नआवस् भन्ने कल्पना गर्न र त्यो दिनको संस्मरण गर्न बाहेक अरू मेरो के हुन सक्थ्यो र !

फेरि आयो त्यो कालो रात निष्ठुरीको लिएर सझना.....।

समयले त्यो दिन, त्यो क्षण भिऱ्याइदियो । मलाई खबर नै नगरी हस्याङ्फस्याङ्का साथ सुटुक्क एयरपोर्ट पुगेकी थियौ तिमी । आफन्तहरूसँगको स्नेहमा लफ्क्क भिजेको मायालु मनसँग विदाइ लिएर आफन्तहरूकै माझमा थाइ एयरलाइन्स समात्न तिमी एयरपोर्ट पुगेकी थियौ । म मेरै काम पारेर भए पनि तिमीलाई विदा गर्न चुपचाप पुगेको थिएँ । अनि आफन्तहरूलाई छलेर तिमीले मसँग गरेका वाचा बन्धनहरू । घण्टौंसम्मका अन्तर्मनका व्यथाहरू बिर्सिने पो हो कि ! भन्ने मेरो वाक्यांशलाई थाम्न नसकी आँसुका थोपा टप्काउँदै भनेकी थियौ -

बिर्सौं कसरी ?

म सपनाभरि छु म विपनाभरि छु,

कतै संझियो भने म याद भरि छु ।

के तिमीलाई ती क्षणहरू ती तिम्रा मार्मिक भावहरू अझै याद छन् । अनि तिमी वायुयान चढेकी थियौ रित्तो मन र शून्य आँखा लिएर । अनि त्यो वायुयान सुन्दर उपत्यकालाई विचरण गर्दै आफ्नो यात्रालाई अगाडि बढाउन थालेपछि म फर्किएको थिएँ - ती क्षणहरुलाई संझदै म ट्याक्सीमा चुपचाप बसिदिएँ । ट्याक्सीमा क्यासेट घन्किरहेको थियो -

वनै खायो डढेलोले, मनै खायो त्यै मोरीको पापी मायाले .....।

वसन्तका किरण छरिएझैं अहिले तिमी बेलायततिर छरिएर रहेकी हौली ? मेरा देशका लहरा पहरा, छहरालाई त्यो बेलायतको जेर्दा फोहोरा, रोलेकस कम्पनीको 'फूल' घडीले तिमीलाई विर्साइरहेको होला ! त्यतिमात्र कहाँ हो र । सुन्दरी निना, चिटिक्क परेकी मार्टिन, छाँट परेकी लिली, परासिली केली, मसक्क मस्कने रोजी, लोभ्याउँदी क्रिष्टिना, टाठी बाठी रान्जेला, मृदुभाषी लिन्दाले के तिमीलाई मेरो देशकी शोभा, सुजाता, सुष्मा, शक्ला, सहितालाई संझने फुर्सत दिएका होलान् ?

मैले सोचेको छु - जीवन त्यस्तै मिलन रहेछ । यस्तै विछोड रहेछ-छुट्टिएपछि अर्को जीवन यस्तै सजिलैसित ग्रहण गर्न सक्नुपर्ने रहेछ । सल्लाह पनि त मलाई तिम्रो त्यही थियो । मैले नभुलेको भए होइन र ? तर यो कुरा कहिल्यै नबिर्स तिमी । दशैंको जमराले, तिहारको मखमलीले, पहाडको लालीगुराँसले उपत्यकाको सुन्दर फाँटले, तिमीलाई संझिरहेछ यो देश तिम्रो हो । आफ्नो देशको प्रतिभालाई पलायन नगर । यसै देशको सेवामा आफूलाई समर्पण गर भन्दै मेरो देश तिमीलाई भनिरहेको छ-

चाँडै आऊ है .....।

अचेल तिमी त कहिले-कहिले विटलसङ्गित सुन्न नाइटक्लव जान थालेकी छौ रे ! तर त्योभन्दा मेरै हिमाली भेगमा रहेको डाँफे र मुनालका भाकामा गाएका लोकगीत, तिम्रो त्यो विटलसङ्गित भन्दा के कम छ र ?

तिरीरी मुरली बज्यो वनैमा लौ माया नमारे,

कस्तो यो संझना मेरो दिलैमा लौ माया नमारे ..... ।

अस्ति मात्र तिम्रो साथी रोजी र लिलिलाई मेरो देशमा भेटेको थिएँ । के तिम्रो कुरा कोट्याउन मात्र खोजेको थिएँ, मुटुमा चोट नै लाग्ने गरी नेपालीप्रति घृणा गरेको सुन्दा त मलाई लाग्यो- तिमी चाँडै फर्किहाल । आफ्नै अस्तित्व र मातृत्वलाई अवमूल्यन नगर । मेरो यही समाचार छ तिमीलाई । रोजी, लिली र केलीले सबै मेरा देशका समाचारहरू पोको पारेर ल्याएका छन् सुन्ने धैर्य गर । बिर्सने कोसिस नगर । फर्क मेरो देश पर्खिरहेछ तिमीलाई ।

साँझको जूनसँगै आउँछौ तिमी भनेर

टोलाइरहन्छु आकाशमा रातको तारा गनेर ।

□□□

कविता

# म ढुक्क छु यसपालि

❑ हरिशरण ढुङ्गाना

जडाउरी थाङ्ने गुनिउँ चोलो पहिरेर
च्यातिएको आँचल सप्को हाल्दै
सुँक्क सुँक्क गरेकी सान्नानीको आँशु पुछ्नुपरेको थियो
म ढुक्क छु यसपालि
तनखा मेरो चार सय बढेको छ ।

छोरो कचौरा बजाएर
छोरी गिलास समाएर
नाति र नातिना आँ गर्दै उफ्रिए पनि
आकासिएको महङ्गीमा गृहसङ्कट टार्नुपरेको थियो
म ढुक्क छु यसपालि
तनखा मेरो चार सय बढेको छ ।

आँखीझ्याले जुत्ताबाट
दसैऔंला चियाउँदा पनि
टोपीको बीट र कमिजका बाहुला झुन्ड्रिंदा पनि
दिन-रातको पसिना बगाइमा
लाला र बालाका आँतहरूको श्राप सुन्नुपरेको थियो
म ढुक्क छु यसपालि
तनखा मेरो चार सय बढेको छ ।

भाडा घरको, बसको, यस्तै-यस्तै
सबथोकको बढेको थियो
कार्यबोझ अनि जोश-जाँगर बढेको थियो
हिसाब मिल्दैन कि भन्ने चिन्ता थियो
जे होस् म ढुक्क छु यसपालि
तनखा मेरो चार सय बढेको छ ।

भन्थे चाकडी र चाप्लुसीका सूत्रहरूमा
लत्ता-भत्ताका हिसाबहरू मिल्दछन्
क्यालेण्डर फेरिएको छ
जतातत्तै सङ्कटकाल घेरिएको छ
'हामी होइन, एक्लै बाँच्' मन्त्र बनेको छ
फाटेको मन टालटुल गरेर
परिवार नै पाल्नुपरेको थियो
भन्नु हुँदैन- 'थुक्क !'
म ढुक्क छु यसपालि
तनखा मेरो चारसय बढेको छ ।

यो वा त्यो काम
जुन काम पनि सुल्ट्याउन
कमिसनको खेल थियो
पैसा साट्न कमिसन
पैसा कमाउन कमिसन
पैसा खर्चिन कमिसन
घर बनाउन कमिसन
देश बचाउन कमिसन
जतातत्तै बढेको थियो- 'साला' कमिसन
म ढुक्क छु यसपालि
तनखा मेरो चारसय बढेको छ ।

होइन मैले व्यङ्ग्य गरेको
इज्जत, मान र मर्यादा बढेको छ
आवश्यकता जति नै थुप्रियोस् न
म ढुक्क छु यसपालि
तनखा मेरो चार सय बढेको छ ।

तनखा बढ्यो !
घरमा ख्वा/बाटोमा ख्वा
घाटमा ख्वा/कार्यालयमा ख्वा
क्याम्पसमा ख्वा/भाकल छ देवतालाई ख्वा
ख्वा भन्नेको सङ्ख्या बग्रेल्ती छन्-
तर, म ढुक्क छु यसपालि
तनखा मेरो चार सय बढेको छ ।

जोरपाटी-१, काठमाडौं

# 'भोकयुद्ध' लाई हेर्दा

❑ डा. दामोदर ढकाल

प्रकृतिको धर्म नै हो नयाँ सृजना, नयाँ रचना भावनाको उदय हुनु। कतिपय वस्तु पुराना लोप हुँदै जानु अथवा भनुँ परिवर्तन देखिनु। हुन त प्रकृतिको मूल गुणमा परिवर्तन हुँदैन। केही पुराना जीवहरू वातावरणका कारणले प्रकृतिबाट लोप भएर गएका छन्। केही नयाँ जीवको उदय भएको होला जे भए पनि सृष्टिदेखि नै प्रकृतिमा अन्य प्राणीभन्दा मानिस भिन्न छ। मानिसमा विवेक र कल्पना छ। त्यही कल्पनाका कारणले मानिसले प्रकृतिमा जे देख्छ, त्यतिमा मात्र सीमित नरहेर त्योभन्दा एक पाइलो अघि बढ्छ र मानिसले प्रकृतिमा जे हुन सक्छ, त्यसको समेत पूर्व कल्पना गर्न सक्तछ।

यस्तै कल्पना गर्ने क्रममा हाम्रा पूर्वजहरूले धेरै कुरा कल्पना गरे। स्वर्ग, नर्क, पाप, पुण्य, दान, धर्म, सुख, दुःख आदि। यसै क्रममा कतिपय वस्तुगत तथ्य र कतिपय काल्पनिक कुरालाई समेत लिपिबद्ध गर्न सफल भए। यसै क्रममा श्रुति परम्परामा लामो समयसम्म रहेका कतिपय मन्त्र, यन्त्र, तन्त्र आदिलाई ऋचामा आबद्ध गर्न सफल भए। कतिपय नयाँ सृजनाहरूलाई आख्यानमा बाँध्न सके। त्यस्तै कतिपय यथार्थता वा काल्पनिकतालाई भिन्न-भिन्न शैलीमा उपनिषद्मा निबद्ध गर्न सफल बने। कल्पना र सृजना प्रकृतिको निरन्तरता भएको हुनाले वाल्मीकिले आदर्श मर्यादापुरुष रामको परिवारको आजीवनको वर्णन रामायणमा समावेश गर्न सफल भए। वेदव्यासले महाभारत, पुराण आदिमा अनेकौं कथाहरूलाई नयाँ शैलीमा सृजना गरेर समाजलाई दिन सफल भए। विभिन्न राष्ट्रका अनेकौं सर्जकहरूले नयाँ नयाँ कल्पना र सृजना गर्दै विभिन्न भाषामा अनेकौं भावनाहरू छोड्दै यस संसारबाट विदा भए।

साहित्यका अन्य विधाका तुलनामा कथा विधा धेरै फैलिदै गयो। रामायण, महाभारत पुराणहरूका कथा विधि-विधानसहित यज्ञ मण्डपै स्थापना गरेर सुन्ने सुनाउने चलन बस्यो। कथा सुन्दा धर्म हुन्छ भन्ने भावनाको विकास भयो र एकातिर धार्मिक कथाको संज्ञा दिइयो। अर्कातिर दन्त्य कथा, लोककथा, तिलस्मी, जासुसी कथा, ऐतिहासिक कथा, सामाजिक कथा, तोतामैना, लैलामजनु, अकबर वीरबलकथा आदि अनेकौं कथाहरू नेपाली भाषामा लेखिए भने संसारका सबैजसो प्रसिद्ध भाषामा कथा लेखिए र लेखिँदै छन्। यो प्रकृतिको नियमै हो। सृजना कहिलै बन्द हुँदैन।

प्रसङ्ग छ यहाँ 'भोकयुद्ध'का लेखक श्री कपिलदेव लामिछानेद्वारा लेखिएका यसभन्दा अघिनै लामिछानेका 'काले कुकुर', 'अक्षर', (बालकथा संग्रह), 'मरुभूमिका पोथ्राहरू', 'अन्यथा' जस्ता कथा संग्रहहरू प्रकाशित भइसकेका छन्। सहलेखनमा पत्रकारिताको रूपरेखा समेत लेख्ने लेखकका विभिन्न पत्र-पत्रिकामा कथा, कविता, समीक्षात्मक लेखहरू प्रशस्त प्रकाशित भइसकेका छन्।

प्रस्तुत कथा-संग्रहका कथाहरू पनि कतिपय विभिन्न पत्र पत्रिकामा प्रकाशित भइसकेका हुन्।

कथा लेखन एक साधना हो र हो तपस्या। लेखकले उक्त साधनाबाट सफलता प्राप्त गरेको देखिन्छ। सकभर थोरै शब्द प्रयोग गरेर कथालाई

पूर्णता दिनसक्नु कथाकारको विशेषता हो ।

डा. कृष्णचन्द शर्मा (भण्डारी) को समीक्षा, ठाकुरप्रसाद पराजुलीको शुभकामना, मोहन दुवालको प्रकाशकीय लेख र लेखकको लेखकीय भनाइसहित जम्मा ८६ पृष्ठमा कथाहरू र १० पृष्ठमा अन्य सामग्री रहेको यो कथा संग्रह २०५७ साल असोजमा प्रकाशित कृति हो । साहित्यानुरागी सहृदयी पाठकवृन्दलाई यस कथासंग्रहले प्रभावित पार्ने छ।

कथाहरू केही लघुकथा भित्र पर्ने खालका छन् भने केही मझौला खालका छन् । सबै कथा लेखकद्वारा आफै अनुभव गरेका विषयवस्तुलाई नै कथा सामग्रीका रूपमा प्रस्तुत गरिएको छ । शीर्षक अनुसार कथा सार्थक छन् र प्रभावोत्पादक पनि छन् । मत्स्य-न्यायका आधारमा चलेको समाजलाई प्रतिबिम्बित गरिएको छ । चाँदनी बज्राचार्यको आवरणकलाले प्रकृतिको यथार्थतालाई प्रस्तुत गरेको छ । केही कथाले राजनीतिक पार्टी विशेषलाई लक्षित जनसमक्ष देखाउने चेष्टा गरिएकेछ । खासगरी कांग्रेस पार्टीको नकारात्मक पक्षलाई जनसमक्ष देखाउने चेष्टा गरिएकोछ । केही कथाले जुन रफ्तारमा जनसंख्या वृद्धि हुँदै गइरहेको छ, यदि यही अवस्था अझै केही समय पृथ्वीमा रही रहेमा मानिस बाँच्नका लागि कुकुरको मासु पनि काँचै लुछ्न पर्ने स्थिति आउन सक्ने कुरालाई कथाका माध्यमबाट लक्षित गरिएको छ ।

सरल भाषा, सहज शैली, र समाजका विभिन्न घटनालाई कथा विन्दुका रूपमा लिएर लेखिएका कथाहरूको सँगालोको रूपमा प्रस्तुत कथा-संग्रह नेपाली साहित्यको श्रीवृद्धि गर्नमा महत्त्वपूर्ण टेवा पुऱ्याउने छ । समाजमा रहेको अन्याय, अत्याचार, शोषण, दमन बौद्धिक विचलन आदिलाई कथाका माध्यमबाट छर्लङ्ग पार्न खोजिएको छ । समाजका विभिन्न घटनाले लेखकलाई कसरी प्रभावित पार्दछ भन्ने कुरा यस कृतिमा समावेश गरिएका शीर्षकहरूले प्रष्ट पारिरहेका छन् ।

कतिपय विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित एवं साहित्यक गोष्ठीहरूमा वाचन गरिएका कथाहरू संकलन गरी भोकयुद्धका नामले जनसमक्ष प्रस्तुत भएको यस कृतिमा चौबीसवटा कथाहरू संकलित छन् । जसमध्ये 'भोकयुद्ध' अति यथार्थवादी दर्शनसँग आबद्ध हुन पुगेको छ । विप्लव र सुपरमानिमा विज्ञानसँग सम्बन्धित हुनपुगेका छन् । अन्यकथाहरू सामाजिक, राजनीतिक तथा मनोवैज्ञानिक छन् । लेखन-शैली ययार्थवादी तथा व्यङ्ग्यात्मक छ । प्रस्तुत कथा-संग्रहमा आबद्ध कथाहरूको सूक्ष्म सारांश निम्नानुसार छ :

'अन्य मनस्क' कथामा जब-जब देशमा जन आन्दोलन हुन्छ, तबतब राजनीतिक नियुक्ति पाएका वा सत्तामा बसेर समानताको व्यवहार नगर्ने कर्मचारीहरूको मनस्थिति कस्तो हुनपुग्छ भन्ने यथार्थलाई देखाइएको छ ।

'श्यामचरण काका' शीर्षकमा भारतले नाकाबन्दी गरी पेट्रोलियम पदार्थ ल्याउन रोक लगाउँदा सीमा इलाकाहरूमा हुने चोरी निकासीका बारेमा उल्लेख गरिएको छ ।

'अतिथि परिवार'मा गाउँलेलाई दुःख दिएका घटना देखाएर देशका नेता र तिनको चरित्रको वर्णन गरिएको छ र अन्त्यमा गाउँले मिले अरू कसैको षड्यन्त्रले काम नगर्ने संकेत दिइएको छ ।

'आतङ्क'मा मानिसलाई धनदौलतले शान्ति मिल्दैन, आफन्त पनि धनदौलत लिनका लागि मात्र हुन् र कसैले पनि आपत् पर्दा हेर्दैनन् भन्ने वैराग्य-विचारलाई सहज शैलीमा प्रस्तुत गरिएको छ ।

'रेडियो काका'मा हिजोका अधिकांश पञ्चहरूको भीड अहिले कांग्रेसमा थुप्रिएको छ

र त्यही पार्टीले अन्य पार्टीका व्यक्तिहरूलाई हत्या समेत गरिरहेको छ भन्ने संकेत पाइन्छ ।

'घर/घाट'मा सानातिना लोभमा परेर मानिसले आफ्नो सिद्धान्त नै परिवर्तन गर्न नहुने कुराको जानकारी गराइएको छ । 'महासमर' कथामा प्रजातन्त्र ल्याउनका लागि निस्केको जुलुसले आतङ्कित बनेका पंचायत-समर्थक व्यक्तिको मनस्थितिलाई मनोविश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको छ । 'पाल्तु कुकुर'मा आन्दोलनमा सहभागी हुन जाने व्यक्तिहरूलाई निर्धारित समयमा त्यस ठाउँमा पुग्न नदिन सरकारले के कस्ता अलमल्याउने उपाय रच्दछ भन्ने कुरा उल्लेख गरिएको छ । 'सुपरमानिमा ००९'मा परम्परागत मूल्य र मान्यताप्रति विज्ञान कसरी आक्रामक भएर आएको छ भन्ने संकेत देखाइएको छ ।

'मान्छे र मम' कथामा एउटा गाउँबाट सहरमा काम खोज्न हिँडेका केटाले सहरमा कतिसम्म दुःख पाउँछ भन्ने यथार्थ चित्र खिचिएको छ ।

'शङ्कास्पद व्यक्ति'मा पञ्चायत ढल्ने बेलामा नयाँ व्यक्ति टोल छिमेकमा देख्दा पुलिसलाई सुराक दिन जानेर पुलिसले पनि शङ्कास्पद व्यक्तिलाई बिना प्रमाण गिरफ्तार गर्ने गरेको प्रसङ्गलाई आकर्षक शैलीमा प्रस्तुत गरिएकोछ ।

'भोक युद्ध'मा मानिस जब अत्यन्तै भोकाउँछ, त्यसबेला बाँच्नका लागि बाटामा फालेका केराका बोक्रा र रछ्यानमा फालेका जुठा टपरीसमेत चाटेर पेटको आगो निभाउनु पर्छ र काग, कुकुर आदिसँग लडाई गरेर भए पनि बाँच्नुपर्छ । बाँच्नु जिन्दगी हो र बाँच्नका लागि नै संघर्ष गरेर मानव समाज आघि बढ्दै छ भन्ने व्यङ्ग्य समेत प्रकट गरिएको छ । संसारका अनेकौं युद्धहरू भोक कै कारणले भएका छन् । सृष्टिको आदिकालदेखि नै मानिसले भोक शान्त गर्नका लागि प्रकृतिसँग लडाइँ गर्दै आएको हो र त्यो लडाइँ अद्यावधि छँदैछ र भविष्यमा झन् चर्को रूपमा रहनेछ भन्ने निष्कर्ष यस कथाले दिएको छ ।

'सहिदको रगत' कथामा भारी बोकी जीउ पाल्नेहरू जन आन्दोलन हुँदा काम नपाएर खान नपाएर कसरी सडकमा रगत चाट्दै आफै सहिद हुन पुगे भन्ने विषयलाई संस्मरण गरिएको छ ।

'भ्रमित'मा आफ्नै मनका शंकाले मानिसलाई कहाँसम्म सोच्न बाध्य तुल्याउँछ र उही रूपलाई आफ्ना मनका भावनानुसार कसरी हेर्ने गरिन्छ भन्ने कुरा मनोवैज्ञानिक शैलीमा प्रस्तुत गरिएको छ ।

'साहेब' कथामा पुलिसले अवैध धन्दालाई कसरी रोक्न खोज्छ, ऊ आफैं के गर्छ र कथनी र करणीमा कति अन्तर छ भन्ने यथार्थलाई प्रस्तुत गर्नु कथाको मूल उद्देश्य हो भने गौण रूपमा एउटै परिवारका व्यक्तिको चरित्रमा आदर्शमा सोचाइ र चिन्तनमा झनै झनै समानता रहन्छ भन्नखोज्नु रहेको छ ।

'विप्लव' मा आधुनिक यन्त्रमानव पात्र राखेर लेखकले परापूर्वकालदेखि शासन गर्दै आउनेहरूलाई शासित र शासित वर्गलाई शासक बनाएर समाजमा परिवर्तन गरेर देखाएका छन् ।

'अलिखित' कथामा तीन प्रकारका नेपाली नारीहरूको संकेत देखाइएको छ । एक थरी गाउँमा भारी बोक्ने र कामगरी खाने साधारण वेशभुषा र दुब्लो पातलो स्वरूप बिताउने । अर्काथरी सहरमा घरभित्रको काम र अफिसको काम गरी पेट न भरिए पनि बाहिर चिटिक्क परेर हिँड्नु पर्ने । तेस्रा थरी पहाडबाट बाहिर हेर्न र हिरोइन बन्न हिड्नेहरू जुन भारतका विभिन्न गल्लीमा सड्नु परेको छ र नारकीय

जीवन विताउन बाध्य भएका छन् ।

'मानसिंह' जुन मगनसिंह सात क्लासमा पढ्दा भाँडो चोरेर भाग्दा पक्डिएकोमा वकिलले सानो भएको कारणले मुद्दा न चलाउनु राम्रो हो भन्ने सुझावले छोडिएको केटा तीन वर्ष पछि दुई नम्बरी धन्दाबाट अकूत धनको मालिक भएको देखेर वकिल आश्चर्यचकित परेको र आफ्नो पेशालाई प्रश्न वाचक चिन्हले हेर्न बाध्य भएको देखाएर यस समाजमा जसले कर्तव्य पथमा हिँडेर नैतिकतामा बाँच्ने प्रयास गरेका छन्, तिनको दशा दयनीय र दुई नम्बरी गर्नेको दशा सुदृढ देखिएको हुनाले के नैतिकतामा रहनेहरू सबै बेवकुफ हुन् त भन्ने प्रश्न वाचक चिन्हले हेर्न पर्ने भएको छ । त्यसैले यस प्रकारका रचनाले समाजलाई सही मार्गदर्शन नगर्ने भएकाले कथासंग्रहमा समावेश गर्नु उचित देखिँदैन ।

'भूकम्प'मा सहयोग गर्दा उल्टै जागिर समते गएको दृश्य देखाएर लेखकले सरकारको काम गर्ने शैली प्रतिको व्यङ्ग्य र पक्षपात पूर्ण व्यवहार लाई इङ्गित गरेका छन् ।

'बोर्डिङ्गको सान' कथामा बोर्डिङ्गपति किन सन्तानलाई पढाउन परेको छ र बोर्डिङ्गभित्र नेपाली हिन्दी बोल्न नजान्ने अभिनय गर्ने टिचर तरकारी बचारमा उक्त दुवै भाषा बोल्नुका साथै चोरी समेत गरेको दृश्य देखाइएको छ र बोर्डिङ्गमा पढाउँदैमा न त कोही योग्य बन्छ, न त आदर्श बन्छ न त सच्चरित्रवान् बन्छ बोर्डिङ्ग केवल भ्रमजाल मात्रै हो भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

रोग शैय्यामा परेका बेला कसैले साथ दिँदैनन्, सबै सुखका मात्रै साथी हुन् दुःखमा कोंही हुँदारहेनछन् भन्ने वैराग्य भाव 'रोगशय्या'बाट प्राप्त हुन्छ ।

'भोक उन्मूलन'मा सरकारले भाषण गर्ने र पत्रकारले समाचार छाप्ने गरेर मात्रै समाजका समस्या समाधान नहुने कुरा देखाउँदै मानिस बाँच्नका लागि कुकुरसँग मासु लुछेर वा पिण्ड खाएर पनि बाँच्न चाहन्छ र भोकसँग युद्ध गरिरहन्छ ।

'प्रवाह'मा प्रजातन्त्र आएपछि समाजका विकृति हट्लान् भन्ने जुन कल्पना थियो, त्यो चकनाचुर भएको कुरा क्याम्पसको वातावरणले दर्साएको छ ।

'थिसिस'मा मानिसले प्रकृतिमाथि विजय गर्न खोज्नु वा प्रकृतिका जनावरमाथि विजय पाउन खोज्नु सहज र सरल नभएको तथ्य थिसिस् परीक्षणमा निस्केका पात्रहरूले नयाँ थिसिस जन्माएर फर्केको घटनाले प्रस्तुत गरेको छ ।

कथाकारका कतिपय कथाहरूमा प्रजातन्त्र प्राप्ति पछिका विकृतिहरूलाई लक्ष्यित गरिएको छ भने केही कथाहरूबाट नेतालाई प्रहार गरिएको छ । मूल्य रु. ५०/- राखेर प्रकाशित प्रस्तुत कृति नेपाली साहित्यको निधि हो र लेखकका कतिपय कथाहरूले राजनीतिक चिन्तनलाई प्रस्तुत गरे पनि समग्रमा लेखकका रचनाहरू पठनीय छन् ।

□□□


जन्मेको ३५ दिनभित्र सम्बन्धित जि.वि.स./नगरपालिकामा गई आफ्ना बालबालिकाको जन्म दर्ता गरी बालबालिकाको पहिचान र बालअधिकारको संरक्षण गरौं ।

विवाह, बसाई सराई, सम्बन्ध बिच्छेद र मृत्युजस्ता घटेका घटनाहरू दर्ता गरौं ।

**स्थानीय विकास मन्त्रालय,**
**जनसंख्या तथा पञ्जीकरण**
**व्यवस्थापन शाखा,**
**श्रीमहल, पुल्चोक ।**

कविता

# आर्तनाद

❑ हरिहरप्रदीप घिमिरे 'लेखाली'

आँधी वर्षा सीत गर्मी सहेकी
रत्ना-पार्के गन्धगीमा रहेकी ॥
वास्ना छर्ने फूलका यी विहाली
देखी मुक्ति देऊ हे भद्रकाली ॥१॥

स्वार्थी भौंरा फूल छानेर जानी
तेही सुर्ता पारिमा यी खरानी ॥
रानी छा-नी-ना-नि-ला-नी विमानी
पख्लास् तेरो हेर्छु आजै म पानी ॥२॥

मैले तेरो नाम जापेर बस्ने
तैले मेरो छातिमा खड्ग धस्ने ॥
निर्मोहि ! के लोक लाजै हराये
या नौलीले होस नै गुम् गराये ॥३॥

सारालाई दिन्छु मायाँ तँ भन्छस्
के देलास् खै पङ्गु आफै हुँदैछस् ॥
जो जस्को हो त्यो उसैको हुने कि ?
स्वार्थै छाडी प्रेमि । कालो धुने कि ? ॥४॥

के यो साँच्चै दैवले हो गरेको
या पापीले पाप राशी छरेको ॥
रोई बस्ने जिन्दगी यो मलाई
दुःखी मन्मा दुःख राँको जलाई ॥५॥

कालो राती मध्य काहालि-लाग्दो
यी पि-शाची हेरूको बैंस जाग्दो ॥
भूते औंशी भोलि झन् उग्र गर्मी
आफ्नो कोही छैन सारा अधर्मी ॥६॥

चारैतर्फ भक्कुको भूत घेरा
लक्कु देखी धक्कु गर्ने घनेरा ॥
भक्कूद्वारा भक्कु मार्ने छ दाऊ
'घोडे जात्रे भीड' देखी बचाऊ ॥७॥

यस्ता अनेक वहका रहमा रहेर;
प्रेमी वियोग दुःख तापहरू सहेर ॥
होलाकि भेट भ्रमरासँग फेरी भन्दै
मर्नु-न बाँचनु कठै ! छन-दीन गन्दै ॥८॥

'हरि-'यो झाल पाखामा काँडा माझ मनो-'हर' ॥
'प्रदीप' फूलको शूल-वह चल्छ निरन्तर ॥९॥

(०५८ घोडेजात्रा पूर्वको मध्यरात - सिफल)


## पि.पि.आर. रोगबाट सावधान बनौं

पि.पि.आर. रोग भेडाबाखामा लाग्ने एक घातक सरूवा रोग हो । यो रोग लागिसकेपछि उपचार गर्न सम्भव हुँदैन । अतः यस रोगका विरूद्ध समयमै खोप लगाई पशुधनको सुरक्षा गरौं । पि पि आर लागेमा ज्वरो आउने, छेरौटी लाग्ने, आँखामा कचेरा लाग्ने, नाकबाट सिंगान बग्ने, गिजा, मलद्वारको वरिपरि घाउ हुने, निमोनिया तथा सास फेर्न गान्हो हुने हुन्छ । त्यसकारण यस रोगलाई भेडाबाखाको हैजा पनि भनिन्छ । त्यसकारण अन्यत्रबाट भेडाबाखाहरू ल्याउनुभन्दा पहिले यस रोग विरूद्ध खोप अनिवार्य रूपमा लगाउँ । आफ्ना भेडाबाखाहरूलाई खोप लगाउनका लागि नजिकको जिल्ला पशु सेवा कार्यालय, पशु सेवा केन्द्र तथा उपकेन्द्रहरूमा सम्पर्क गरौं ।

**कृषि तथा सहकारी मन्त्रालय, पशु सेवा विभाग**

**पशु स्वास्थ्य निर्देशनालय, त्रिपुरेश्वर**

समीक्षा

# दहाल र दोषीका दुई कृतिमाथि सूक्ष्मदृष्टि

❑ अर्जुन विरक्ति

## १. फर्किएर हेर्दा काव्यमाथि विचरण गर्दा

काव्यमा कर्मयोगी आत्माको उज्ज्वलताले निर्मल चन्द्रिकाको सुदूर देशको व्यथा व्यक्तिदै प्यासी जीवनको अरण्य उद्दण्डता र विडम्बनाको प्रताडना आदि केलाउँदै नीरवताको पक्षभित्र अन्धकारमा साम्प्रदायिक फाँटका तरेलीहरू केलाउनु भएको छ कवित्वको लोकछन्दका माध्यमबाट काव्यकार प्रकाशमणि दहालले ।

कवितामा कविले अन्त:करणयुक्त प्रतिनिधित्व शक्तिले मर्म र संवेदनशील ढंगले अनगिन्ती प्रताडनाका चित्रणको प्रबलता उत्कृष्टतासँग नैसर्गिक अधिकारको खोजमा अभिव्यक्तिका भकारीले तत्वन्वेषीयुक्त भएको छ । रचनात्मक उर्जाको कवित्व लहर र प्रहर आदिमा पारखता भर्न खप्पिस मानिनुहुन्छ-तिक्ष्णताले खण्डकाव्यमा श्री दहाल ।

यस खण्डकाव्यमा जीवन र दर्शनादिका आदर्शात्मक रूपरेखाको सवालमा अट्टहासपूर्ण पैरवी भएको छ । यसरी मुलुकमा देखिएका अस्मितामाथिको कुठाराघातको उछित्तो काड्दै मुलुकको लागि बलिदान दिई सहादत प्राप्त गर्ने शहीद र वर्तमानमा घोर नीराशा छाएको तुषारापातको निन्दा गर्दै अखण्ड बोधित्वयुक्त क्रान्तिद्रष्टा र स्रष्टा आदिमाथि भएको कुठाराघातको बारेमा खट्केका दुरावस्था र दरिद्रताहरूको प्रमुखता भेटिन्छ यस कृतिमा । यसरी अराजक निम्त्याउने नेतृत्व पंक्तिहरूको अन्धतायुक्त एकलकाटे प्रवृतिका विरूद्ध कविता प्रवाह प्रलयंकारसँग गर्जेको छ । यदाकदा प्रेममयी प्रेमोपहार राग भित्रका अनुराग खट्किन पुगेका तारतम्य आदि र श्रृङ्गारिक पक्षका रसयुक्त कवित्व शक्तिले काव्यमय भण्डारमा पारदर्शिता भण्डारित भएको छ र लोकमञ्जरीको ध्वनि प्रस्फुटित भएकै मान्नुपर्छ । कवितामा निरंकुशता लाद्ने प्रजातान्त्रिक खाँडो भित्रको दूरगामी चरित्र र कानुन मिच्ने तथाकथित वर्चस्वका प्रवृत्ति विरूद्ध घावक बन्दै प्रजातन्त्रे मखुण्डे हाँडिघोप्टे आदिका विरूद्ध शंखनाद भएको भेटिन्छ र ०७ सालदेखि ०४७ सम्मका हरेक उतारचढावले जनमानसमा पुऱ्याएका ठेसबारे वकालत गर्नुभएको छ कविले । कला कलाकै निम्ति डुब्दै नेपाली प्रचीन लोकमञ्जरीको धरोहरसँग मिलेरी गाँस्तै विश्वव्यापीकरणीय उर्जापूर्तिमा यौटा गहन चिन्तनले उपल्लो भावानुवेगको रागमा आधारित मुलुकको पर्यावरणीय विस्तृत आन्दोलनको बलीदानीयुक्त घटनासँग साक्षात्कार गरी लोक संस्कृतिको सुनकेशरी झैं लाग्ने यो खण्डकाव्य पूर्वजको आस्था पुष्पको छाँद हो । लयबद्धतायुक्त लोकछन्दोबद्धमा आधारित स्रष्टाको संघर्षयुक्त उर्लेको आँशुको ज्वारभाटामा तपस्विनी प्रकृतिको काखमा अल्हादित मूर्धन्य सामवेदात्मक ध्वनिको उपल्लो इन्द्रेणीको सुशोभित हिमच्छादित तरङ्गादिको व्युत्पत्ति हो यो लोककोसेली ।

यसरी काव्यमा राजीव हृदय परलको उजाड व्यथा कुँदिएको अतित र वर्तमानसँग समन्वयात्मक अतितलाई फर्किएर हेर्दा अखण्ड भाव सुकोमलता प्रदान गरेकाछन् कविताका हरफादीले विगत भोगेर वर्तमानमा । यौटा युद्धको भौतिक

दर्शनका खोजमूलक उर्जामय दर्पण हो । यो खण्डकाव्यले यथार्थ धरातलमा प्रवेश गरेको छ । सामन्त अतिवादको विरूद्ध विकृति प्रचलनको अराजक स्थितिको चित्रण गर्दै, यादैयादले द्रविभूत हुँदै भूतलमा तुषारोलाई केलाउँदै सामाजिक समन्वयात्मक भूमिकाले राज्य र समाज भित्रका तिरस्कृत पक्षहरूको दर्पणलाई काव्यमय वाङ्मयमा मनोवैज्ञानिक तवरले बहस् गर्नुभएको छ लेखकले । अत: आचार संहितामा हितोपदेशात्मक संहिता बनेर - लैंगिक विभेदको अन्त्य खातिर कविता आन्दोलित भएको छ ।

कविले सम्वाद र परिसम्वादका अनुच्छेद आदि लहर र प्रहरका प्रखरतामा कविहृदय परिलएर कल्पनाको सागरमा डुबुल्की मार्दै मुक्तिगामी खोज जिज्ञासा, परामर्श, हठपन सहयात्री आगमनको पर्यायवाची हुँदै सामाजिक उद्दण्डताको चलन र प्रचलन, राजनैतिक दबाव आदिप्रति, प्रतिबिम्बित अनुगमनमा सरोकार लिदै विकृत संयन्त्रका विरूद्ध आँचलिक सुस्केरामा प्रगतिशील प्रवाहसँग मितेरी गाँस्दै पीडालाई समेटेर समस्या र दूरावस्थाको स्वरूपलाई चारवटा बिसौनीका प्रवाहमा काव्यमय छाल बनाई प्रहरका उदार नीतिसँग कवित्व शक्तिले मितेरी गाँस्न खप्पीस देखिनु हुन्छ । यस काव्यमय धरणीमा कवि प्रकाशमणि दहालको परिस्कृति अनुच्छेदप्रति सगौरव नभै रहन सकिन्न । कविवर कृष्णप्रसाद पराजुली र प्रकाशक: कुमार घिमिरे समेतले साहित्यिक कृतिप्रतिको न्वारान पनि कम खँदीलो बनाएका छैनन् अन्त्यानुरागमा ।

## २. प्रेमको परिभाषा केलाउँदा

विकल्पमा यथार्थ कुँदेर यथार्थ धरातलमा साहित्यलाई कथा र कविताको माध्यमबाट परिपूर्णताका निम्ति, मुक्त समाजको परिकल्पना गर्दै, सांसारिक दमनचक्रका विरूद्ध भौतिक र सीमित संपदा, हीनताबोध आदिको विशेषता केलाउँदै नैतिकताको नव्य विशेषता आदिका परिहार समेट्दै नव्य सिर्जनामा कथाको माध्यमबाट आदर्शात्मक विकल्प रोज्नु र मुलुकमा सिर्जनाको माध्यमले कथाका श्रृङ्खलाहरूको व्युत्पत्ति गर्नु ललिता दोषीको साहित्यिक कुशलता हो ।

मनुष्य जाति आदि सबैमा समदर्शिता हुन सक्दैन र स्वावलम्बी लेखन मार्गले सबै लेखकहरू लेखन मार्गको रचनात्मक गतिशीलताजन्य योगदान आदिलाई समेटेर यथार्थमा पर्यायवाची हुन सक्दैनन् लेखन विधाको मितव्ययितामा । तर ललिता दोषीले साहित्यमा नव्य प्रस्तुतिकरणद्वारा आफ्ना योगदानलाई सन्तुलित उपसंहारका परिहार तिर 'उत्तिष्ठ युद्धाय' को मार्ग पहिल्याउनु भएको छ । मेरो दृष्टिमा आजको विषमताजन्य, हिजोका विकृतिजन्य र युगौंयुगका मानव इतिहासमा यथार्थताको सन्तुलित धरातलको खग्रास गर्ने पाखण्ड समाजका विरूद्ध पैरवी गर्ने भनेका वर्गहरूमा स्रष्टाहरू नै पर्दछन् । तर पनि सबै स्रष्टामा मानवता भेट्न गान्हो पर्छ । किनभने सबै लेखकहरू स्वाभिमानी हुन सक्दैनन् । ईर्ष्या, क्लेश, घमण्ड, द्वेष आदिलाई समेटेर लेखक, कवि बन्छन् । तर ललिता त्यो भन्दा पृथक्तामा साहित्यानुरागी यथार्थ धरातलमा उभिएर लेख्ने नारी अस्मिताको युवा धरोधर हुन् । आजको जाग्रत उत्तिष्ठ ज्ञानबोधात्मक जीवत्व चेतनामा चेत हराएकालाई दिएको सकारात्मक चेतनाका सगुण चेतनतत्वन्वेशी मान्नुपर्छ र मान्छे सबै वादबाट, जातिवादबाट माथि उठ्नुपर्छ, जहाँ त्यो मान्छे मात्र मान्छे हुनसक्छ । धनी, गरीब, दुःखी-दरिद्रतामा यथार्थ कोट्याउँदै दासताको वास्तव अहंवादले जीर्ण समाजमा मानसपूजाको औचित्यको शुभारम्भ गर्न सक्नु लेखकहरूको धर्म हो । त्यो धर्म ललिता दोषीका साहित्यहरूमा पाइन्छ ।

किनकि आजको सामन्तवादी अपवित्र पुरातनवादी समाजले लखेटेको लखेटाइमा मात्र लखेटिने साहित्यकारले हाम्रो समाजमा यथार्थताको पैरवी गर्न सक्दछ बहुआयामिक पक्ष समेटेर । तर त्यस्ता व्यक्तिहरू, लेखकहरू, गोरखा-पत्र, रेडियो नेपाल, नेपाल टेलिभिजन, साझा प्रकाशन, राजकीय प्रज्ञा प्रतिष्ठानदेखि श्री ५ को सरकार समेतका नजरमा ऊ कहिल्यै पनि प्रतिस्थापित हुन सक्दैन । त्यस्ता लेखकहरू मात्र प्राय: स्रष्टा हुन् । तर ती जोइटिङ्ग्रे फुँइफुट्टेहरू मात्र चर्चा र परिचर्चामा आउने चलन वर्षौं सदियौंदेखिको इतिहास हो- नेपाली साहित्य धरातलमा । त्यसैले यो धरातल सम्पन्नशालीहरू, अल्पज्ञानीहरू, चाकडी-चाप्लुसी र विज्ञापनमा उत्रिएकाहरूको व्यक्तिगत खाँडो भएको छ र उनैको मात्र एकलौटी वागडोर छ । मृत शान्तिवरणमा रमाएको धरासायी अपठित लेखक, समालोचक, कवि, कथाकार भन्ने फुइँफुट्टे आदिको लाठीले यथार्थमा सच्चा स्रष्टाहरू प्रतिभाहरू यहाँ जहिले पनि फ्याँकिएको भाङ्गनो बनाइएको ताजा परिस्थितिमा पनि आज ललिता दोषी तीनै फुइँफुट्टेका विरूद्ध समाजका रक्तपीपासुका विरूद्ध अस्तित्ववादी नारी हस्ताक्षरको रूपमा उभिनुभएकै छ कथा, कविता र गीतहरूमा ।

हुनत सबै हारे पनि विचार नहार्ने मान्छेहरू पाउन दुर्लभ छ । उपसंहार र परिसंहारतिर मान्छे भेट्न गान्हो पर्छ । सबै मान्छे मान्छे हुन सक्दैनन्, आकृति भएर हुन्न । तर आकृति मात्रकाले नेपाली धरातलमा आफ्नो पेवा जमाएका छन् । त्यस्ता रक्तपीपासुका विरूद्ध नवीन संरचनात्मक कान्तदर्शी व्यक्तित्वको खाँचो, स्रष्टाको खाँचो पूर्ति गर्न उदियमान विद्वान, कवि, लेखक, स्रष्टा आदिको खोजी गर्ने मानव इतिहास तय गर्नु आजको ताजा आवश्यकता हो । त्यो आवश्यकतापूर्तिमा ललिता दोषीले तत्वान्वेषीको रूपमा आफूलाई अडाउन सकेका खण्डमा उहाँका साहित्यबाट पनि नवीन संरचना नहोला भन्न सकिन्न ।

कथा-प्रेमको परिभाषा, अर्धपागल, गरीब हुनुको पीडा, स्वार्थको खाल्डो, गाउँमा लुकेकी हिरा, सूर्यमाला, पापको फल, संयोग, हृदयको मलम, टुकिएको सपना क्षितिजको आदर्श, समयको खेल, अन्तर, बहुला, राजकुमार, जस्ता पन्ध कथाहरूको सङ्ग्रह परिभाषित व्यथाहरूले समसामयिक मानव जीवनमा घटेको घटना र तुषारापात, कुठाराघात, आरोप, प्रत्यारोप, पीडा, उत्कण्ठा, द्वेष, दुराचार, विकृति, शोषण, दमन आदिलाई केलाउँदै मुलुकको विषम पीडा र प्रेमका धोकाजस्ता बहुदृष्टीकोणीय भावानुवेग आदिलाई आफ्ना रचनाहरूमा उतार्नु भएको छ दोषीले । यदाकदा विभिन्न कथाहरूमा केही कुरा खड्के झैं लागे तापनि लेखकको मर्म व्यथाहरू पारदर्शी ढंगले व्यक्तिएको छ । कथाको अवलोकन गर्दा साँच्चै नै समाजको वस्तुस्थितिको चित्रण गरिएका व्यथा, पीडा र दर्दहरू कथामा उतार्नु भएको छ दोषीले । कथाले हाम्रो मुलुकको दर्दनाक विषमतायुक्त उजडताको बारेमा पर्दाफास गर्न अन्त:करणले प्रतिनिधित्व गरिएको छ र प्रत्येक कथामा नारी अस्मिताका सवालहरूमा पैरवीयुक्त, आहुतियुक्त, पीडाका अनगिन्ती उकाली र ओरालीहरूका उद्दण्डताका मर्महरू व्यक्तिएका छन् र संवेदनशील र दु:खदायी प्रताडना आदिको चित्रण साऱ्है मिठोसँग कथामा व्युँतिएको छ । कथाहरूमा यौनिक वासनाका ज्याल र पासविक दमन, प्रताडित अरण्य दर्द, उच र नीच भेदभाव शोषण गरीबी आदि जीवको परिभाषित विविध पक्ष आदिका दमन जर्जरता समेट्दै, वैश्वानर चिन्तनमा

पुऱ्याएको दमन, ठेसजस्ता पक्षहरूको बारेमा पारंगत दृष्टिकोणीय सृजनायुक्त नवीनतम कथाहरुले सान्है उत्कृष्ट ढंगले नैसर्गिक अभिव्यक्तिको भण्डार भरिएको छ ललिता दोषीका कथामा । यसरी समसामयिक दुखद् वेदनादेखि उपल्लोस्तरको चिन्तन दिंदै प्रत्येक कथाहरूमा तत्वयार्थयुक्त उद्दण्डताको विरूद्ध अप्रेशन गर्दै अलापित करूणा आदिसँग केन्द्रित छन् । कथाका पारंगत हृदय परलेर दोषीको चिन्तनले मानवीय धरातलमा तथाकथित दमन यन्त्रको विरूद्ध पैरवी गर्न अत्यन्त सफल भएको मान्नुपर्छ । प्रायः लेखकहरू कारूणीक नै हुन्छन् । त्यो पन पर्याप्त मात्रामा ललितामा भेटिन्छन् । ललितामा कठोरता छैन । उनी अति नै संवेदनशील नारी हुन् र उनीसँग आदर्शमा नवीन चिन्तनका अथाह मर्म र व्यथा छन् भन्ने कुरा उनका रचनाबाट प्रष्टिन्छ । धैरैजसो कथा, कविता, गीत आदिले यथार्थ खोज्दै विषम विध्वंसको बारेमा पैरवी गर्ने खालका परिपक्वताले प्रतिनिधित्व गरेको छ । साहित्यमा चाहिने अनगिन्ति श्रृङ्गारिक र कारूणिक विद्रोहयुक्त आत्मज्ञानको विजाङ्कुरण भेटिन्छ आत्मचिन्तनको चैतन्यतामा । □□□

कविता

## इच्छा पुऱ्याऊ तिमी

❑ मधुसूदनप्रसाद घिमिरे

रमी छौ चिरिच्याङ्ग बान्कि छ ठूलो आशक्तको स्वामिनी
मधु नि अहिले हिमाल सरिको दन्तै मिलेको अनि
बास्ना चल्छ छिमेकको पवनमा हे स्वर्गकी किन्नरी
माथ्मा राख्नसकूँलता कुशुमको बास्ना सजिने गरी ।

वाणी छन् मधुरा मिठास छ निकै माधुर्यकी मोहिनी
तिम्रो चञ्चल कोमलाङ्गि मुखको सम्पूर्ण चुम्ने गरी
लोभिन्छु मनले र गाम्छु मनमा तिम्रा रसीला फल
फर्छुभङ्ग अगाडि भामिनी सँगै मन हुन्छ उच्छृङ्खल ।

हुम्किन्छ्यौजहिले निमेष भरमा के लेख्न पाइएला ?
तिम्रा ती वयको परीक्षण घडी के देख्न पाइएला ?
तिम्रा कोमल कान्तिमा लहसिएँ हे यामकी यामिनी
के के सोच्छ विचारले र मन भन् आशक्त भो कामिनी ।

कामाशक्त भएर याचक भएँ मन्मा सजाऊ तिमी
दानी छ्यौ कि भनेर पारख गरेइच्छा पुऱ्याऊ तिमी ।

नयाँ बानेश्वर


विजयादशमी तथा शुभ-दीपावली २०५९ को पावन अवसरमा सम्पूर्ण देशवासी वन्धुवान्धवहरूमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**टीकापुर विकास समिति परिवार**

टीकापुर, कैलाली

फोन नं. ०९१-६०२४३

कविता

# यो राष्ट्र हामी भरौं

❑नर्मदेश्वरी सत्याल

के सोच्छौ दुनियाँ यसै समयमा विद्युत् सरी आँट ली
तन्द्राबीच कतै भुलेर अहिले आँखा नमाडौं बसी
नेपालीपनको भएन जगमा आस्था र कार्यै जब
भण्डाफोर भए जहाँ जति थिए अस्तित्व हाम्रा अब ।

गोला-बारुद पड्कँदा प्रकृतिमा नेपाल आमा रुने
रातो रक्त र आँसु घोलिन गई विश्वै अचानो हुने
कस्तो खेल छ यो न हार विजयै सीमा छ हाम्रा अघि
आमाका मुटुका चुँडाइ धमनी सत्ता नताकून् तिनी ।

पुर्खाका बलिदान खै किन अहो । भक्ती कसोरी ढले
खोजी त्याउन निम्ति कम्मर कसी बन्दूक पो तम्सिए ।
नेपाली दिलले कठोर मनमा घोपूँ सियो भैं भई
एकैसाथ उठी जुटौं जन भनी राख्यौं विचारै पनि ।

साहित्यै कति लेखिए मुलुकमा पढ्ने विलासी भए
काटाकाट र हानहान सबमा अर्ती उसै भै गए
भ्रष्टाचार बढेर वर्ग छुटिए उठ्तै गए भ्रष्ट नै
नेपाली भन हे विध्वंश हुन गो विद्युत् सरी आँट खै ।

गर्छन् शासन के गरी जन नभै नेता हुने के गरी ?
आस्थै छैन भने विकास कसरी चुट्छन् गफै बेसरी
छारो उड्न गई ढले युवक नि हामी उसै लट्टियौं
यै बेला भुमरी परेर कण भैं उड्छौं कि अड्छौं कुभौं ।

बान्है वर्ष बिते सबैतिर घुसे नाता, कृपा, धाँधली
भित्री ज्योति निभेछ ओसिन गई मध्यान्ह भो त्रासदी
बोली बुझ्न सकिन्न दुष्ट जनको तिन्का कुरा के गरौं
आफै क्रान्ति गरी सबै निच हरी यो राष्ट्र हामी भरौं

नयाँ बानेश्वर

कविता

# मान्छे र आवरणयुक्त बस्तीहरू

❑सबिना अधिकारी

उद्धार र उपकारको खोक्रो नाउँमा
गिरेका छन् मान्छेका मोलहरू
मान्छेहरू त मान्छे हुन्
तर मान्छेहरू सर्प पनि हुन्
आवरण बदल्न सक्ने ।

मान्छेमा पूर्णता छैन
र संपूर्णता पनि छैन
निर्बल छन् मान्छेहरू
र मान्छेका बस्तीहरू
प्रतिस्थापन हुन नसक्ने
उडन्ते कल्पना र तर्क बिनाका गफहरूमा ।

कमजोरीहरू लुकाएर
आदर्शहरू छाँट्दै
बेरिएका छन् महङ्गा खोलहरू
जब खुल्छन् अनायासै
मान्छेका पोलहरू ।

विस्फोटनको इच्छामा
गुन्जिन्छन् हृदयहरू
निन्दाको चरम चुलीमा ।

कदम-कदममा त्रास छ,
आकारमा ठूला-ठूला अनौठा माकुराहरू छन्
हरदम जाल बुन्न अभ्यासरत
मान्छेमा विश्वास नगर
चलाख छन् मान्छेहरू
र मान्छेका आवरणयुक्त बस्तीहरू ।

* * *

समीक्षा

# राष्ट्र निर्माणका केही प्रमुख प्रस्तावित उपायहरूको सम्बन्धमा

❑ ठाकुर शर्मा

यो देशमा नभएको के छ र ! सबैथोक छ तर मानिसको भावना कमजोर छ । यसै कमजोरीका कारण जस्तोसुकै व्यवस्था आए पनि टिक्दैन किनभने कार्यान्वयन गर्ने यहीको मानिसले नै हो । स्वतन्त्र शक्ति सम्पन्न भई आफ्नो संस्कृति परम्परा जोगाएर बस्न नसक्नेजस्ता भएका छन्- यहाँका मानिस । २०४६ सालको राजनैतिक परिवर्तन पश्चात् आफ्नो अस्तित्व जोगाई नेपाललाई समुन्नत बनाउनुको सट्टा दिनानुदिन कमजोर बन्दै गएको कारण प्रत्येक नागरिकले समाजको उन्नतिको लागि सोच्ने अवस्था सिर्जना भयो तर त्यो कहाँबाट कसरी सुरु गर्ने ठाउँ ठेगाना नै छैन । समाजको सुदृढीकरणको एउटा नागरिकको हैसियतले बोल्नुपर्ने अवश्य भएको छ । मनमा लागेका कुराहरू व्यक्त गर्ने स्वतन्त्रता वर्तमान समयमा अवश्य छ । अभिव्यक्ति दिने शैली विभिन्न हुन्छन् । त्यस्तै गद्यात्मक शैली अपनाएर विभिन्न लेखहरूको रूपमा विभिन्न पुस्तकहरू प्रकाशित भएका देखिन्छन् । देश र समाजको विषयमा टड्कारो रूपमा केही बोल्नुपर्दा निबन्धात्मक शैली जोसुकैले पनि अपनाएका हुन्छन् । साहित्यिक हृदयले समाजको स्थितिलाई लाटाले केरा हेऱ्याझैं हेरेर बस्न सक्दैन । जतातत्तै भताभुङ्ग भएको कसरी हेर्न सक्दछ । परिणामस्वरूप विविध रचनाहरु सिर्जना हुन थाल्दछन्, भइरहेका छन् । त्यसै क्रममा आएको छ-नेपाललाई सुदृढ तुल्याउने यथार्थतालाई अगाडि सारेको पुरानै पृष्ठभूमि भएको नव निर्माणको थालनी गर्ने अठोट लिएको, गम्भीर भावभूमि र हेको ***राष्ट्र निर्माणका केही प्रमुख प्रस्तावित उपायहरू*** ! पाठक सामु राजनैतिक हिसाबबाट महत्वपूर्ण लाग्ने पठनीय पुस्तक प्रकाशित भएको छ । यसका लेखक हुनुहुन्छ - सुदर्शन आचार्य ।

सुदर्शन आचार्य आफ्नै परिवेश, आफ्नै संस्कृतिमा रम्न रुचाउने एउटा संस्कृतज्ञ, शास्त्री (बि.ए. सरह) मा पारङ्गत भई राजनीति शास्त्रमा स्नातकोत्तर (एम.ए.) गर्नुभएको छ । उहाँको ग्रामपालिका २०५३ मा प्रकाशित भइसकेको थियो भने अहिले आएको छ ग्रामपालिकाकै दोस्रो बृहद् रूपमा ***राष्ट्र निर्माणका केही प्रमुख प्रस्तावित उपायहरुरू२०५८*** । दुवै कृति राजनीतिक व्यवस्थासँग सम्बद्ध देखिन्छन् । वास्तवमा कुनै पनि देशको राजनैतिक व्यवस्था ठिक भयो भने विकास निर्माणका गोरेटाहरू कोरिन्छन् अन्यथा कतै पनि गोरेटोसम्म देखिँदैन । सबै नष्टभ्रष्ट हुन्छ । माथिल्लो तहदेखि तल्लो तहसम्मको व्यवस्थापनलाई हेर्न खोजिएको मात्र होइन । आफ्नो विचारसहित पुरानै पृष्ठभूमि भए पनि नव निर्माणका विचारहरू सहित प्रस्तुत भएको छ - ***राष्ट्र निर्माणका केही प्रमुख प्रस्तावित उपायहरू***। १५४ पृष्ठ बोकेको यो कृति बाहिरी आकर्षण मात्र होइन अध्ययन गर्दै जाँदा संस्कृतज्ञ र राजनीति शास्त्रको अध्ययन गर्नुभएका प्रतिभाशाली व्यक्ति अवश्य पनि पूर्वीय दर्शनका ज्ञाता भएको आभास हुन्छ । भाषाको स्तरीयताले पढ्नुपर्ने लाग्ने कृतिको आकर्षणता मात्र होइन हाम्रोजस्तो देशको वर्तमान स्थितिलाई यस किसिमको व्यवस्था आएदेखि यथार्थ रूपमा नै देशको उन्नति हुने थियो कि ! विषय प्रवेश गर्ने क्रममा विषय स्पर्श शीर्षक दिएर प्रारम्भ भएको यस कृतिको भाषा यस्तो छ :

'पर्वतराज हिमालयको काखमा अवस्थित हाम्रो देश नेपाल विश्वकै एक अत्यन्त, सुरम्य देश हो । प्राकृतिक सम्पदाहरू..... सांस्कृतिक कलाकौशलहरूले समेत भरिपूर्ण देश हो । ... संसारको निर्धनतम मुलुकको सूचीमा पनि सबैभन्दा पुच्छारमा नै पर्नु कतिसम्म दुखद् र विडम्बनापूर्ण कुरा होला आफै विचार गरौं ।' साँच्चै नै आज मुलुकका राजनीतिक, आर्थिक, नैतिक, चारित्रिक आदि जुनसुकै क्षेत्रहरू पनि पूर्णत: विकृत र विसङ्गत हुन पुगेका छन् क्षतविक्षत र तहसनहस भएका छन् ।

विषय स्पर्श नै अत्यन्त रोचक ढङ्गले सामाजिक यथार्थताको वर्णन भएको छ । अन्य विषयहरू यिनै विषयवस्तुमा आधारित रहेका छन् । राजनीतिक अठोट, राष्ट्रियताको बोध, राजशक्तिको सदुपयोग, चुस्त मन्त्रीमण्डल, प्रभावकारी संसद, सुदृढ न्याय व्यवस्था, सबल संवैधानिक आयोगहरू, विकेन्द्रीकरण तथा स्थानीय सरकार, सक्षम स्थानीय निकाय ग्रामपालिका/नगरपालिका स्वस्थ निर्वाचन, राजनैतिक सुधार, प्रशासनिक सुधार, गुणस्तरीय शिक्षा, भ्रष्टाचार निवारण, मितव्ययिताको पालना, विविध उपायहरू र उपसंहार गरी १८ वटा शीर्षक दिइएको छ ।

<u>राजनैतिक अठोटमा</u> : नेता वा नेताहरूद्वारा लिइनुपर्ने भावना र जनता साधारणबाट राजनीतिक अठोट दुई शीर्षक राष्ट्रियताको बोध सबै जनताहरूमा हुनुपर्‍यो अन्यथा यो देश नै समाप्त हुनेछ । नेपालमा राजशक्ति (राजसंस्था) एक हो, यसको सदुपयोग गर्नुपर्ने धारणा र चुस्त मन्त्रीमण्डलको व्यवस्था, मितव्ययी बन्नुपर्ने धारणा यसभित्र छ भने १६ मन्त्रालयबाहेक अन्य नचाहिने कुरा प्रस्तुत गरिएको छ।

<u>प्रभावकारी संसदमा</u> : एकसदनात्मक संसदको धारणाबाट लेखक प्रभावित भएको र न्याय व्यवस्थाको सन्दर्भमा लेखकले कतिपय नयाँ धारणा पनि प्रस्तुत गरेको देखिन्छ ।

<u>तहगत सुधारमा</u> : स्थानीय, जिल्ला पुनरावेदन र सर्वोच्च अदालतको धारणा, आवधिक सुधार, कानुनको स्पष्टता, अनुगमन र मूल्याङ्कन व्यवस्था, मानहानी सम्बन्धी व्यवस्था, न्यायाधीशहरू माथिको कार्वाही, उमेर र विविध विषयवस्तु गरी ७ उपशीर्षक राखेर व्यवस्थित कानुन बनाउने कुरा यसमा उठाइएको छ ।

<u>सबल संवैधानिक आयोगहरूमा</u> : नियुक्ति श्री ५ बाट नै राख्ने ।

<u>विकेन्द्रीकरण तथा स्थानीय सरकारमा</u> :

१. सुकुम्वासी समस्या,

२. गरिबी तथा बेरोजगारी, पिछडिएका वर्ग तथा दुर्गम स्थानसम्बन्धी समस्या समाधान,

३. दैवीप्रकोप सहायता

४. बृद्ध, असहाय, गरिब एवं अन्धा अपाङ्ग सहायतासम्बन्धी,

५. गैरसरकारी संस्थाहरूले गर्ने काममा स्थानीय निकायहरूको अनिवार्य स्वीकृति एवं निर्देशन,

६. विविध साधन स्रोतहरूको सदुपयोगजस्ता उपशीर्षकबाट विकेन्द्रीकरणको सिद्धान्तलाई अगाडि सारिएको छ ।

७. सक्षम स्थानीय ग्रामपालिका, नगरपालिका, जिल्ला विकास समिति तथा जिल्ला कार्यालयहरू र त्यस अन्तर्गत विभिन्न शीर्षक उपशीर्षक दिई ग्राम तथा नगरपालिका, अर्थ व्यवस्था, विविध आयोजनाहरूको विश्लेषणका साथै नेपालको भौगोलिक वातावरण अनुसार कार्य सञ्चालनमा जोड दिइएको छ ।

८. स्वस्थ निर्वाचन, निर्वाचनको प्रक्रिया र असरहरूलाई देखाइएको छ,

९. प्रशासनिक सुधार,

१०. गुणस्तरीय शिक्षा,

११. भ्रष्टाचार निवारण,

१२. मितव्ययिताको पालना,

१३. विविध उपायहरू र उपसंहारजस्ता शीर्षकहरू दिएर व्यापक रूपमा नेतृत्व वर्गलाई काम लाग्ने गरी व्याख्या गरिएको छ । राष्ट्र निर्माणका कुरा गर्दा कागजीरूपमा सबैका राम्रा मनन योग्य हुन्छन् ! कार्यान्वयनपक्ष अत्यन्त फितलो जहिले पनि देखिन्छ । त्यही कारण नेपालको स्थिति यथार्थमा बुझ्ने हो भने त्यसैको कमी भएको अनुभव हुन्छ । आज समाजको समस्या निराकण हुनुको सट्टा उग्रतातिर उन्मुख झन् जटिल बन्दै गइरहेको छ । हरेक व्यक्तिको मन आज रोइरहेको छ, २०४६ सालको अत्यन्त गरिमायुक्त व्यवस्था सञ्चालन गरी देश र समाजलाई माथि उठाउने दृढ अठोट बोकेका नेतृत्ववर्गको नै आज अस्तित्व कम भएको महसुस भइरहेको अवस्था सचेत गराउने दृष्टिकोणबाट अभिप्रेरित छ : ***राष्ट्र निर्माणका केही प्रमुख प्रस्तावित उपायहरू*** ।

## गजल

❑ सकु थापा

कति कति मीठा थिए तिम्रा लाली अँठका कुरा,
मैले कहिल्यै सोचिन हो बोलीभित्र हुन्छ छुरा ।

तिम्रो स्पर्श तनै भुल्ने, गन्ध त्यसै मीठा,
त्यसै त्यसै लट्याउँथ्यो बज्दा तिम्रा हातका चुरा ।

धेरै देखें सपनी त धेरै बुनें कथाहरू,
कहिले होला साकार अनि कहिले होला कथा पूरा ।

धेरै बिझ्यो धेरै दुख्यो सहनै गाह्रो पऱ्यो,
भुल्न आज गाह्रो पर्दा सहारा भो पान सुरा ।

कति कति मीठा थिए तिम्रा लाली अँठका कुरा,
मैले कहिल्यै सोचिन हो बोलीभित्र हुन्छ छुरा ।

**चरबण्डी, भक्तपुर**
**(२ मे २००२, मोयम्बा, सियरालियोन)**


## *याद राखौं/आयोडिनयुक्त नून प्रयोग गरौं*

हामीले यो बुझिराख्नु पर्छ कि एकपटक आयोडिनको कमी भएर शारीरिक या मानसिक रुपमा नै विकृतिहरू देखापरिसेकपछि त्यसलाई कुनै पनि उपचारबाट हटाउन संभव छैन । अत: यस्तो विकृतिबाट बच्ने र बचाउने एक मात्र सरल उपाय सबैले प्याकेटमा राखिएको दुई बालबालिकाको चिन्ह भएको आयोडिनयुक्त नूनको दैनिक प्रयोग गर्नुपर्छ । खासगरि आमाले गर्भ रहनु अघि, गर्भावस्थाको समयमा र गर्भावस्थापछि पनि नियमित रुपमा प्याकेटमा राखिएको आयोडिनयुक्त नून नै खानुपर्दछ र खुवाउने गर्नुपर्दछ ।

**स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग**

**राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना केन्द्र, टेकु ।**

# यो मौसम अर्थात् गजलमय मौसम

❑ इन्द्रकुमार श्रेष्ठ 'सरित्'

❑ नेपाली साहित्यमा गजल लेखन र प्रकाशनको सुरुवात कविता साहित्यको माध्यमिककाल (वि.सं. १८७३-१९७४) मा युवककवि मोतीराम भट्ट (वि.सं. १९२३-५३) द्वारा भएको हो । फारसी, उर्दू र हिन्दीमा काव्य साहित्यको मान्यता प्राप्त एक प्रमुख विधा गजललाई नेपाल भित्र्याउँने, भित्र्याएर यसलाई जनमानसमा परिचित गराउने र लोकप्रियताको भन्याङ उक्लिन पहिलो पाइला चाल्न भरमग्दूर प्रयत्न गर्ने युवककवि मोतीराम भट्ट नै हुन् । नेपाली सहित्यको गजल यात्रामा मोतीराम भट्टलाई साथ दिने उनका सहयात्रीमा गोपीनाथ लोहनी, लक्ष्मीदत्त पन्त, नरदेव पाण्डे, रत्नलाल रत्न, मियाँ अज्जद हुसेन, गजब आदि थिए । मोतीराम भट्टपछि आधुनिक कालको पूर्वार्द्धसम्ममा देखापर्ने र गजलका लागि लागिपर्ने अन्य प्रतिभाहरूमा शम्भुप्रसाद ढुङ्गेल, पहलमानसिंह स्वाँर, उपेन्द्रबहादुर जिगर, म.वी.वि. शाह, भीमनिधि तिवारी आदि हुन् ।

❑ कविता साहित्यको आधुनिक काल ( वि.सं. १९७५ देखि हालसम्म) ले प्राप्त गरेका प्रथम गजल कृति भीमनिधि तिवारीको गजल सङ्ग्रह 'बयासी र बीस गजल मेरी' (वि.सं. १९९३) हो । यसपछि अर्थात् आधुनिक कालमा गजल विषयक दोस्रो कृति उपेन्द्रबहादुर जिगर को 'एकसय एक गजल' (वि.सं. १९९३, श्रावण) हो । यसरी कविता साहित्यको आधुनिक काल सुरु भएको १८ (अठार) वर्षपछि नेपाली काव्य साहित्यमा पहिलो गजल कृति देखापऱ्यो । आधुनिक कालको पूर्वार्द्धमा गजललाई उकेरो लगाउँने गज़लकारहरूको संख्यालाई सजिलै उछिनेर उत्तरार्धमा चाहिँ गजलको नियम बुझेर वा नबुझेरै भएपनि गजल लेख्नेहरूको जमात यसबेला निकै ठूलो भइसकेको देखिन्छ ।

❑ नेपाली साहित्यमा कविता साहित्यको आधुनिक कालको सीमारेखाभित्र आधुनिककालीन गजल र गजलकारहरूको बारेमा चर्चा गरिहाल्नुभन्दा अगाडि यसको आकार, प्रकार, रूप, स्वरूप र विधागत वैशिष्ट्यका बारेमा कुरा गर्नु समीचिन नै होला । गजलको नियम, रूप विधान वा संर चनात्मक ढाँचाको कुरा गर्दा गजल नेपाली साहित्यमा मुक्तक र हाइकुझैं आयातित विधा हो । तर यो नेपालमा राणा-शाहका दरबारदेखि सर्वसाधारणका घरहरू रेष्टुरेन्ट र होटलहुँदै नेपालको हावापानी र माटोमा मिलिसकेको र भिजिसकेको छ भन्दा फरक नपर्ला । गजल पाँचदेखि एघार शेरसम्मको हुन्छ अर्थात् गजल बिजोर शेरका हुन्छन् । गजलले प्रत्येक दुई हर फको नियमलाई पछ्याउँछ र गजलको प्रत्येक दुई हरफलाई शेर भनिन्छ । गजलको पहिलो शेर अर्थात् दुई हरफलाई मत्ला भनिन्छ । त्यस्तै प्रत्येक हरफको अन्त्यमा आउने शब्दलाई रदिफ र त्यो भन्दा अगाडिको शब्दलाई काफिया भनिन्छ । काफियाको अर्थ तुक मिलेका वा अनुप्रासयुक्त शब्दहरू हुन् भनेर प्रस्ट पार्न सकिन्छ । तर कुनै पनि गजलको तेस्रो, पाँचौ, सातौँ आदि हरफचाहिँ स्वतन्त्र हुन्छन् र यिनले रदिफ र काफियाको नियममा बस्नु पर्दैन । उदाहरणका लागि-

अपराधीले छुट पाउन चाहेजस्तो यो मौसम
बेइमानीले मीत लाउन चाहेजस्तो यो मौसम (पृ. ६३)

यो गजलको प्रथम शेर हो र यसलाई मत्ला भनिन्छ भने दुवै हरफको अन्त्यमा आएका 'चाहेजस्तो यो मौसम' वाक्यांशचाहिँ रदिफ हो। त्यस्तै रदिफको अगाडि आएको शब्द पाउन, लाउन चाहिँ काफिया हुन्। कुनै पनि गजलको अन्तिम शेर वा दुई हरफलाई मक्ता भनिन्छ र यही मक्तामा गजलकारले आफ्नो नाम वा उपनाम पनि प्रयोग गर्ने गर्दछन्। तर मक्तामा गजलकारले आफ्नो नाम वा उपनाम प्रयोग गर्ने पर्दछ भन्ने बाध्यता वा अनिवार्यता भने छैन। यसका अतिरिक्त प्रस्तुतिको विशिष्टता, शैलीको माधुर्य, चमत्कार वा बढी भन्दा बढी पाठक- श्रोताहरूमा सम्प्रेषण हुनसक्ने कलालाई अभिव्यक्ति कौशल वा 'अन्दाज-ए-बयाँ' भन्ने गरिन्छ। गजल लेखनमा गजलकारले पद र मात्रामा पनि ज्यादै ध्यान दिनु आवश्यक हुन्छ। गजलको पहिलो शेर अथवा मत्लामा जति पंक्ति हुन्छ अन्तिम शेरसम्म पनि सोही अनुरूप हुनुपर्दछ। तर यहाँ नेपाली साहित्य र संगीतको क्षेत्रमा अर्ध शिक्षितहरूको जमातले प्रवेश गरेर गजललाई फजलमात्र नबनाएर गीतको स्तरहीनतामा ओरालेर गजलको रूप, स्वरूप र प्रतिष्ठामा नै आँच पुऱ्याएको तथ्य हामी कसैबाट लुकेको छैन।

□ स्वास्नमान्छे वा प्रेयसीसँगको वार्तालाप नै गजल हो भन्ने परिभाषाभित्र बाँधिएको गजल उर्दू साहित्यमा यसका लागि पचासवटाभन्दा बढी छन्दहरू प्रयोग भइरहेका छन्। तीमध्ये पनि उन्नाइसवटा छन्दहरूचाहिँ बहुचर्चित र बहुप्रचलित पनि छन्। उर्दू साहित्यमा 'छन्द' लाई बहर भनिन्छ। उर्दू साहित्यमा प्रचलित 'बहर' (छन्द) निम्नानुसार छन्-

१. फायालातुन फायलातुन फायलुन २. फाइलुन मफाइलुन फाइलुन मफाइलुन ३. मफाइलुन मफाइलुन फाउलुन ४. मफउल मफाइन मफाइल मफाइल ५. फायलातुन मुफालुन फेलुन ६. मफलुन मउलुन फउलुन ७. मफाइलुन मफाइलुन मफाइल ८. फउलुन फउलुन फउलुन फउलुन ९. फायलातुन फायलातुन फायलात १०. मफउल फायलात मफाइल फायलुन ११. फउलफेलुन फउलफेलुन फउलफेलुन फउलफेलुन १२. मफउल मफायलुन मफाइल १३. मुतफायलुन मुतफायलुन मुतफायलुन १४. फायलातुन फायलातुन मफउल फायलातुन १५. मफाइलुन मफाइलुन मफाइलुन १६. मफायलुन मफायलुन मफायलुन मफायलुन १७. मफउल मफायलुन मफउल फउलन मफउल फउलन। उर्दू गजल साहित्यका महान् हस्तीहरू मिर्जा गालीब एवं फैज अहमद फैजलाई पढियो भने मात्रै पनि 'गजल' लाई धेरै हदसम्म बुझ्न सकिन्छ, बुझाउन सकिन्छ। त्यहाँसम्म पुग्न नसके तापनि गजलकार अताउल्ला खाँ र दुष्यन्तकुमारको 'साये में धूप' अर्थात् 'घामको छहारीमा' मात्रै पढिदिए पनि हाम्रा स्वनामधन्य वरिष्ठ एवं कनिष्ठ गजलकारहरूले गजलको रचना गर्दा गजलमा नभई नहुने तत्त्वहरू इबारत (शैली), इशारत (प्रतीक) र अदा (भाव भंगीमा) को हेक्का राख्ने थिए कि ?

□ वि.सं. १९९६ श्रावणमा गजलकार उपेन्द्रबहादुर जिगरको 'एकसय एक गजल' को प्रकाशन पश्चात् करिब ४० वर्षसम्म गजलकार भनिन लायकका र गजलकै सेवा गर्ने गजलकार नेपाली साहित्यमा देखा परेनन्। तर यस बीचमा म.वी.वि. शाह, रमोलादेवी शाह 'छिन्नलता', महाकवि लक्ष्मीप्रसाद देवकोटा, कवि शिरोमणि लेखनाथ पौड्याल आदिले पनि आफ्ना कृतिहरूमा फाट्टफुट्ट गजल लेखेर समावेश गरेका तथ्यबाट

चाहिँ हामीले आँखा चिम्लिन मिल्दैन भने हरि बहादुर रंजितजस्ता लोकगायकले चाहिँ गाएर भए पनि नेपाली गजलको सक्दो सेवा गरेका छन् । तर गजल प्रेमीहरूले यस तथ्यलाई त्यति ध्यान दिएको देखिन्न । त्यसका अतिरिक्त भीमनिधि तिवारीदेखि वि.सं. २००७ सालको अवधिमा राणाका दरबारहरूमा तालिमे नानी र गवैयाहरूद्वारा पनि हिन्दी, उर्दू मिश्रित नेपाली गजलहरूले स्थान पाएकै थियो भन्ने कुरा भुक्तभोगीहरू बताउँछन् ।

□ लेखनीका दृष्टिले वि.सं. १९९६ देखि वि.सं. २०३६ को अवधि अर्थात् कविता साहित्यको आधुनिक कालमा गजलको पूर्वार्द्धको स्थिति गजल साहित्यका लागि उर्वर नदेखिए तापनि बाली नाली नै निमट्यान्न भैहाल्ने खालको खडेरी परेको स्थिति पनि थिएन । वि.सं. २०३६ पछि नेपाली साहित्यको मन्दिरमा गजलले नयाँ दुलहीलेझैं यसरी सिँगारेर र ब्युँताएर ल्याउँने उत्तरार्धका गजलकार दुलाहाहरूमा जैनेन्द्र जीवन, मनु ब्राजाकी, दिव्य गिरि, धर्मोगत शर्मा तूफान आदि थिए । यी दुलाहाहरूको जन्ती जान वि.सं. २०४० पछि थुप्रै जन्तीहरू गजलरूपी फूल र अक्षता लिएर देखापरे । गजलका यी जन्तीहरू ज्ञानुवाकर पौडेल, बद्रीलाल श्रेष्ठ, वियोगी बुढाथोकी, ध्रुव मधिकर्मी, भरतराज पन्त, लव गाउँले, धीरेन्द्र मल्ल, बुँद राना, विजय बजिमय, तीर्थ श्रेष्ठ, रवि प्राञ्जल, ललिजन रावल, मुन पौडेल, सुभाषचन्द्र ढुङ्गेल, खगेन्द्र बस्याल, यज्ञविक्रम शाही, कविराज पोखरेल, विवश पोखरेल, रत्न प्रजापति, कमला निर्दोषी, रेखादेवी श्रेष्ठ आदिको हुलबाट निस्केर नेपाली गजल साहित्यको क्षेत्रमा छुट्टै स्थान र परिचय बनाउँन तल्लीन, दत्तचित्त र साधनारत युवा प्रतिभाको नाम हो घनश्याम न्यौपाने 'परिश्रमी' । हुन त यसपछि पनि गजल लेख्नेहरू पदम गौतम, सानुराजा अञ्जान, युवराज नयाँघरे, श्रेष्ठ प्रिया 'पत्थर', राजेश्वर रेग्मी, अमिर निशाचर, सविना मिश्र, सनतकुमार, यमूना र राय, धीरेन्द्र प्रेमर्षि, दीपक लोहनी, चंकी श्रेष्ठ, आर.बी. फ्लेम, मणि लोहनी, कृसु क्षेत्री, खुखुराज शाही, प्रकट पगेनी शिव आदिको लामै लश्कर देखिन्छ ।

□ सन् १९५८ जुन १८ का दिन स्याङ्जा, गण्डकी अञ्चलमा जन्मेका गजलकार घनश्याम न्यौपानेका अन्त्यमा (खण्डकाव्य, २०३६) यो मौसम (गजल संग्रह, २०५०) एवं घामको छहारीमा (गजल संग्रह, २०५४) गरी तीनवटा पुस्तक प्रकाशित भएको देखिन्छ । घनश्याम परिश्रमीको सुरुमै खण्डकाव्य प्रकाशित भएको देखिए तापनि यिनी मूलतः गजलकारकै रूपमा मात्र धेरथोर परिचित छन् । गजल लेखनको समयका हिसाबले घनश्याम परिश्रमीको उमेर जम्माजम्मी दश वर्षको मात्र भयो र दश वर्षको उमेरलाई ध्यान दिँदा दश वर्षको बच्चाले केवल खानु, लाउनु, फोहर सफा गर्नु र आफन्त चिन्न मात्रै जानेको हुन्छ भन्दा पनि हुन्छ । यही सीमारेखाको सन्दर्भमा यहाँ गजलकार घनश्याम परिश्रमीको गजलसंग्रह "यो मौसम" का बारेमा मात्र चर्चा गरिनेछ ।

□ यो मौसम (वि सं. २०५०) मा घनश्याम परिश्रमीका वि.सं. २०४४ देखि वि सं. २०४९ सालसम्म अर्थात् ५ वर्षको अवधिमा विभिन्न स्थान र परिवेशमा लेखिएका ९३ वटा गजलहरूको संग्रह हो । यी ९३ वटा गजलहरूले भावनात्मक रुपमा विषयको विविधतालाई प्रकटीकरण गर्न खोजेको भए तापनि संग्रहमा संगृहित ९५% गजलको स्वर र लक्ष्य एउटै र केन्द्रबिन्दु उस्तै-उस्तै अर्थात् यथास्थितिप्रतिको असन्तुष्टि, छटपटी, आक्रोश, र परिवर्तनको चाहनालाई बोकेको छ भने अर्कोतिर व्यक्तिगत प्रेमालाप घनश्याम परिश्रमीको गजलका विषय

बनेका छैनन् भनेर विद्वान् भूमिका लेखक महोदयले भने तापनि परिश्रमीको 'यो मौसम' को पृष्ठ बैसट्ठी, सतहत्तर, एकानब्बे एवं त्रियानब्बेमा सजिएका गजलहरूले विद्वान् भूमिका लेखक महोदयको ढोलको पोल बीच बजारैमा हवात्तै खोलिदिएको छैनभनेर कसरी पत्याउने ? उदाहरणका लागि व्यक्तिगत प्रेमालाप नभएका (?) परिश्रमीका गजलका नमूना हेरौं-

नबोल्दा नबोल्दै पनि माया लाग्छ किन ?
तिम्रो स्वभाव नै मैले मोल्न सकिन । (पृ. ७७)

मैले मीठो माया माँग्दा किन रुखो बोली दियौ
यस्तो बोली दियौ मानु कि छातीमा गोली दियौ। (पृ. ९१)

टाढा भई दिन बिर्सुँ भन्छु बैगुनीलाई
तर सम्झनाले सताउँछ रातो दिन । (पृ. ९३)

यी गजलांशहरू पढेर यिनलाई परिभाषित गर्दा यिनलाई कार्लमार्क्सको द्वन्द्वात्मक भौतिकवाद जुन सिद्धान्त साहित्यमा प्रगतिवाद बनेर भित्रिएको परिप्रेक्ष्यमा प्रगतिवादी भन्न मिल्ला त ? अझ पृष्ठ ७९ को गजल पढ्दा त अरूलाई 'तथाकथित' र 'विचार शून्य' भनेर आरोपित गरिएका कविहरूका कविता र प्रगतिवादी चेत र स्वर अँगाल्ने गजलकार परिश्रमीका गजलहरूमा तुलनात्मक वा मात्रात्मक भिन्नता के छ त (?) भन्ने जिज्ञासा स्वाभाविक रूपले पलाउँछ ।

जवाफ खोज्छु पाउँदिन के हो जिन्दगी
यथार्थमा आँसु हो कि हाँसो हो जिन्दगी । (पृ. ७९)

माथि उल्लिखित गजलांश पढेर त झन् प्रगतिवादी परिश्रमीलाई जीवनको गति, उद्देश्य र लक्ष्यको अर्थ नै थाहा नभएको र हाँसो र आँसु बीचको भेद नै स्पष्ट नभएको अर्थात् वैचारिक दृष्टिले उनलाई कुहिरोको काग वा कुपमण्डुक सावित गर्दैन र ? नैराश्य र अनिश्चितताका यस्ता पिलन्धरे बोली बोल्ने तथाकथित प्रगतिवादी लेखकहरूले बुझ्नुपर्ने एउटै तथ्य के हो भने संसारका चाहे कम्युनिष्ट हुन् चाहे समाजवादी वा चाहे नक्सलाइट अथवा उग्रपन्थी-दक्षिणपन्थी नै किन नहुन् - ती व्यक्तिहरू प्रेम र स्नेहको भाषाबाट कोही पनि टाढा रहन सक्तैनन् । जसले टाढा रहन सक्ने दम्भ र दावी गर्छ- त्यसले सूर्य राती उदाउँछ भन्ने हास्यास्पद थोत्रालाप गरेको हो भनेर ठोकुवा गरेर भन्न सकिन्छ । किनभने माया, प्रेम, प्यारमै संसार अडेको छ । त्यहींबाट सृष्टिको बिँडो थामिएको छ र सृजना भएको छ भन्दा अतिशयोक्ति नहोला ।

□ घनश्याम परिश्रमी गजलकारमात्र नभएर गजलका ज्ञाता एवं समीक्षक पनि हुन् भन्ने कुरा उनका प्रकाशित समीक्षाहरूले पुष्टि गरेका छन् । कविता होस् वा गजल मूलत: यिनी प्रगतिको स्वरमा स्वर मिलाउँने र चेतनाको गाण्डिवमा सृजना र परिवर्तनको तांदो चढाउँन मन पराउने प्रवृत्तिका नवप्रतिभा हुन् भन्ने कुरा उनका रचनाले बुझाउन र अर्थ्याउन भरमग्दूर प्रयत्न गर्दछन् । त्यसैले 'यो मौसम' मा संगृहित उनका अधिकांश गजलमा पनि उनले यिनै भावनालाई अभिव्यक्त गर्ने र तिनै मान्यतालाई अघि सार्ने प्रयत्न गरेको पाइन्छ । सुखी संसार र सभ्य समाजको कल्पना गर्दै परिश्रमीले अन्याय, अत्याचार, असमानता, शोषण र दमनको विरोधमा मनग्गे कलम चलाएका छन् र यी भावहरू गजलको संरचनाभित्र शब्दद्वारा पोखिएका पनि छन् । यथा-

मुक्ति पाउँने विश्वासमा उठ्दैछौं हामी
लक्ष्य भेट्ने उद्देश्यले जुट्दैछौं हामी । (पृ. ६०)

कदम गतिशील अघि बढाई राख्नुपर्छ
अग्ला पहाड देख्नासाथै रुक्नु हुन्न । (पृ. ८६)

□ समयको गतिसँगै हिँड्ने, असहायका हिमायती, न्यायका पक्षपाती गजलकार घनश्याम

परिश्रमी प्रगतिवादी वैचारिक दृष्टिले जति नै खारिएको भए तापनि उनको त्यो वैचारिक दृढता, प्रखरता वा वेग 'यो मौसम' ले त्यति विघ्न उडाएर ल्याउन सकेको देखिँदैन । विशेषतः उनी आफ्ना रचनामा ठिट्यौले नाराबाजी र स्तरहीन शब्दजालको मोहबाट पूर्णरूपमा मुक्त हुन सकेको देखिँदैन । त्यसका अतिरिक्त गेय विधा गजल स्नेहालु, मायालु र लयालु हुन्छ र त्यसका लागि शब्द पनि सोही अनुरूप चयन गर्नुपर्छ भन्ने मान्यतालाई पनि चटक्कै बिर्सेर परिश्रमीले आफ्ना गजलहरूमा जिन्दाबाद र मूर्दाबादका गर्हौं स्वर ले गजलहरूलाई उठ्नै नसक्नेगरी किचिदिएका छन् जसलेगर्दा गजलको गेयता र लयात्मकता हराएर गजल बैंस निखिएर बुढ्यौलीको संघार मा उभिएकी कुनै अपरिचित नारीझैं शृङ्गार विहीन, लयहीन, गेयविहीन हुन पुगेको छ भन्दा बढी भनेको नठहरिएला ।

□ हुन त गजलकार परिश्रमी 'कम्युनिज्म' अर्थात् समाजवादी-जनवादी-प्रगतिवादी विचार धाराको पद्याशनमा बसेर द्वन्द्वात्मक भौतिकवादको कखरा पैल्याउँदै एक बराबर एक, समानता, शोषणरहित समाज, न्याय र स्वतन्त्रताको कुरा गर्छन् । तैपनि यात्राका लागि जंघारहरू तर्नुपर्दा उनी आफ्नै विचारसँग लक्ष्यसँग एवं दृढतासँग स्पष्ट नभएर अन्यौलमा पर्दछन्, असपष्ट हुन्छन्; अर्न्तद्वन्द्वमा जेलिएका छन् भन्ने कुराको प्रमाण पृष्ठ चौंतीस, एकाउन्न र पृष्ठ उनासीका उनकै गजलहरूले प्रमाणित गरेका छन् । किनकि यी गजलहरूले उनमा वैचारिक स्पष्टताको अभाव, दृढताको कमी एवं आत्मसंयम र धैर्यको अभाव छ भन्ने कुराको सार्वजनिक घोषणा नै गरेका छन् । यसका अतिरिक्त यिनले अधिकांश ठाउँमा अनेपाली शब्दको प्रयोग गरेर एकातिर नेपाली भाषामाथि खेलवाड गरेका छन् भने अर्कोतिर आफ्नो भाषिक दारिद्र्यको नमूना पनि प्रस्तुत गरेका छन् । यथा- जिएकै, आवहवा, मुर्झाउनु, मजबुरी, बैकार, साजिश, पास, फेल, सफर, दिवार आदि-आदि । यी शब्दहरूको नेपाली रूप एउटा-एउटा सर्वसाधाराण नेपालीलाई त थाहा हुन्छ भने गजलकार मात्र नभएर नेपाली भाषाका गुरु घनश्याम परिश्रमीलाई थाहा थिएन होला भनेर पन्छिने र क्षमा दिने ठाउँ छैन । त्यसैले टङ्कारो देखिने यस्ता कमजोरीबाट भविष्यमा जोगिनु परिश्रमीका लागि उपयुक्त नै हुनेछ भन्ने आशा गर्नुअसान्दर्भिक नहोला । प्रगतिशील रचनाकारहरू केवल परिवर्तन, प्रगति र चेतनाका मात्र कुरा गर्छन् भन्ने एकलकाँठे अर्थात् लिँडेढिपी तर्कलाई घनश्याम परिश्रमीले मात र सुराको भाव अभिव्यक्त गरेर झूठो प्रमाणित गरिदिएका छन् । यथा -

पिए तापनि सुरा लागेको कत्ति मात थिएन(पृ. ८९)

प्रगतिवादी भनौं वा कम्युनिष्ट जुनसुकै मानिसलाई पनि रमाईलो गर्न मन लाग्छ, कुनैबेला मात चढाउँन पनि मन लाग्छ, माल पनि मन लाग्छ अर्थात् सुरा भएपछि सुन्दरीको सामीप्य त झनै प्यारो लाग्छ नत्र लेखोटहरूमा लेखिएअनुसार माया र प्रेमको चर्चाबाट तीन हात पर भाग्न खोज्ने प्रगतिवादी विचारधाराका लेखकको अभिव्यक्तिमा यस्तो 'मातानुभूति' अनुभूतिजन्य भाव कहाँबाट प्रस्फुटन भयो ? सुरा र मातको लहड कहाँबाट तरंगित भयो ?

□ घनश्याम परिश्रमीले आफ्नो छोटकरी नाम 'घनु' लाई 'यो मौसम' का मक्ताहरूमा पन्ध स्थानमा प्रयोग गरेका छन् भने उनका श्रद्धेय गजलकार 'मनु' को नामलाई एक ठाउँमा प्रयोग गरेका छन् । तखल्लुसका दृष्टिले ती नामको प्रयोग स्वाभाविक भएतापनि ती गजलहरूमा

तिनको प्रयोगले प्रभावोत्पादकतामा ह्रास आएर ती अनुभूति र अभिव्यक्ति सम्प्रेषण वा भावगाम्भीर्यका दृष्टिले पनि केवल व्यक्तिगत सीमारेखामा समेटिएको अनुभव हुन्छ ।

□ समसामयिकताप्रति सचेत रहने परिश्रमीका गजलहरूले 'यो मौसम' मा गजलको नियम अर्न्तगत काफियालाईचाहिँ त्यति ध्यान दिएको पाइँदैन । जस्तै 'यो मौसम' का पृष्ठ छत्तीस, सैंतीस, अडतीस, उन्चालीस, त्रिचालीस, पचास, एकाउन्न, पचपन्न, बयासी, त्रियासी, एकानब्बे आदिका गजलहरूलाई अध्ययन गरियो भने यो कुराको स्वतः पुष्टि हुन्छ । हुन त यसलाई काफियाविहीन गजल लेख्न सकिने उदाहरणको रूपमा लिइएला । तर यसले गजलको संरचनात्मक ढाँचालाई हानी पुऱ्याएको नठहर्ला त ?

□ परिश्रम गरेर खाने परिश्रमी एवं स्वाभिमानी मान्छेहरूका हिमायती, भ्रष्ट एवं शोषकहरूका कट्टर विरोधी गजलकार परिश्रमीले त्रियानब्बेवटा आफ्ना गजलहरूमा पक्कै पनि भाव, शैली र शिल्पको सन्दर्भमा मेहनत पक्कै गरेका छन् । तर उनका अनुभूतिहरूले घोडाको वेग र तलवारको धारजस्तो तीव्रानुभूति भएर पाठकहरूका मनमा सकारात्मक रूपमा सम्प्रेषित हुन सक्दैनन् भने बैरीहरूको मुटु थर्काउन पनि सक्दैनन् । किनभने गजलकार परिश्रमीको भाषामा शैलीगत मोहनी र विद्रोहमा आगो ओकल्ने क्षमताको अभाव छ भने विचारले चाहिँ चरममा झुम्याउँने वा तताउँने क्षमताको नितान्त अभाव छ । यसका अतिरिक्त उनका अभिव्यक्तिमा वैचारिक गजलहरूमा कमजोरी बनेर देखापरेका छन् । यसका अतिरिक्त प्रगतिवाद के हो र यो के का लागि भनेर उनले कोमल गेयात्मक काव्यविधा गजलको माध्यमबाट स्पष्ट पार्न सकेका छैनन् । हुन त आफ्ना गजलहरूमा परिश्रमीले प्रगतिवादी विचारका दृष्टिले र शैलीका दृष्टिले आफ्ना समकालीन गजलकारहरूका तुलनामा निश्चय नै 'यो मौसम' मा पृथक् परिचय बोकेर देखापर्ने प्रयास गरेका छन् । तर यो प्रयत्नलाई आफ्नो छुट्टै परिचय र प्रभावका रूपमा परिणत गर्न उनले वैचारिक दृष्टिले अझै खारिनुपर्ने, शैलीगत दृष्टिले अझै माझिनुपर्ने, प्रगतिवादी सौन्दर्यचिन्तनका दृष्टिले आफ्नो दृष्टिकोणलाई व्यापक अध्ययनद्वारा परिस्कृत गर्नुपर्ने सुरा, सुन्दरीप्रतिको आसक्तिलाई उत्त्याग गरेर बुर्जुवा मनोवृत्तिलाई निर्मूल पार्नुपर्ने एवं पाठकहरूको मन मस्तिष्कमा बढीभन्दा बढी सम्प्रेषणका लागि ठिट्यौले नारा बाजी शैलीबाट टाढिनुपर्ने टड्कारो आवश्यकता देखिन्छ । गजलकार घनश्याम परिश्रमीले निश्चय नै 'यो मौसम' को रिमझिम वर्षाद्वारा नेपाली साहित्यको गजलरूपी बगैंचालाई सिंचन गर्ने प्रयास गरेका छन् र साहित्यप्रतिको लगनशीलता र सेवाभावका दृष्टिले उनको यो कार्य मननीय छ । तर उनीजस्ता सम्भावना बोकेका गजलकार ले माथि उल्लिखित कुराहरूलाई हृदयंगम गरी साहित्यमा साधनारत रहे नेपाली गजल साहित्यमा 'यो मौसम' ले मात्र होइन उनका अरू थुप्रै मौसमहरूले पनि मान पाउलान्-सम्मान पाउलान् ।

□□□

जुनकिरी तबसम्म चम्कन्छ, जबसम्म त्यो उडिरहन्छ । त्यस्तै हाल मनको पनि हुन्छ । - **बेली**

म माटोमा मिले पनि नयाँ नेपालको निर्माण होस्, प्रजातन्त्र फलोस् फलोस् मर्न नपाओस् । - **महाकवि देवकोटा**

आलोचना

# ऐतिहासिक आन्दोलनको अवमूल्यन : 'विद्रोह विकल्प'

❑ भागवत ढकाल

ऐतिहासिक जनआन्दोलन २०४६ लाई विषयवस्तु बनाउन खोजिएको 'विद्रोह विकल्प' (२०५१) रमेश थापाको सामाजिक उपन्यास हो। ऐतिहासिक जनआन्दोलनको महत्त्व र औचित्यमाथि सही दृष्टि राख्ने राजेश्वर देवकोटाको सभापतित्वमा सम्पन्न कार्यक्रममा आन्दोलनका नायक गणेशमान सिंहद्वारा विमोचन गराइएको विषेश कृतिले आन्दोलनको मूल मर्मलाई उदार हृदयले आत्मसात् गर्न सकेको देखिन्छ।

विद्रोह नै विकल्पको प्राप्ति हो अथवा विकल्पको प्राप्तिका लागि विद्रोहले पृष्ठपोषकको कार्य गरेको हुन्छ भन्दै पञ्चायती व्यवस्थाको विकल्प बहुदलीय प्रजातान्त्रिक व्यवस्था मिल्ने, जसको प्राप्तिका लागि विद्रोहले चरमोत्कर्ष समाउनुपर्ने भन्ने कुरालाई अभिव्यक्ति दिन सक्षम देखिन्छ, कृतिको शीर्षक 'विद्रोह-विकल्प'।

वीरेन्द्रबहादुर चन्दले भूमिका लेख्दै "एकै कुरा जति नै राम्रो असल, साध्यामी, गुणकारी भए पनि त्यो सधैं रहँदा, गाडिँदा, भेटिँदा नजानिँदो किसिमले नराम्रो हुन पुग्दो रहेछ" भन्दै पञ्चायती कुकृत्यलाई शब्दजालका माध्यमबाट डाक्छोप गर्न खोजेका छन्। विषयवस्तुको व्याख्या आफ्नै व्यवस्था अनुरूप शासक भूमिका लेख्नुले उनको साहित्यिक व्यक्तित्वमा विगतको राजनीतिक पृष्ठभूमिले मन मस्तिष्कमा जरा गाडेको स्पष्ट हुन्छ। साथै व्यवस्था परिवर्तन मानवीय चाहना भएकाले यसका विपरीत जान खोज्नु आफ्नै मूर्खता हो भन्दै एकातिर आन्दोलनप्रति जनशक्तिलाई स्वीकार्दै सम्मान व्यक्त गरेका छन् भने अर्कातिर आन्दोलनको प्रारम्भिक चरणका शासकहरूप्रति आफ्नो असन्तोष पोख्न पनि उनी पछि परेका छैनन्। जेहोस् चन्दको भूमिकाले विषयवस्तुको केन्द्रीयतामा प्रवेश गराएको देखिँदैन।

संग्रामसिंह र हिमा (हिमचुला) लाई मुख्य पात्रका रूपमा उभ्याएर काठमाडौं, भक्तपुर, कर्णालीप्रदेश र नेपालगञ्जबाटा केन्द्रलाई कार्य पीठिका बनाइएको समीक्ष्य उपन्यास ऐतिहासिक जनआन्दोलनका पक्षमा लेखकको सम्मानस्वरूप शब्द सुमनका रूपमा अघि आएको छ। उपन्यासमा समाजसेवी आदर्श व्यक्तित्व, सबै अन्धानान्यवाले ग्रस्त समयसापेक्ष पाइला चाल्न नजानेर शोषकहरू आन्दोलनलाई हरसम्भव सताउन उद्यत शिक्षक, कर्मचारी, डाक्टर, इन्जिनियर, एवं समाजका बुद्धिपाका व्यक्तिहरूलाई पनि स्थान दिइएको छ, तर पनि कथावस्तुलाई अघि बढाउन र लेखकीय उद्देश्य पूर्तिका लागि माध्यमचाहिँ संग्रामसिंह र हिमचुलालाई बनाइएको छ। बलमन्तीले राजनीतिक विद्रोहका विकल्पमा भन्दा छोरी हिमाको चरापसी व्यवहारमा बुझाएपले बढी द्वन्द्व सिर्जना गराएका छन्। उनको राजनीतिक क्रियाकलाप गुप्त रूपमा अघि बढेको छ।

उपन्यासमा गृहीत विषयवस्तुलाई अघि बढाउन आएको संग्रामसिंहलाई मूलतः दुईवटा व्यक्तित्व दिइएको छ, सामाजिक संरचनाको आमूल परिवर्तनकामी समाजसेवी राजनीतिक कार्यकर्ताका रूपमा र प्रेमी व्यक्तित्वका रूपमा। पहिलो ताको व्यक्तित्व देखाउनु लेखकको अभीष्ट भएकाले उनको प्रेमी व्यक्तित्व सफल मान्न

सकिँदैन, हिमा स्वयं फाँसिन र फसाउन आइपुगेकी हो ।

वास्तवमा संग्रामसिंहको त्यति सक्रियता पनि देखिँदैन । जेहोस् प्रेम गर्न थालेपछि पनि हिमाको जस्तो छटपटी र एउटा प्रेमीमा हुनुपर्ने मानसिक द्वन्द्व उसमा देखिँदैन । आफ्नो राजनीतिक समाजसेवी व्यक्तित्वका सामु उसले प्रेमी व्यक्तित्वलाई उपेक्षा गरेको छ । यसबाट एकातिर राजनीतिक व्यक्तिहरु अन्य व्यावहारिक एवं पारिवारिक जीवनमा असफल हुन्छन्, आफ्ना पारिवारिक इच्छाप्रति ध्यान पुऱ्याउन सक्दैनन् भन्ने कुरा स्पष्ट्याइएको छ, जसका लागि वनमन्त्री (हिमाको बुवा) लाई सहायक बनाइएको छ भने अर्कातिर राजनीतिज्ञहरू पारिवारिक धरोबाट मुक्त भएर समाजसेवामा कसरी दत्तचित्त हुन्छन् त भन्ने सकारात्मक पक्षलाई पनि यहाँ बिर्सिएको छैन ।

नायकको नाम संग्रामसिंह राखेर त्यसैलाई आन्दोलनका सफलताको श्रेय प्रदान गर्न खोज्ने एवं आदर्शमय व्यवहार र आदर्श वाक्यहरूको न्यौछावर उसकै मुखबाट अहर्निशं गराइरहेको देख्दा संग्रामसिंहका रूपमा लेखक स्वयं उपस्थित हुन खोजेका त होइनन् भन्ने आभास पाठकलाई पटक-पटक आइरहन्छ । त्रि.वि. शिक्षण सेवाबाट राजनीतिक कारणले निष्कासनमा परेको संग्रामसिंह समाजसेवा गर्दै जनजागरण ल्याउन एवं जनतालाई जनअधिकार बुझाउँदै आन्दोलित तुल्याउन भक्तपुरदेखि नगरकोट, कालिकोट, जुम्ला, अछाम आदि देशका विभिन्न ठाउँमा पुग्छ । समाजका अशिक्षित गाउँलिहरूदेखि पढालेखा शिक्षक, विद्यार्थी, कर्मचारी, इन्जिनियर, डाक्टर, भूतपूर्व सैनिक, शिक्षाधिकारी, जि.वि.स. का पदाधिकारी आदि सबैलाई सचेत तुल्याउँदै शोषण र त्यसको परिपाटीका विरूद्धमा अघि बढ्न संग्रामसिंह प्रेरित तुल्याउँदछ । यति मात्र कहाँ हो र ? संग्रामसिंह जहाँ गयो त्यहीँ राम्रा राम्रा कविता सुनाउन पछि पर्दैन, गीत गाएर जनसमूहलाई मन्त्रमुग्ध तुल्याउँछ, प्रशंसा पाउँछ, जहाँ र जस्तै जनसमूहको पनि हृदय जितेर आफ्नो स्थान बनाउँछ । यसरी उसका गुणको बखान गर्ने क्रममा संग्रामसिंहको धोती पनि फुस्काइदिएका छन् लेखकले । जब संग्रामसिंह पुलिसको डरले पश्चिम नेपाल कर्णाली प्रदेश पुग्छ । पश्चिम प्रदेशमा के पुलिस हुँदैन र ? अर्थात् केन्द्रीय कार्यालयसँग पश्चिमको सम्पर्क हुँदैन ? तर ऊ त्यहाँ थोरै दिन बस्दा घुम्दा साथी लघुसँग मिली जिल्लामा जागरण र चेतना मात्र होइन, पुस्तकालय खोल्छ, प्रौढ-शिक्षा सञ्चालन गर्छ, राजनीतिक छलफल गर्छ, पिकनिक पनि जान भ्याउँछ र जनसाधारणलाई सचेत तुल्याउँछ । संग्रामसिंहले आफ्नो केही दिनको बसाईँमा तत्कालीन व्यवस्थामा वर्षौंमा सम्पन्न हुन नसक्ने (अझ सरकार विरोधी व्यक्तित्वका अग्रसरतामा) कार्यहरू गरेको छ, गाउँलेहरूको सुखदुःखको साथी र सल्लाहकार बनेको छ, यसका लागि समयगत सीमा जति दिइएको छ त्यसैका लेखकको मानसिकताले भ्याएसम्मका सामाजिक क्रियाकलाप गर्नु गराउनु एउटा राजनीतिक रूपमा भूमिगत बन्दीलाई सम्भव थियो थिएन ? तत्कालीन परिस्थितिलाई लेखकले बिर्सिएका छन् । यसका अतिरिक्त पञ्चायतका संगठनहरू एवं जि.वि.स. (तत्कालीन जि.प.स.) सभापतिरूसँगको संलग्नता देखाइएको छ, वास्तवमा पञ्च संगठन र संगठकहरूले आन्दोलनकारी समाजसेवीलाई कहाँ सघाएका थिए ? त्यस्तो सौहार्द वातावरण कहाँ थियो ? जस्ता कुराहरू असान्दर्भिक र जनआन्दोलन दबाउने शक्तिप्रति बढी सहानुभूति राख्न खोजिएको भान हुन्छ ।

हुन त आन्दोलन दबाउन चालिएका चाली, बैठक, आमसभा आदिका लागि राष्ट्रको ढुकुटी

रित्याइएको प्रसङ्गलाई पनि नकोट्याइएको चाहिँ होइन, तर पनि लेखकको समर्थन आन्दोलनकारी हरूमा हृदयतः थियो भन्ने कुराको पुष्टि उपन्यासले गर्दैन । वास्तवमा त्यति ठूलो ऐतिहासिक जनआन्दोलन एउटा संग्रामसिंहको सामाजिक सचेतता र आन्दोलित मनस्थितिले मात्र सम्भव थियो त ? के आन्दोलनलाई वैयक्तिक घेराबाट हेर्दा त्यसको महत्त्व र औचित्यलाई इतिहासमा बङ्याउन खोजिएको त होइन ? शङ्का-उपशङ्का पाठक हृदयमा जन्मिनु स्वाभाविकै हो ।

त्यस्तो महान् समाजसेवी, उदार, सहृदयी व्यक्तित्वका रूपमा प्रस्तुत गर्न खोजिएको संग्रामसिंहलाई प्रेम प्रसङ्गमा किन त्यस्तो हलुङ्गो र हिन्दी फिल्मको नायक शैलीको देखाइएको हो त ? अर्थात् हिमाको घडी संग्रामसिंहले नै भेटाउनु, घडी पुऱ्याउन खोज्दै हिँड्नु, अन्तर्वार्तामा पनि आफ्नो जिन्दगीभन्दा समाजसेवा ठूलो छ भन्ने भावुकता प्रकट गरेकै भरमा हिमा आकर्षित हुनु (जसलाई एम.बी.बी.एस. पढेको जनाइएको छ) त्यस्तै हिमासँगको केही दिनको सम्पर्कमा शारीरिक सम्बन्ध राख्न पछि नपर्ने संग्रामसिंहजस्तो समाजसेवी व्यक्तित्वले हिमालाई चटक्कै बिर्सेझैँ गर्नु अथवा उपेक्षा गर्न सुहाउँछ या सुहाउँदैन ? के प्रत्येक राजनीतिककर्मीहरू यस्तै धोकेबाज हुन्छन् भन्न खोजिएको हो ?

बिचरा हिमालाई बिना विवाह पेटमा बच्चा बोकेर पारिवारिक यातना र सामाजिक कुदृष्टिले सास्ती सहनुपरेको छ, के संग्रामसिंह जस्तो आदर्श र समाजसुधारकको प्रतिमूर्ति बन्दै देश भ्रमणमा हिँड्ने व्यक्तिको कर्तव्य यही हो ? प्रहरी प्रशासनले 'तँ लुके झैँ गर् म खोजे झैँ गर्छु' भन्ने भावना राखेको थियो संग्रामसिंहप्रति भन्न खोजिएको छ, वास्तवमा यदि त्यस्तै हो भने त्यतिखेर अलिकति पनि सचेत हुँ भन्ने व्यक्तिलाई किन यातना दिइएको थियो ? यसबाट पनि सच्चा आन्दोलन पीडितहरूप्रति अपमान ठहरिँदैन त ?

हो, संग्रामसिंह राजनीतिक समाजसुधारक हो, तर ऊ अजातशत्रु देखिन्छ, ऊ जस-जससँग बोल्दछ सबै उसका भक्त निस्कन्छन्, सत्तापक्षीय एवं आन्दोलनकारी सबैलाई उसका आदर्श वाक्य सुपाच्य हुन्छन्, के यो तत्कालीन परिवेशमा सम्भव थियो ? अहिले प्रजातन्त्र आएको १२ वर्ष बितिसक्दा त एक आपसमा झैँझगडाको व्यापकता छ । वैमनष्यता बढेको स्पष्टै छ ।

संग्रामसिंहको केन्द्रीयताबाट बाहिरिँदा हिमाकै सन्दर्भमा पनि मन्त्रीपुत्रीका रूपमा सधैँ चिल्लो कार गुडाउने व्यक्तिमा के तत्कालीन व्यवस्थाप्रतिको असन्तोष थियो वा थिएन ? सौतेनी आमा भएकाले बुबाप्रति अवचेतनामा रहेको असन्तुष्टिलाई तुष्टि दिन मात्रै उसले संग्रामलाई बुबाको प्रतिद्वन्द्वीका रूपमा खोज्नु परेको त होइन ? मनोविज्ञानले त यसै तथ्यलाई साथ दिन्छ । अस्तु, पारिवारिक बन्धनबाट स्वतन्त्र आकाशमा विचरण गर्ने जुन आदत हिमाले बताएकी थिई र स्वेच्छापूर्वक आफ्ना क्रियाकलाप अघि सारेकी थिई, त्यसको परिणाम सामाजिक कलङ्क मानिने कार्य उसबाट सजिलै सम्पन्न भयो । साथै आफ्नै जीवन पनि सफल बनाउन सकिन एउटा शिक्षित युवतीले । आफ्नै गाडीले संग्रामलाई हानेर सेवा सुश्रुषारूपी जाल फ्याँकेर जालमा पार्न सक्षम भएपनि हिमा न आन्दोलनकै पक्षमा समर्पित हुनसक्छे, न आफ्नो मनको लड्डुलाई पाउँछे, न त्यसलाई छोड्न सक्छे, आफ्नै अगाडि आफूले सर्वाधिक चाहेको व्यक्तिको राजनीतिक हत्याले उसलाई उद्वेलित तुल्याउनु स्वाभाविकै छ तर पनि प्रेमप्रतिको सोचाइ र त्यसलाई अभिव्यक्ति दिने भाषा हिमाको पनि सामान्य देखिन्छ । उसले संग्रामलाई भेटेदेखि पारिवारिक दायित्व र मर्यादा

भुलेकी छे, सँगी साथीबीचको व्यवहारमा पनि निकै परिवर्तन देखाएकी छे, तर पनि उसले आफ्नो बुबा मन्त्रीको धाक दिएर संग्रामलाई क्रान्तिको बाटोबाट अलग्याउने प्रयास गरेकी छैन । यसैलाई पनि उसको चारित्रिक प्राप्ति मान्नु पर्ने हुन्छ ।

समष्टिमा भन्दा देशमा प्रजातन्त्र आइसकेको छ । इतिहासकारहरूले ऐतिहासिक जनआन्दोलनलाई विश्लेषण गरिरहेका छन् । यस्तै समयमा लेखिएको 'विद्रोह विकल्प' मा पनि आन्दोलनलाई विषयवस्तु बनाइएको छ, तर त्यस आन्दोलन र आन्दोलनकारीहरूप्रति चाहिँ उचित सम्मान दिन सकेको छैन । अर्थात् आन्दोलनको महत्त्व र औचित्यलाई उपन्यासकारले इमान्दारीपूर्वक उद्घाटन गर्न सकेको देखिँदैन । त्यति महान् र युगान्तकारी आन्दोलन १६२ पृष्ठको घेरामा संग्राम, हिमा एवं वनमन्त्रीकै माध्यमबाट अभिव्यक्त हुनसक्ने विषय निश्चय पनि होइन । तर पनि लेखकले यस विषयवस्तुप्रति जुन दृष्टि दिए त्यो प्रशंसनीय मान्नै पर्छ । ऐतिहासिक आन्दोलनलाई संकुचित दृष्टि दिए वापत् सधैं विवादास्पद बनेका राजेश्वर देवकोटाको सभापतित्व र आन्दोलनका नायकको बाहुलीबाट विमोचन भव्यसमारोह बीच गराइएको र लोकेन्द्रबहादुर चन्दको पानीमाथिको ओवानु वन्दै लेखिएको भूमिकाले उपन्यासलाई निश्चितरूपमा चर्चित तुल्याएको छ । आशा गरौं लेखकले आलोच्य कृतिमा साहित्यिक अभ्यासमात्र प्रस्तुत गरेका हुन् । परिष्कारको जन्म बाँकी नै छ ।

कविता

## समयको मन

❑ चेतनाथ धमला

समयको मन
हिजो जस्तै छ आजपनि
धरधरी च्यातिएको लुगाजस्तै,

अँगालोभरि जून-घाम खोज्दै
समयको नियति
हिँडिरहेछ टवाक्क-टवाक्क !
अभावमा धैर्यको बाँध फुटाएर
खोजिरहेछ इतिहासमा आफ्नो परिचय,

ओरालो लागेको मृग झैं
डाँडा बसेको घाम झैं भएर
एक्कासी प्यास नेट्ने सपनामा
शीतको थोपा उघाउँदै
समयको तिखा बाँचेको छ छातीभरि,

निरन्तर
अभावको वर्षातमा
थोपा-थोपा आँसु सँगाल्दै
मन जम्दोछ सिङ्गै पोखरीमा,

-ओखलढुङ्गा

यदि तिमी आफुलाई बर्बाद गर्न चाहन्छौ भने धनीस्वास्नी विवाह गर ।
-माइकेलेट

नम्रताले मनुष्य त के देवता पनि तिम्रो वशमा हुन्छन् ।
- लोकमान्य तिलक

# बगलीमारा

❑ रामप्रसाद पन्त

'लौ मेरो त पकेट मारेछ' मङ्गोल अनुहार झल्कने एकजना अधवैसे मानिसले आत्तिएको स्वरमा भन्यो र दायाँवायाँ खल्तीमा छामछुम गर्न थाल्यो । बोल्दै गयो – त्यसमा महत्वपूर्ण कागजातहरू पनि थिए ।

'पैसा कति थियो' माइक्रोबसको दायाँ लाइनको दोस्रो नम्बरको सिटमा बसेको अर्को एकजना युवकले सोध्यो ।

'चानचुन हजार' त्यसै लाइनको पहिलो सिटमा बस्ने त्यो पीडित व्यक्तिले भन्यो ।

पैसा कहाँ राख्नुभएको थियो ।

. पछाडिपट्टि पाइटको खल्तीमा, मनिव्यागमा ।

अति महत्वपूर्ण कागजात थियो । पैसा त बरु कमाइन्थ्यो – ती कहाँ पाउने ? सबै लग्यो, मनिव्याग कहाँ लगेर फाल्ने हो ।

तपाईंले गल्ती गर्नुभयो, मनिव्याग पछाडि राख्न नहुने, यो बेलुकाको समयमा यो भीडभाडमा यिनीहरूले मौका छोप्छन् । यिनीहरू चढ्ने बेलामा यस्तै भीडभाड गर्छन् र पैसा लुट्छन् । यहाँको खल्ती पनि छाम्दै थियो एकजनाले ।

सँगै तेस्रो नम्बरको सिटमा बस्ने त्यस्तै ५०/५२ उमेरको केही गाउँले अनुहार लाग्ने एकजना व्यक्तिलाई सङ्केत गर्दै भन्यो ।

उनी झस्केर खल्ती छामे र ढुक्क भए ।

हो !! ? अरु यात्रीहरू पनि त्रसित मुद्रामा देखिए । आ-आफ्ना खल्ती सकुशल भएकोमा सन्तोष प्रकट गरे । अर्थात् कसैबाट पैसा हराएको आवाज सुनिएन ।

करीब २०/२२ वर्षको त्यो नवयुवक खाइलाग्दो सुन्दर र बोलक्कड थियो । उसको बोली धाराप्रवाह अगाडि बढिरहेको थियो – 'यसबेला यी पकेटमारहरू यसरी नै सक्रिय हुन्छन् । बस चढ्ने बेलामा भीडभाड गर्छन् तर बस चढ्दैनन् ।

उता पैसा हराउने व्यक्तिको आशाको त्यान्द्रो चुडिसकेको थिएन – यतै कतै भुइँमा पो परेको छ कि ! पुलिसमा खबर गरिदिने पो हो कि ?

उसको आशामा ताल्चा लगाउँदै त्यो युवकले पकेटमारको चर्तिकला उजागर गर्दैगयो – 'के हुन्थ्यो यहाँ आशै नगरे हुन्छ । पुलिसमा रिपोर्ट गर्नुभयो भने पनि उल्टै बेबकुफ बन्नुहुन्छ । पुलिससँग पनि साठगाठ हुन्छ उनीहरूको, फाइदा भए पनि उनैलाई हुन्छ । तपाईंको केही हात लाग्दैन । हेर्नुस् यिनीहरूको फन्दामा म परि सकेको छु । देखादेखै चोरी हुँदा पनि मैले केही गर्न सकिनँ ।'

सबैको ध्यान उसैको बोलिप्रति केन्द्रित हुँदैथियो । सबैका आँखा उसैको अनुहारप्रति आकर्षित हुँदै थिए ।

माइक्रोबस आफ्नो गतिमा कुँदिरहेको थियो ।

बेलुकाको समय, रत्नपार्कबाट हिंडेको बस कतै नरोकी पत्तै नपाइकन कमलपोखरीबाट पनि अगाडि बढिसकेछ । सबै यात्रुहरूको ध्यान त्यसै दोस्रो नम्बर सिटको बोलक्कडप्रति केन्द्रित भइरहेको थियो । उसले पकेटमारका रोचक घटनाहरू प्रस्तुत गर्दैथियो – हेर्नुस् न, म त यी पकेटमारसँग धेरैचोटी परिसकेको छु – फलाना पकेटमारले मेरो देखादेखै एकजनाको मनीव्याग

निकाल्यो । मैले मनिव्यागवालालाई पकेट मारिएको सङ्केत गरेपछि पकेटमारले मनिव्याग लुसुक्क भुइँमा खसाल्यो । अनि त, पकेटमारले म माथि आँखा तर्दै उल्टै निहुँ खोज्न पो थाल्यो त – कसलाई भन्न खोजेको पकेटमार हँ । झण्डै गोदाई खाएको ।

अर्को यस्तै घटना भयो – पकेट मार्दामार्दै समातियो र सबैले एकाएक गोद्न थाले त्यस पकेटमारलाई । अलि परतिरबाट एकजना आयो र अरुलाई तितरवितर गर्दै त्यस पकेटमारलाई गर्धन समाएर उठायो, गलहत्यायो, एक मुक्का गर्धनमा हान्यो वा हानेको अभिनय गऱ्यो । पकेटमार पनि ढुनमुनिदै वा ढुनमुनिएको अभिनय गर्दै चारहात खुट्टा टेकेर भाग्यो । ल हेर्नुस् कति जानेका छन् तरिका यिनीहरूले ।

मैले धेरैलाई चिनेको छु, तर बोल्नु हुन्न ज्यानको खतरा हुन्छ ।

ज्ञानेश्वरको वरालोमा माइक्रोबसले ब्रेक लगाउँदा यात्रुहरू अगाडिपट्टि झन्डै डल्लिए । कसैको हातको सामान खस्यो, अचेटाअचेट भयो ।

बस पुनः पूर्ववत् गतिमा अगाडि बढ्यो ।

त्यो बोलक्कड बस्ने लाइनको चौथो व्यक्ति मैतिदेवीमा ओर्ल्यो । सिट खाली हुन पाएन, अर्को एकजना चढिहाल्यो ।

बानेश्वरमा केही भद्र र सिधासाधा लाग्ने तेस्रो नम्बर सीटका व्यक्ति पनि ओर्ले र भाडा तिर्न खल्तीभित्र के हात् हालेका थिए – उनी झस्किए, आत्तिदै कराए – 'मेरो पैसा छैन । बसमा चढि सकेपछि पनि मेरो पैसा थियो । पकेटमारले खल्ती छामेको कुरा हुँदा मैले छामेर ढुक्क भएको थिएँ । पुरै पाँचहजार थियो मेरो खल्तीमा । बाहिर कतै गएको छैन । खोज्नु पऱ्यो यहिँभित्र ।'

यात्रुहरू मुखामुख गरे । बसको त्यस बोलक्कडले हास्यमिश्रित स्वरमा भन्यो 'भन्दाभन्दै हेर ..... ! जाउँ गौशाला प्रहरी चौकीमा, आउनुस् बाजे बस्नुस् । खोज्नु त पऱ्यो त्यत्तिका पैसा हराएपछि ।'

माइक्रोबस प्रहरी चौकीको कम्पाउण्ड भित्र पुगेर रोक्यो । ड्राइभरले प्रहरी हवल्दार लाई बोलाएर ल्यायो । दुई/तीनजना प्रहरी जवान पनि आए । एक-एक गरी खानतलासी भयो । तर पैसा भेटिएन ।

हवल्दारले बयान लियो – बीचमा कोही ओर्लेको थियो कि ? 'थियो मैतिदेवीमा ।'

त्यसो भए त्यसैले लग्यो । कस्तो थियो त्यो मान्छे ?

थाहा छैन । सँगै बसेको हुँदा उसको अनुहारै मैले देखिनँ ।

अरु कसैले भन्नसक्नुहुन्छ त्यसको अनुहार कस्तो थियो ? कस्ता लुगा लगाएको थियो ?

खै, कतै बोल्दा पनि बोलेन, मुन्टो निहुराएर झोक्रिएजस्तो, निदाएजस्तो, बत्तीको मधूर प्रकाशमा खासै भेउ पाइएन । हामी सबै उ ... भाइको गफमै रनमुल्ल भयौं ।

त्यसपछि मात्र हवल्दार र बोलक्कडको आपसी अनुहारमा दृष्टि प्रक्षेपण भयो, एकछिन दृष्टि अडियो । यद्यपि उनीहरू बोलेनन् तथापि अनुमान गर्न सकिन्थ्यो त्यस दृष्टि भित्र कुनै रहस्य लुकेको छ, कुनै घटना अभ्यन्तरित भएको छ ।

अन्तमा हवलदारले निचोड निकाल्यो – पैसा त्यसैले लग्यो । तपाईंले हुलिया भन्न नसकेपछि पैसा पाउन मुस्किल छ । रिपोर्ट लेखाउन चाहनुहुन्छ भने लेखाएर जानुस् ।

अरुलाई उपदेश दिंदा हामी डोकामा भरेर दिन्छौं तर लिंदा तील सँग जोखेर लिन्छौं ।

– आर.आन्का

# दुई गजलसङ्ग्रहमा सामान्य दृष्टि

❑ यादव भट्टराई

## १. सचेत गजलकार रासाको प्रस्तुति- 'रात निदाएको रातमा'

गजल कविताको लघुरूपमा पर्ने एक विधा भए तापनि यतिबेला नेपाली गजल लेखन स्वतन्त्र अस्तित्वका साथ अघि बढिरहेको पाइन्छ। अरबीबाट उर्दूहुँदै नेपाली साहित्यमा पनि गजलले आफ्नो सार्थकता प्रस्तुत गरिरहेको सन्दर्भलाई नकार्न सकिँदैन। नेपाली साहित्यमा मोतीराम भट्टले सुरूवात गरेको गजल लेखनलाई शम्भुप्रसाद ढुङ्गेल, पारसमणि प्रधान, भीमनिधि तिवारी, म.वी.वि. शाहजस्ता गजलकार हरूले निरन्तरता दिएको पाइन्छ। वर्तमानमा बूँद र ाना, मनु ब्राजाकी, घनश्याम न्यौपाने 'परिश्रमी', ललिजन रावल, जैनेन्द्र जीवन, मुन पौडेल, ध्रुव मधिकर्मी, ज्ञानुवाकर पौडेल, इन्द्रकुमार श्रेष्ठ 'सरित्', नेत्र एटम, देवी नेपालजस्ता युप्रै गजलकारहरूले नेपाली गजल लेखनलाई स्तरीयताका साथ अगाडि बढाएको पाइन्छ। यसै शृङ्खलामा देखापरेका एक प्रतिभावान् गजलकार हुन्- रासा।

रासाद्वारा रचित ६८ वटा गजलहरूको सङ्ग्रह 'रात निदाएको रातमा' वि.सं. २०५८ सालमा प्रकाशित कृति हो। एक दशकभन्दा बढी समयदेखि गजल लेख्दै आइरहेका रासाका गजलहरू गजलको धर्म र शैलीगत संरचनासँग सुपरिचित छन्। नेपाली गजलका क्षेत्रमा कलम चलाइरहेका कमसफल गजलकारहरूमध्ये रासा पनि एक हुन्। प्रस्तुत सङ्ग्रहका गजलहरूमा जीवनका विविध अनुभूति र प्रसङ्गहरूलाई प्रश्रय दिइएको छ। गजलहरूमा कहीँ विडम्बना र वितृष्णा अभिव्यक्त छन्। विम्ब र प्रतीकको प्रस्तुतिका साथै भाव र विषयको गहनता पनि उनका गजलहरूमा अनुभूत गर्न सकिन्छ। सङ्ग्रहका केही गजलहरूमा पीडा अभिव्यक्त छ भने केही गजलमा आशाको उज्यालोको अनुभव हुन्छ। उनको एक गजलांश हेरौं-

दुईदिन बाँच्नु त हो, के को रुनु अब।
खुशी भई नाच्नु त हो, के को रुनु अब।

पन्छाएर दुःख जम्मै, हाँस्नुपर्छ हेर।
सुख सारा साँच्नु त हो, के को रुनु अब! (पृष्ठ-२७)

विषयको विविधता, सरल र मार्मिक प्रस्तुति, अभिव्यक्तिको विश्वसनीयता र इमान्दारिता, सम्प्रेषणीयता आदिका दृष्टिकोणले रासाको गजलयात्राले उज्ज्वल भविष्यको सङ्केत गरेको छ। उनका गजलहरूले उत्कृष्टता तर्फको सोपान चढिर हेका छन्। प्रस्तुत कृतिको अध्ययनबाट पनि रासा एक सचेत र इमान्दार गजलकार हुन् भन्न सकिन्छ। यसै प्रसङ्गमा समालोचक तथा गजलकार डा. घनश्याम न्यौपाने 'परिश्रमी' लेख्नुहुन्छ- "विशेषतः अक्षर र मात्रात्मक सन्तुलन एवं गति र यतिका सन्दर्भमा यिनीभित्रको गजलकार अत्यन्त सजग दृष्टिगत हुन्छ। शाब्दिक कोमलता यिनको गजलकारिताको अर्को विशेषता हो।" यसैगरी गजलकार मनु ब्राजाकी लेख्नुहुन्छ- "रासाका गजलहरूको विषय वैविध्यता, उक्ति-वैचित्र्यको सरल र मार्मिक प्रस्तुतिका साथै नवीन प्रतीक र बिम्ब समायोजनले उनको गजल लेखनको परिपक्वता/विशिष्टता प्रकट गर्दछ।"

सायमी प्रकाशन, काठमाडौंद्वारा प्रकाशित ८० पृष्ठमा संरचित प्रस्तुत गजलसङ्ग्रहका आधारमा संरचात्मक गहिराइ र गेयात्मकताका दृष्टिले सफल गजल लेख्ने गजलकारमध्ये रासा पनि एक हुन् भन्दा अत्युक्ति नहोला। कविता र कथा विधामा पनि कलम चलाउने रासाको साहित्यिक यात्राले सफलताको शिखर चुमोस्, अहिलेलाई यही आशा उपयुक्त हुनेछ।

## २. स्पर्शका अनुभूति भित्र काशीराम विरस

नेपाली साहित्यका अन्य विधाहरूजस्तै नेपाली गजल लेखनका क्षेत्रमा पनि स्रष्टाहरू मनोयोगपूर्वक साधनारत अवस्थालाई पक्कै पनि सुखद मान्नुपर्छ। नेपाली गजल साहित्यले तीसको दशकयता आफ्नो उर्वरता प्रदर्शन गर्दै आइरहेको छ। साहित्यका अन्य विधाहरूजस्तै गजल साहित्यमा पनि जीवनका विविध अनुभूतिहरूलाई अभिव्यक्त गर्न सकिन्छ। अरबी र उर्दूहुँदै नेपाली साहित्यसम्म आइपुग्दा गजल लेखन परम्परामा नवीनताको अनुभव हुन्छ। नेपाली गजल लेखनले पनि झण्डै सयवर्षको अवधि पार गरिसकेको छ र यहाँसम्म आइपुग्दा नेपाली गजलले शृङ्गारिकता र प्रणयधर्मिता मात्रको प्रयोगबाट केही पर हटेर जीवनका विविध अनुभूतिहरूलाई समेत आत्मसात् गरेको देखिन्छ। नेपाली गजल लेखनका सफल पछिल्ला गजलकारहरूमा काशीराम विरस एक भरपर्दा गजलकारका रूपमा देखापरेका छन्। वि.सं. २०५८ सालमा काशीराम विरसको पछिल्लो कृतिका रूपमा 'स्पर्शका अनुभूति' नामक गजलसङ्ग्रह प्रकाशित भएको छ। यसअघि उनका 'मन रोइर हेछ' कवितासङ्ग्रह (२०५५) र 'जिन्दगीका रेखाहरू' गजलसङ्ग्रह (२०५६) प्रकाशित छन्। यसका अतिरिक्त उनी विभिन्न साहित्यिक संस्थाका साथै 'प्रवाह' नामक हवाई साहित्यिक पत्रिकाको सम्पादनमा पनि सक्रिय देखिन्छन्।

'स्पर्शका अनुभूति' नामक गजलसङ्ग्रहमा जम्मा ४५ वटा विविध शीर्षकका गजलहरू सङ्गृहीत छन्। पहिलो गजल 'जँघार तरेपछि' र अन्तिम गजल 'पूर्ण चन्द्रजस्तै मुहार' शीर्षकमा रहेका छन्। विरसका गजलहरूले कतिपय अवस्थामा परम्परालाई पछ्याएको देखिँदैन। वर्तमान नेपाली समाजका कथा-व्यथालाई विरसले गजलका माध्यमबाट अभिव्यक्त गरेका छन्। विशेषगरी गरिबी, राजनीतिक विचलन, विकृति र विसङ्गति आदि पक्षलाई गजलको विषय बनाएको पाइन्छ भने प्रेम प्रसङ्ग र त्यसका सन्दर्भहरूलाई पनि गजलकारले केलाउने चेष्टा गरेका छन्। अविश्वास, बेइमानी, अमानवीयता र अनास्थाप्रतिका व्यङ्ग्यात्मक अभिव्यक्तिहरू टङ्कारो रूपमा प्रस्तुत गरिएका छन्। नेपाली राजनीतिले निम्त्याएका विकृतिका प्रसङ्गहरूलाई विरसले कोट्याएका छन् भने आफ्नै देशमा परिचयविहीन भएर बाँच्नु पर्ने अवस्थालाई पनि सङ्केत गरेकाछन्। जनतालाई भन्याङ बनाएर संसद पुग्ने र त्यसपछि सम्पन्नताको महल ठड्याउनेहरूलाई काशीराम विरसले वितृष्णाका आँखाले हेरेका छन्। उनी लेख्छन्-

जनताका सामु नेताहरू मुखभरि रामका कुरा
सदनभित्र रोपिँदैछन् खुकुरी र दामका कुरा।

सुविधाले सम्पन्नताको महल पाक्न थालेपछि
बिर्सेको हिजोका ती लेक बँसीका गामका कुरा (पृष्ठ-३५)

काशीराम विरसको मन यतिबेला रोएको छ। देशमा विद्यमान परिस्थिति यतिबेला तुँवालोले ढाकेको आकाश झैं भएको छ। यस्तो विषम परिस्थितिमा पनि गजलकार विरसले प्रेमका विविध अनुभूतिलाई प्रस्तुत गरेका छन्। उनले विचारको स्वतन्त्रतालाई सर्वाधिक महत्त्व दिएका छन्। यसका साथै जीवनकै विविध रङ्गहरूलाई प्रस्तुत सङ्ग्रहका गजलहरूमा अभिव्यक्त गरेको पाइन्छ। सरल भाषाशैली, सहज अभिव्यक्ति र विषयवस्तुको संवेदनशीलता यस सङ्ग्रहका प्राप्तिहरू हुन्।

जनमत प्रकाशनद्वारा प्रकाशित प्रस्तुत कृतिमा साहित्यकार मोहन ध्वालको प्रकाशकीय रहेको छ भने सुकुम शर्मा र पुण्य कार्कीका भूमिका समाविष्ट छन्। यसैगरी यस सङ्ग्रहका बारेमा गजलकारहरू ज्ञानुवाकर पौडेल, ललिजन रावल, ध्रुव मधिकर्मी, सुवासचन्द्र ढुङ्गेल र कृसु क्षेत्रीका अभिमतहरू पनि उल्लेख गरिएका छन्। समग्रमा मन्नुपर्दा गजलको गेयात्मकता, सहजता र संरचनागत मूल मर्मलाई नछोडेर सचेतताका साथ अघि बढ्दै जाने हो भने गजलका क्षेत्रमा विरसको उज्यालो भविष्य अतयन्त निकट रहेको प्रतित हुन्छ।

***

## गीत

❑ रमेशजङ्ग सिम्रापति

दुःखीको जीवन दुःखैमा बित्दछ के गर्नु कल्पेर
जे हुनु भैगो भकानो उठ्दछ नरुनु सम्झेर

कहाँ पो समाएँ हात नि हजुर आफ्नो पो भनेर
छोडेर गए आफ्नाले हजुर एक्लो नै पारेर
वारी नि म त टोलाइ रहेछु ऊ गो'नि तरेर
बीचमा नदी आँसुको पऱ्यो ऊ गयो ढाँटेर

नसक्ने रै'छ कथा यो सबै बिर्सन्छु भनेर
नहुने एक्लै एकान्त बसी हाँस्दिन भनेर
उदाउने कैले जुनेली फेरि साउने झरीमा
म बस्ने इच्छा धेरै त होइन रमाई चौतारीमा

## मुक्तक

❑ सन्तोष बनाल 'प्रशान्त'

गोरु गाडामा चढ्न नपाउनेहरू
पजेरोमा सयर गर्दछन्
आटोढिँडोको स्वाद नपाउनेहरू
लन्च र डिनरका कुरा गर्दछन् ।

लगौँटीले शरीर ढाक्न नपाउनेहरू
विदेशी सुटका कुरा गर्दछन्
खोलाको पानी पिउन नपाउनेहरू
मिनरल वाटरले नुहाउने गर्दछन् ।

दुधराम-५, रामापुर, रूपन्देही

कविता

## जीवन यात्रा

❑ रमा पोखरेल

आमाको गर्भमा बस्ता तपस्या पार हुँ भनी
जन्म भो पृथिवी तलमा ज्ञान त्यो छैन तैपनि
जन्मदा प्राप्तिको कष्ट नभोगी सुख हुन्न नि
मुटुले गहिरो चोट नखाई मत रून्न नि ।

पेट दुख्छ मुटू खान्छ आमा दूध खुवाउँछिन्
नबुझी बालको मर्म बारम्बार रूवाउँछिन्
पानीको प्यासमा मैले आँसु नै झार्नु पर्छ कि ।
सुखी जीवनका निम्ति जुनी पो फेर्नु पर्छ कि !

बालबाट जवानी भो जवानी बृद्धमा अनि
धर्ममा चित्त लागेन ज्यूँदो छु भन्छ तैपनि
नता धर्म नता कर्म नता पाठ नसाधुता
जन्म मात्र भयो मेरो जीवनी यो धुजा-धुजा ।

आउँदा बाँधियो मूठी फुकाई अब जानु छ
गरेका कर्मको वास्ना समेटी सब लानुछ
जन्मँदा साथको कष्ट नभोगी सुख हुन्न नि
मुटुले गहिरो चोट नखाई मत रून्न नि ।

सिरुटार, भक्तपुर ।

## सच्याइएको ।

दायित्व पूर्णाङ्क ४३ को पेज नं. ६०मा "दायित्वको १६औं वार्षिकोत्सवको उपलक्ष्यमा वाचित छन्दोबद्ध कविताहरू" हुनुपर्नेमा अन्यथा भएकोले सच्याइ पढिदिनुहुन अनुरोध गरिन्छ ।

- सम्पादक

समीक्षा

# विभिन्न चार कृतिहरू:मेरो दृष्टिमा

❑ जीवनपानी

## १. श्रद्धाञ्जली भित्र चियाउँदा

कर्मलोलुप नभएर निरन्तर कर्तव्य कर्ममा अनुकरणीय नमूनाहरूको अनुकरण गर्दै आफू भन्दा पछिका अनुशासित सन्ततिहरूको निमित्त प्रेरणा बन्न रुचाउने अर्थात् उच्च तत्त्ववेत्ताहरूले गरेका निष्ठ योगदान आफूलाई उपदेश संझदै अरूलाई आफू उपदेश हुने हेतुले कर्म गर्न रुचाउने कवयित्री पुष्पलता आचार्य २०१५ साल चैत्र ११ गते मंगलबार लम्जुङको रम्घामा जन्मिनुभएको थियो।

उहाँका कथा, कविता, गीत, भजन, लोकगीत, दोहोरी गीत र गीति-खण्डकाव्यजस्ता विभिन्न रचनाहरूनेपाली साहित्य बाटिकामा आज विभिन्न सुगन्धमा ढकमक्क फुलिरहेका छन्।

साहित्यमा जस्तै समाजसेवा तर्फ पनि आफ्नो रुचि बताउने पुष्पलता, उहाँ विभिन्न संघ-संस्थाहरूमा कार्यरत हुनुले नै प्रमाणित गर्दछन्। उहाँ नि:सहाय सेवा सदन, सुस्त मनस्थिति कल्याण संघ, महिला आदर्श सेवा केन्द्र , द रेयुकाई नेपाल, स्वास्थ्य स्वयंसेविका, मानव अधिकार तथा वातावरण संरक्षण संघ, दिदी बहिनी प्रतिष्ठान, विश्व हिन्दु महासंघजस्ता संघ-संस्थामा आबद्ध हुनुहुन्छ।

वास्तवमा संसार नजानिसकिने, नबुझिसकिने एक विशाल रहस्यै-रहस्यको भण्डार हो। सायद यही रहस्यमय गोलमालबाट मुक्ति दिलाउनको लागि हो वा बाँचुन्जेल सधैं-सधैं भैरहने नैराश्यताबाट मुक्ति दिलाएर मनलाई भुलाउनको लागि हो, मायारूपी लगामले हामी सबैलाई उसैको गन्तव्यतिर डोऱ्याइरहेछ र हामी सबै त्यतैतिर भख्ख पर्दै पाइला चालिरहेछौं।

मान्छे तब मान्छे बन्छ जब उसमा ईख, दु:ख, वियोग वा अभावजस्ता असमान तत्त्वहरू असामान्य रूपमा आइपर्दछन्।

वि.सं. २०५८ मा प्रकाशित गीति-खण्डकाव्य भित्र चियाउँदै जाँदा कवयित्री "पुष्पलता" को संझनामा वा मानसपटलमा सधैंभरि बल्झिरहने एउटा वियोग वा भनौं एउटा निकै दुख्ने आलो घाऊ देखैं (जसले मेरा पनि आँखा का परेलीहरू भिजाए) र त्यही आलो घाउमा लगाउने मलम रहेछ उहाँको यो "श्रद्धाञ्जली"।

ममतामयी हजुरआमा स्वर्गीय "मनमाया तिवारी" र प्रेरणादायी बाबा स्वर्गीय "रघुनाथ न्यौपाने" जसलाई कवयित्रीले अन्तिम विदाइको हात हल्लाएर श्रद्धाका दुई थोपा आँसु पनि चढाउन पाउनु भएन, उहाँहरूकै संझनामा समर्पित यो "श्रद्धाञ्जली" उहाँको शोक-काव्य पनि रहेछ।

क्रमश: "पिताजीप्रति" र "हजुरआमाप्रति" भनी दुई खण्डमा विभाजित यो खण्डकाव्यमा ८० श्लोकहरू पिताजीलाई र १८ श्लोकहरू हजुरआमालाई श्रद्धाञ्जली स्वरूप चढाइएका रहेछन्।

उहाँका यी सम्पूर्ण श्लोकहरू पढिसकेपछि हजुरआमा र बाबाको अभावले उहाँलाई निकै मर्माहत तुल्याएको पाएँ। साथै उहाँहरूको अभाव नै कवयित्रीका लागि प्रेरणा बनेको पनि अनुभव गरें किनकि २०३७ साल जेठमा उहाँको बाबाको निधन र करीब १० वर्ष अघि हजुरआमाको निधन भएको अनि उहाँको पहिलो प्रकाशित कृति "सागर सन्ध्या" (आधुनिक गीतसंग्रह) २०५१ सालमा प्रकाशन हुनुले यस तथ्यलाई यथार्थता

दिएको भान हुन्छ ।

अन्तिममा के भन्न सकिन्छ भने कवयित्री पुष्पलता आचार्य परात्परको गतिमा निरन्तर लाग्न मन पराउने एक अति नै संघर्षशील, भावुक, प्रेरणादायी, ममतामयी र कर्मठ नारी अग्रज हुनुहुन्छ । उहाँमा कोमल नारी दिल विद्यमान रहेको पनि यसै "श्रद्धाञ्जली" बाट झल्किन्छ । सबै नारी उहाँजस्तै लगनशील बनून् । अविचलित रूपमा आफ्नो कार्यक्षेत्रको गोरेटोमा हिँडुन् र उहाँलाई प्रेरणाको रूपमा लिउन् भन्दै कवयित्रीका साहित्यिक पुष्पलताहरू नेपाली माटोमा नेपाली सुगन्ध छर्दै झाँगिरहून् ।

## २. ब्रह्मपुत्रमा छालहरू मा तरङ्गिदा

विषय वासनाका तत्वले, काम क्रोधादि लोभ, मोह आदि प्रपञ्चले आवृत भएको हृदय प्रकाशमय हुँदैन । हृदयका ती सबै काला बादल हट्नैपर्छ । सूर्यबाट प्रकाश आउनलाई बादल हट्नुपरेजस्तै । कर्ममा विश्वास गर्नुपर्दछ, हृदयका दूषित आवरण हटाउनु पर्दछ, विवेक र ज्ञानलाई सफल भविष्यको महारत्न सम्झनुपर्दछ, निष्कपट र नि:स्वार्थ प्रेम गर्न सरल र कोमल हृदय चाहिन्छ । तिनीहरूले नै जीवनको महारत्न प्राप्त गर्न सक्छन् । अन्यथा यस महान् रत्नको प्राप्ति असंभव नै हुन्छ । यस्तै गुल्मी जिल्लामा जन्मेर एस.एल.सी. सम्मको शिक्षा नेपालमा सकी भारतको गोहाटी विश्वविद्यालयबाट स्नातक तहको शिक्षा प्राप्त गरी साहित्यिक क्षेत्रमा खोज र सम्पर्क गर्न रूचाउने एक सरल र कोमल हृदय भएका निस्कपट र नि:स्वार्थ भावनाले कर्म गर्न रूचाउने कर्मठ नेपाली रत्नको नाम हो - रतनकुमार पाण्डे ।

"जिगर के टुकडे" पुष्पलता आचार्यबाट रचित "मनका छालहरू" को हिन्दी रूपान्तर गर्ने श्री पाण्डे का दुई कृतिहरू- "रत्न-कमल" ( खण्डकाव्य) र "ब्रह्मपुत्रका छालहरू" यही २०५९ सालमा सँगै प्रकाशन गरिएका छन् । यहाँनेर यसरी अनुवादक र प्रकाशकको रूपमा दुई निश्छल भावनात्मक सहयोगको आदान-प्रदान भएको देखिन्छ । कति कन्चन सहयोग यो, भावनाले धनी र धनले गरीब साहित्यिक क्षेत्रमा ।

कविताप्रेमी पाठकहरू समक्ष आफ्नो न्यानो माया बाँड्दै कवि-पाण्डे उपन्यासकार र कथाकारको रूपमा उपन्यासप्रेमी र कथाप्रेमी पाठकहरू समक्ष पनि आफ्नो पुष-माघ महिनाको जस्तै पहारिलो माया बाँड्न आउन लागेको कुरा उनका प्रकाशोन्मुख कृतिहरू- फुटेको ऐना (उपन्यास), घुम्टोभित्र (उपन्यास), चित्रांगदा (उपन्यास) र लाटी पोइल गई (कथा-सङ्ग्रह) बाट थाहा हुन आउँछ ।

जब जब म श्री पाण्डेको "ब्रह्मपुत्रका छालहरू" को गतिशील प्रवाहमा तरङ्गिन थालें, पाएँ-अनन्त विशाल उनका अनन्त भद्र र गंभीर भावनाहरू । उनको यस "ब्रह्मपुत्रका छालहरू" भित्र ब्रह्माण्ड छ, ब्रह्माण्डभित्रका तारा, ग्रह, नक्षत्र, उपग्रह, उल्का र भनौं कैयौं आकाशगंगाहरू भए झैं अनमोल जीवनामृतका मूलहरू छन् । खोजे-रोजे अनुसारका सबै तत्वहरू त्यहाँ अति मार्मिक, दूरदर्शी चिन्तनले प्रकट वा उद्दत भएका छन् । उहाँले यसभित्र सामाजिक विषमतालाई दूधको दूध पानीको पानी छर्लङ्ग निडररूपमा छचल्क्याइदिएका छन् र एक सच्चा राष्ट्रिय चिन्तकको रूपमा आफूलाई उभ्याएका छन् । समयको राम्रो परिभाषा दिएका छन्, एक नेपालीले अर्को नेपालीलाई गर्नुपर्ने श्रद्धा र सम्मानको व्याख्यान गरेका छन् । ६४ वटा शीर्षकमा लेखिएका प्रत्येक कविताहरू अक्षरश: पढिसकेपछि प्रत्येक कविताहरूले समान

अंकहरू प्राप्त गरेका छन् मेरो मूल्याङ्कनमा । सबै कविताहरूले प्रथम स्थान हासिल गरेका छन् मेरो दृष्टिमा । अर्थात् यी सबै कविताहरू अद्वितीय छन् मेरो परीक्षणमा ।

कुनै एउटा शीर्षकबाट दुईचार हरफ टिपेर अरू शीर्षकभित्रका मर्म, दर्शन, भावहरूलाई पछि पार्न आत्माले मानेन; माफ गर्नुहोस् । यो नेपाली साहित्यमा भित्रिएको एउटा नयाँ तर अमूल्य रत्न हो । नौलो विशेष विशेषताहरूको संगालो हो, प्रदूषित विचारहरूलाई सफा गर्न प्रयोगमा आएको साहित्यिक साबुन हो । यी सबै कुराहरू छर्लङ्ग देखिने ऐना हो यो "ब्रह्मपुत्रका छालहरू" ।

अन्तमा: कवि श्री पाण्डेका यस्तै मौलिक अमृतमय, साहित्यिक जीवनरस नेपाली साहित्य फाँटमा हरेक पाठकहरूको मन जित्नेगरी आइरहुन् । उनले चलाउने कलमहरूले कहिल्यै विश्राम नलिऊन् । उनको सफलताले सर्वोच्च सगरमाथासँग मितेरी साइनो लगावोस् र सरस्वतीले सधैं वृद्धत्व प्रदान गरून् । अस्तु ।

## ३. खुशीको यो आँसु भित्र

### इबुल्लिकमार्दा

प्रत्येक खुशीयालीको गहिराइभित्र एकथोपा आँसु लुकेको हुन्छ ।" जापानी दार्शनिक श्री तालिकावा सुनतारोले "सुनौला माछा" शीर्षक दिएर लेखेको कविताका पंक्तिहरूको स्मरण गरायो गीतकार विष्णुबहादुर सिंहको "खुशीको यो आँसु" ले ।

एउटै ग्रहमा उभिएका उही संरचना र उही स्वरूपका मानिसहरू मध्ये कोही भोकाएर रोएका हुन्छन् त कोही अघाएर; कोही गरिबीको कारणले रोएका हुन्छन् त कोही सम्पन्नताको बोझले; कोही अनुशासनहीन राजनीतिक ब्वाँसाहरूको व्यवहारले दिक्क भएर रोएका हुन्छन् त कोही गीत; संगीतका हृदयस्पर्शी धुनहरूले । यस्तै कोही वियोगमा रोएका हुन्छन् त कोही मिलनको खुशीयालीमा अनि कोही मनभित्रको जीवित मायालुको कल्पना, सपनामा रुमल्लिँदै रोएका हुन्छन् । आखिर सबैका आँखामा आँसु हुन्छ र कुनै न कुनै तरिकाबाट ती आँसु पोखिएका हुन्छन् । यहाँ गीतकारको रुवाइ भने प्राकृतिक र यथार्थमय छ ।

२५ अगस्त १९५३ (ई.सं.) मा अर्घाखाँची जिल्ला, जुकेना-६, कल्लेरीमा जन्मिनु भएका श्री सिंहका देशको माटो (कवितासंग्रह, २०५६) ठाडाको दहमा (गीतसंग्रह, २०५७), आफ्नो बिरानो (लघु-कथासंग्रह, २०५८), सलबलाउँछन् औंठहरू (गजलसंग्रह, २०५८ र खुशीको यो आँसु (गीत-संग्रह, २०५९) लगायत अन्य कृतिहरूले नेपाली साहित्य फाँटमा आफ्नो स्थान लिइसकेका छन् । यसलाई २०५८ को "तन्नेरी प्रतिभा सम्मान" ले प्रमाणित गरिसकेको छ ।

हुन त कवि, कलाकार, लेखकहरू सबैले आफ्नोपन, आफ्नो राष्ट्र र त्यहाँको यथार्थतालाई दुरुस्त चित्रण गरेका हुन्छन् तैपनि आज ती सबै, राष्ट्र संचालक नेताहरूको अनुशासनको कारणले ओझेलमा परेका छन् । एउटा लेखक लेखहरू लेखिरहन्छ, प्रकाशनको लागि विभिन्न संघ, संस्था र प्रतिष्ठानतिर दौडिरहन्छ, लेख प्रकाशन गर्छ, आफूमात्रै पढ्छ, एक्लै रमाउँछ, फेरि अर्को प्रकाशनको लागि लेख संकलन गर्दै जान्छ तर करोडौंको संख्यामा भएका हाम्रा दाजुभाइहरू लेखकका ती लेखहरू पढेर समाज, राष्ट्र र व्यक्ति विशेषका यथार्थता बुझ्नुपर्दा आँखा र मुख दुवैमा पट्टि बाँध्न थाल्दछन् । यो क्रम पहिल्यै देखिको हो र पछि कहिले सम्म हुने हो ? दुःखको कुरा नै हो । यसै भएर श्रद्धेय कवि स्वर्गीय गोकुल जोशीले आफ्नो पुस्तकमा कवि कलाकारको यथार्थ चित्रण यसरी गरेका छन् -

"भोक-भोकै मर्न लागे कवि कलाकार,
तड्पाएर नमारिदेऊ झुण्डाएर मार ।"

जेहोस् कवि एवं गीतकार श्री सिंहको यो "खुशीको यो आँसु" भित्र डुबुल्कि मार्दै जाँदा मैले उहाँमा पाएका विशेषताहरू हुन्-

१) उहाँको भाषा-शैली निकै सरल र सहज छ।

२) उहाँ एक सच्चा राष्ट्रिय भावनाले ओतप्रोत देशभक्त व्यक्तित्व हुनुहुन्छ । जस्तै -

बिर्सनै म सक्तिनँ है यो देशको माटो
जहिले पनि खोज्दैछु म अघि बढ्ने बाटो
पूर्व-पश्चिम, उत्तर-दक्षिण सीमा रेखालाई
टुट्न दिन्न कहिल्यै पनि खुकुरी समाई
हातमा लिई देशको माटो किरिया म खान्छु
भोक, रोग गरिबीलाई हटाइ अघि जान्छु ।
हिउँ कति जमेको छ टाकुरामा हिमालको
देखिन्छ है त्यहींबाट फाँटका फाँट तराइको ।

३) उहाँ कुरीति र कुसंस्कारको घोर विरोध गर्नुहुन्छ । राजनीतिले भित्र्याएका विकृतिहरूलाई देशका प्रत्येक कुनाकाप्चाबाट युवाशक्तिको सबल परिचालनबाट जरैदेखि उन्मूलन गर्नुपर्छ भन्ने मान्यता राख्ने समयानुकूल व्यक्तित्व हुनुहुन्छ । जस्तै-

यो गाउँको के हो रीति
पानी भर्ने कुवामा राजनीति
कुरीति र के आयो कु-संस्कार
गाउँभित्र भित्रियो आडम्बर ।

दुईचार युवा नतातिकन रूढिवाद जाँदैन गाउँबाट
हाम्रो अब एउटै छ नाता मायालाई गरौं है साटासाट
भेदभाव मान्छेले गरायो विकृतिको जरा नै गाडियो
उखेलेर फाल्नलाई अब त आत्मबल सबैको चाहियो।

४) आफ्नो जन्मभूमिको यादले उहाँलाई निरन्तर घोचिरहेको पाएँ । अर्थात् उहाँ "जननि जन्म भूमिश्च: स्वर्गदपि गरियशी" को सच्चा पालक हुनुहुन्छ ।

जस्तै-

दाङसिडबाट खमारी हुँदै आउँदा कल्लेरी
सरर हावा चलेको कस्तो त्यही बन सल्लेरी

५) उहाँ एक भावुक, चिन्तनशील, कल्पना र ममता प्रवाहित व्यक्तित्व पनि हुनुहुन्छ । जस्तै :

दोबाटोमा उभिएर दु:ख पोख्ने ठाउँ पाइनँ
निष्ठूरीले आँखा तर्दा माया मेरो भन्न पाइनँ ।
मेरो कथा, मेरो व्यथा कोही छ कि सुनिदिने
आपत विपद पऱ्यो आज कोही छ कि बुझिदिने ।
मैले आज नबोले पनि मेरो आत्मा बोलेको छ
निष्ठूरी भई तिमी जाँदा मेरो मन पोलेको छ ।...

६) उहाँ चोखो, मीठो, दीर्घकालीन र विश्वासिलो माया गर्न नसक्ने वा नजान्नेहरूलाई उपेक्षा गर्नुहुन्छ र त्यस्ताको यादमा समय बर्बादी गर्नुहुँदैन भन्ने संदेशवाहक व्यक्तित्व हुनुहुन्छ । जस्तै -

झुक्दैनन् यी आँखाहरू तिम्रो कर्के नजर पर्दा
बोल्दैनन् ती ओंठहरू तिम्रो बेइमानीले गर्दा ।
चालढाल तिम्रो निको लाग्दैन है आज
संभालेर हिँड्ने गर सधैं हामी माझ ।

७) उहाँ आफ्नो परम्परा र लोक-संस्कृतिप्रति पनि सचेत र उत्तिकै चिन्तनशील व्यक्तित्व हुनुहुन्छ । जस्तै- "खुशीको यो आँसु" का ४९ र ९५ थोपाहरूले यसलाई प्रतिबिम्बित गरेका छन् ।

यसरी गीतकार श्री सिंह आफ्नो पेशाले प्राविधिक क्षेत्र बताएपनि उहाँ आफ्ना मनका भावनाहरू पोख्न साहित्यतर्फ रुचि बढाउनुले उहाँलाई बहु-आयामिक प्रतिभाका धनी भन्नुमा अत्युक्ति नहोला । कौशिकी साहित्य प्रतिष्ठान, काठमाडौंले प्रकाशन गरेको उहाँको "खुशीको यो आँसु" प्रत्येक साहित्यप्रेमीहरूको दिलको

कुलाहरूबाट प्रवाहित होस् । उहाँको कलमले उहाँको भौतिक शरीर यो माटोमा रहुन्जेल विश्राम नलियोस् । अस्तु ।

## ४. "आफ्नो बिरानो" भित्र चहर्दा

परस्पर विरोधी पञ्चतत्वको एकत्रस्वरूप शरीर जसलाई संयोग अघि पूर्णतः अनुभव गर्न मुश्किल पर्दछ; जस्तो कि एउटा जाइगोट भित्र पूर्णप्राणी अर्थात् हात, खुट्टा, आँखा, नाक, मुख, कान इत्यादि अङ्गहरू गुप्तरूपबाट लुकेका हुन्छन्; ती सबै प्राकृतिक संयोगपछि प्रकट हुन जान्छन् । यस्तै एउटा लेखकको भावनात्मक संयोगपछि दिमागीय माटोबाट जब कुनै साहित्यिक जाइगोटको अंकुरण हुन जान्छ, त्यसभित्रका गुप्त हाँगाबिँगाहरू एकेक गरी पूर्णशरीरका अङ्गहरू हात, खुट्टा, नाक, कान, मुख आँखाजस्तै प्रकट हुँदै जान्छन् । जुन पूर्णस्वरूपका लागि वाह्य दृष्टिकोणमा नौला कुराहरू होइनन् । यहाँ गुप्त साहित्यिक अङ्गहरू अन्तर्गत कथा, निबन्ध, कविता, गीत, गजल, उपन्यास इत्यादि पर्दछन् ।

२०५६ मा बिजरोपण भएको 'देशको माटो' नामक कविताको जाइगोटबाट पूर्णस्वरूपका लागि निस्किएका विभिन्न गुप्त अङ्गहरू कथा, गजल, गीत, आदिमा प्रकट हुनु पनि श्री विष्णुबहादुर सिंहका भावानात्मक सयोगहरू हुन् । पूर्णशरीरको आशा सबैले गरेका हुन्छन् तर प्राप्तिका लागि गरिने त्याग, ध्यान, र साधनाका अभावले आज अपूर्ण शरीरका प्राणीहरू आफ्ना अशोभनीय स्वरूपमा यत्र-तत्र छरिएका देखिन्छन् । पेशागत रूपमा देश कुँद्ने जिम्मा लिदै कथा, कविता, गजल, गीत आदिका तरङ्गहरूमा भावनात्मक विचारहरूलाई प्रवाह गर्न चाहने श्री सिंह पूर्णस्वरूपको आशा गर्न रूचाउने आशावादी व्यक्तित्व भित्र पर्दछन् । उनको १०२ वटा विविध शीर्षकहरूमा लेखिएको यो "आफ्नो-बिरानो" लघुकथा सङ्ग्रह र अन्य सङ्ग्रहहरू पढिसकेपछि म सहजताका साथ भन्न सक्दछु ।

"आफ्नो-बिरानो" भित्रका प्रत्येक कथाका शीर्षकमा दुरूस्त सार्थकता पाउँदा जतिपटक पढे पनि खल्लो लागेन । इच्छा झन् फराकिलो भनेको झान हुनु पक्कै पनि उनको उत्कर्ष हो । चुट्किलाको रूपमा कण्ठ गरेर समयानुकूल पारी कुनै समस्याजन्य विषयवस्तुलाई छर्लङ्ग्याउन उचित यी लघुकथाहरू निकै पठनीय छन्, गहन अर्थपूर्ण छन् । यसरी यस सङ्ग्रहका कथाहरुले पाठकहरूको मन जित्ने छन् । समसामयिक विषयवस्तुलाई शीर्षकको रूपमा समेटेर समाजभित्रका रोगहरू वा प्रदूषणहरू प्रकाशमा ल्याउन प्रयत्नरत श्री सिहले यस लघुकथाको माध्यमबाट सामाजिक विकृतिलाई नङ्ग्याइदिएका छन्, भद्र भनाउँदाहरूलाई भद्रगोल अवस्थामा चित्रण गरिदिएका छन् ।

यसरी भावना, घटना र विचारहरूलाई सन्तुलित रूपमा लैजानु, भाषामा सरलता, निश्छलता ल्याउनु, प्रकृतिप्रेमी, आत्मविश्वासी, आशावादी श्री सिंहका यस्ता कैयौं साहित्यिक अंकुरण सर्वोत्तम विशेषताहरू लिएर नेपाली माटोमा अंकुराउन सकुन् । प्रत्येकले पूर्णस्वरूप पाऊन् । उनका निश्छल प्राकृतिक विचारहरू निर्बाधरूपमा प्रवाहित भइरहुन् ।

□□□

संसारमा केवल दुई शक्ति छन्-तरवार र कलम, अन्त्यमा सधैं तरवारको हार र कलमको जीत हुन्छ । - **नेपोलियन**

स्वतन्त्रता राष्ट्रको अनन्त यौवन हो । - **महात्मा गांधी**

## गजल

❑ रिता श्रेष्ठ 'रोशनी'

निष्ठुरी भै हामीलाई कसले एक्लै पाऱ्यो रिता
बज्रले झैं हिर्काएर त्यसै कसले माऱ्यो रिता ।

आफन्त नै शत्रु बनी बीच बाटोमा रोक्न बसे
तैपनि त्यो झिनो आशा चौतारी नै साऱ्यो रिता ।

मन मुटुमा राख्छु भन्थें वर्षौंदेखि चोखो माया
थाहै नपाई मृतक पारी जूठो कसले बाऱ्यो रिता ।

तिमी फुल्दा बगैंचामा म फुल्दथें हृदयमा
मिलन हुने बाचा कसम अन्त कसले टाऱ्यो रिता ।

कल्पनाको स्वच्छ हावा पाएपछि माथि उड्थें
यथार्थलाई मैल्याएर तल कसले झाऱ्यो रिता ।

ओडार जंगल झाडीभित्र पैदल यात्रा गरे पनि
उजाड त्यो भीर-पाखामा हामीलाई कसले पछ्याऱ्यो रिता ।

प्यारो संसार भत्किगयो कथा-व्यथा पोख्दा-पोख्दै
हामी दुईको माया प्रीति जूवामा कसले नाऱ्यो रिता ।

## गीत

❑ ध्रुव दाहाल

बागलुङ सुर्खेत धारापानी हेर्छु दशरथपुर
यात्री हुँ म यात्रा मेरो धेरै दुर-दुर ।

दाङको त्यो तातो हावा खर्वाङको पानी
इलामको त्यो फिक्कल अझै सौन्दर्यको खानी
बेलझुण्डीमा मन बिसाउँदै आएँ कोहलपुर
सेतीमै यो तन रुझाउँदै लागें कोहलपुर ।

बेलझुण्डीको शीतल छायाँ घुम्दै छिन्नामस्ता
स्वर्गैजस्तो लाग्यो यहाँ साँच्चै बास बस्दा
चिरविर-चिरविर चरीहरू छड् छड् बग्ने खोली
लाहान होकी काँकडभित्ता याहो झागाझोली ।

धेरै घुम्यौ पोखरा र माथि बुटवल बजार
थाकि सके अब त यी हाम्रा दुवै नजर
कस्तो होला दार्जिलिङ्ग र सिक्किमे त्यो सहर
हेर्न जाउँला कालिम्पोङ्ग र गान्तोककै नगर ।

बागलुङ सुर्खेत धारापानी हेर्छु दशरथपुर
यात्री हुँ म यात्रा मेरो धेरै दुर-दुर ।


२०५९ सालको बडादशैंले सबैलाई शक्ति र क्रियाशीलता प्रदान गरोस् ।
दुर्गा भवानीले सबै नेपालीको रक्षा गरुन् ।
साथै लक्ष्मीले सबैको घरमा वास गरुन् ।
सबै नेपालीमा संविधान दिवसको शुभ-कामना ।

**कृषि विकास बैंक** परिवार

फोन : २५२३५९/२५२३६०/२५५७०५
फ्याक्स : ९७७-१-२६२९२९/२६२६१६

समीक्षा

# 'जिगर-के टुकडे' तर्फ नियाल्दा

❑ राममणि खतिवडा

पुष्पलता आचार्य सुकोमल भावना भएकी लेखिका हुनुहुन्छ । साहित्य र समाजेवामा रुचि राख्ने पुष्पलताजीले हामीलाई 'सागर सन्ध्या', 'समयको हुरी', 'यात्रा र ठेसहरू', 'मनको घाउ', जस्ता चारवटा आधुनिक गीतसङ्ग्रह, 'रिस्तो वर्तमान', 'सुरुहीन अन्त्य', जस्ता कथासंग्रह, 'सपनाका बोझा हरू', 'म, मृत्यु र आकाश', 'एक्लो यात्री' जस्ता कवितासंग्रह, 'श्रद्धाञ्जली' जस्तो खण्डकाव्य तथा भजनसंग्रहहरू, लोकगीतसंग्रहहरू र अनेक श्रव्य क्यासेट एलबमहरू जस्ता सिर्जनात्मक पुष्पगुच्छाहरू दिइसक्नुभएको छ ।

पुस्तकाकार उहाँको 'जिगर-के टुकडे' भन्दा अगाडि 'मनका छालहरू' को रूपमा प्रस्तुत भइसकेको छ । त्यसैलाई रतनकुमार पाण्डेले हिन्दीमा अनुवाद गर्दा 'जिगर-के टुकडे' बनाउनु भएको छ । त्यसैले यसको सिर्जनामा केही साधुवादको पात्र रतनकुमार पाण्डे हुनुभए पनि सम्पूर्ण श्रेय भने आचार्यजीलाई नै जान्छ ।

आफ्ना स्वर्गीय नानीमा र पिताको निधनमा श्रद्धाञ्जलीस्वरूप पुष्पलता अचार्यद्वारा रचित तथा पाण्डेद्वारा अनूदित 'जिगर-के टुकडे' यस रचनामा रचनाकारले आफ्ना ती प्रियजनको सम्झनाबाट आफू मुक्त रहन नसकिएको भाव व्यक्त गर्नुभएको छ । हरपल उनीहरूकै स्मृतिमा आफूलाई डुबाउँदै त्यसलाई बिर्सन नसकेकाले न सुख न चैन हुनाका साथै रचनाकार आफू पनि उनीहरू बिना पानीबिनाको माछासमान भएको चर्चा यहाँ भएको छ । तिनै प्रियजनबाट विछोडिनु पर्दाको पीडाले लेखकद्वारा खुलेर हाँस्न र मुस्कुराउन नसकी मृत्युलाई पर्खेर निराशमय जीवन बिताइरहेको कुरा यहाँ बताइएको छ । त्यस्तै जता पनि अहिले तिनैको सम्झना आइरहने र त्यो सम्झनाको गहिराइ सागरभन्दा पनि बढी भएको अनि त्यही सम्झनाको गहिराइमा लेखक डुब्नुभएको छ । उनीहरूको र लेखकको जीवनको गोरेटो चौबाटोमा पुगेपछि छुट्टिएकाले लेखक यता वा यस लोकमा र उनीहरू उता वा परलोकमा पुग्नु परी जीवनमा उनीहरूका लागि अब सम्झनाबाहेक अरू केही पनि नरहेको दुखेसो लेखकले यहाँ पोल्नुभएको छ । मृत्युपछि यसलोकपट्टि पर्दा लाग्ने रहस्यात्मक तथ्यको उद्घाटन हुनाका साथै जीवनको अन्त्य कहिले हुन्छ भन्ने ज्ञान मानिसलाई नहुनेहुनाले ऊ दुःखमा फस्ने गर्छ भनी मानवीय जीवन रहस्यमय रहेको चर्चा यहाँ भएको छ । यसरी सङ्कल्परथमा चढेर उहाँ मुक्त चैतन्यद्वारा दैवीलोकको र यस मर्त्यलोकको भिन्नता देखाउँदै मृत्युपश्चात् आत्मा अन्तस्करणमा मिल्ने वास्तविक रहस्यको उद्घाटन यहाँ गर्नुहुन्छ ।

यहाँ प्रकृति र मानवसमुदायबीचको सम्बन्धलाई पनि देखाइएको छ । मानिसलाई दुःख पर्दा उसले प्रकृतिजगत् पनि रोइरहेको देख्छ भन्ने सन्दर्भबाट प्रकृति र मानवको अन्योन्याश्रित सम्बन्ध रहन्छ भन्ने भाव पुष्टि हुन्छ । त्यस्तै लेखकका तिनै प्रियजनहरूसँग रहँदा बिहानीको किरण झैं उज्यालो प्राप्त हुन्थ्यो तर अहिले नरहँदा कालो बादल आकाशमा मडारिएको जस्तो अन्धकारले छाएको छ भन्दै यहाँ प्रकृति र मानवको तादात्म्यता पनि देखाइएको छ । मानवको

प्रकृतिकरण गरिएको राम्रो नमुना यहाँ पाउन सकिन्छः

"आँधी बनकर दिखाया
तुफान भी तुम बनी
जो न रुक सके वह वर्षा बनी
और क्या-क्या न बनी तुम ।"
(जिगरके टुकडे, पेज : १७)

जीवनमा हाँसो र आँसुको चक्र चलिरहन्छ र समय मानिसलाई एकपटक आउँछ फेरि हैन भन्ने गहन भाव पनि यहाँ रहेको छ । जसरी पनि बाँच्नै पर्ने जीवनवादी चिन्तन व्यक्त गर्ने रचनाकारले वाग्मती, विष्णुमती जस्ता प्राकृतिक नदीको पनि दयनीय र दुःखदायी अवस्थालाई देखेर आफ्नो हृदयको आगोलाई निभाउने विचार यहाँ व्यक्त गर्नुभएको छ ।

मुक्तकस्तरका रूपमा रहेका २१५ वटा टुक्राको लम्बाइमा संरचित उक्त काव्यले खण्डकाव्यस्तरको आयामलाई समेटेको छ । अन्ततः भन्नै पर्दा रचनाले मानवीय मनका दुःखदायी पीडालाई प्रकट गरेको छ यद्यपि सार्वजनिक हुन भने बाँकी नै रहेको छ । मानवीय अनुभूतिको जीवन्त उद्घाटन नै साहित्य हुन्छ । दुःख, पीडा, शोक सबैलाई पर्छ तर त्यसलाई सबैले साहित्यमा उतार्न सक्तैनन् । यहाँ लेखकले आफ्नो पीडालाई सिर्जनामा उतार्नुले लेखकको उज्ज्वल भविष्यको सङ्केत देख्न सकिन्छ । अतः उहाँको उज्ज्वल भविष्यको कामना गर्दै यस्ता सिर्जनात्मक कार्यमा अझ बढी सफलता मिलोस् भन्दै आफ्ना विचार अन्त्य गर्दछु ।

कविता

## मनोद्वेग

❑ रुद्र शर्मा 'दुःखी'

हिंसा आतङ्कले नित्य मृत्युको खोज गर्दछ
शान्ति सद्भावले आफैं मृत्युञ्जय बनी बस
रक्तपात मचाएर युद्धको खेलभो यहाँ
जस्को भो बलियो लट्ठी रजाइँ छ समाजमा ॥१॥

न्याय शान्ति गए लुक्न छाडा समाज यो भयो
नेतृत्वनै बन्यो दम्भी, निकम्मा चोर भैं छ यो
धन मत्त भए यद्वा मदमत्त भएर हो
युद्धरूपी छरी विष धर्ती, वायु विषाक्त भो ॥२॥

अहो ! प्रलय नै हो कि धर्ती यो डग्मगाउँछ
क्षुब्ध विह्वल भै सारा मन यो चर्मराउँछ
पापाचारीहरू आफ्नै स्वार्थमा लिप्त छन् यहाँ
सढि शासकलाई नै रिझाई मस्त छन् जहाँ ॥३॥

अक्षता, फूलमाला ती चढाई भोज गर्दछन्
लुटको धनले श्राद्ध फुपूको पनि गर्दछन्
युद्धमा रत यो मान्छे रक्तले स्नान गर्दछ
कि मासु टेक्छ मान्छेको रक्त नै पान गर्दछ ॥४॥

कति साह्रो छ दुङ्गाझैं मन तिम्रो कठोर त्यो
दुखा नेपाल नै आज चेतना शून्य भो कसो ?
न त्यागे शस्त्र शक्ति त्यो आफ्नै नाश गराउँछ
विश्वको गरिमा आफ्नै नेपालीत्व हराउँछ ॥५॥

भैरहवा

सदा सुखी बनून् सारा नीरोगी हुन् सबैजन
देखून मङ्गल साराले नहोस् दुःख कसैकन ।

- बालकृष्ण सम

# विद्रोह हुनै पर्थ्यो !

❑ प्रल्हाद काकी

"मकति टुक्रामा च्यातिएँ त्यसबेला ! सायद ती टुक्राहरू बटुलेर एउटा सिङ्गो रूप सिउँदा सिउँदै मेरो जीवन किनारा लागिसकेको हुन्छ होला । मेरो हृदयमा रोपिएका सुलहरूले प्रताडित मेरो अस्तित्व आफैँभित्र खरानीले मात्र भरिएको एउटा डोब भइदिन्छ, त्यसबेला । साँचो कुरा त त्यस बेला म एउटा शुन्य खोज्दै थिएँ । आफैँलाई सम्पूर्ण सेलाउन एउटा कालो ओडार को आवश्यकता थियो । आफू वरिपरि अँध्यारो मात्र चाहन्थे म । एउटा निष्पस्ट्ट आवरणभित्र शर णागत हुने प्रबलता छटपटाएको थियो मभित्र । अँध्यारोको कालो घुम्टोमा आफूलाई छोप्न लुकाउन चाहेको थिएँ-मैले । मानसिक उद्वेलनहरूले पीडाको चित्कार ओकल्नु अघि म आफैँबाट र आफ्ना भनाउँदाहरूबाट धेरै टाढा फुत्कन चाहन्थें । जीवनको यस विकट क्षणमा आफूलाई र आफ्नो परिवेशलाई समूल बिर्सन चाहन्थें..... त्यो तितो क्षणलाई एउटा डर लाग्दो सपना मात्र भइदियोस् भनेर कति धेरै चाहेथें मैले । आफूले चाहेर प्रतिकूलता कहाँ सपना मात्र भइदिंदो रहेछ र .... म आफैँलाई आफू मान्न तत्पर थिइनँ, तर पनि म, म नै थिएँ - एउटा दन्किरहेको ज्वालामा प्रत्येक पल भस्म हुँदै म आफ्नो उपस्थिति गाऱ्हो गरुङ्गो सहँदै थिएँ ।

म जन्मेको घर मेरो मृत अस्मिता पोल्ने चिता भएको थियो । मेरा जन्मदाताहरू राँको लिएर मेरो चिता जलाउन आतुर देखिन्थे - लाग्दथ्यो उनीहरू कुनै महान् पुण्य कमाउन हतारिँदै छन् र तुरुन्तै नगरे यो पुण्यबाट उनीहरू सदाका लागि वञ्चित हुँदैछन् । म प्रतिक्षण पट्यार लाग्दो उद्वेक अनुभूतिमा भाँसिदै थिए - भयावह सोचविहीन अर्धविक्षिप्ततामा धकेलिँदै ।

म मेरा अभिभावकहरू अघिल्लतिर उभिएको थिएँ । मेरो आफ्नै बाबाको अगाडि - आफ्नै मुमाको सामुन्ने तर मेरो त्यस बेलाको हैसियत मात्र एउटा अपराधीको हुन्छ । मलाई संसार डोऱ्याउनु पर्ने मेरा बाबाका औँलाहरू एउटा बज्र मुट्ठीमा कसिएका हुन्छन्, मैले सांसारिक सुन्दरताहरू चिहाउने मेरा बाबाको आँखाहरूमा त्यो क्षण मप्रतिको अथाह अपरिचयको चिसो मात्र ठोस जमिरहेको पाउँछु । मलाई जन्माउने मेरो मुमाको कोखबाट उत्सर्जित उच्छ्वासहरू आफ्नो अभिसप्ततालाई धिक्कार्दै थिए, त्यसबेला ।

अनुहारभरि विभत्सताका रंगहरू पोतेर दाइ आफूभित्रको सम्पूर्ण तिक्तता ओकल्छ ।

"त्यति राम्री दिदीको यस्ती बहिनी भनेर अनुमानै भएन रे । नत्र उनीहरू आउँदै आउन्न थे रे ।"

मेरो बाल्यकालको सर्वत्र प्यारो त्यो साथी .....

मेरा हरेक किशोर उत्साहको अभिन्न सखा..... मेरो शार्दूल दा !

"कसरी मेरो सम्पूर्णता पोल्ने उल्काहरू ओकल्दै हुन्छ ऊ.....!"

**मैतीदेवी, काठमाडौं ।**

विद्या, पराक्रम, दक्षता र धैर्य यी मानिसका चार मित्र हुन् ।

-शुक्राचार्य

"जीवनपानी" पोखरेलद्वारा रचना गरिएका ६५ वटा गजलको संग्रह "जीवनपानिका फोहराहरू" लाई "दायित्व वाङ्मय प्रतिष्ठान" ले हालै प्रकाशन गरेको छ ।

युवा गजलकार पोखरेलका यी गजलहरूले राष्ट्रियता, राजनीतिक विसंगति, सामाजिक असमानताजस्ता विषयहरूलाई उजागर गर्ने प्रयास गरेका छन् ।

"देश रुँदा सँगै रोइयो एक्लै हाँसिएन
देश बेच्नेहरूसँग माला गाँसिएन"
बाट सुरु भएर
वीरपूर्खा मरेपनि तातो रगत बगिरा'छ
सगरमाथा चुम्छौं हामी जिउँदो शरीर लगेर ।

मा समापन भएको यस संग्रहमा गजलहरू सबै गजलका 'नियम' भित्र अटाएका छैनन्; यसो हुनुमा गजलकार स्वयम् विज्ञानका विद्यार्थी भएर पनि होला, भन्न सहज मान्नु नै पर्दछ ।

फेरि नियम भन्ने बित्तिकै नियमकै घेराभित्र बाँधिएर मात्र पनि नपुग्ने त हुन्छ नै, नियमभित्र रहेर पनि साहित्यिक गुणले भरिएको रचना, रचना गर्न सक्नु गजलकारको धर्म र गुणभित्र गजलकार "जीवनपानी" पनि अटाएकै पाइन्छ ।

रात पर्न लाग्यो बाबु आज सँगै बसौं
चिसो लाग्छ पुसको रात सिरकभित्र पसौं

संभवत गजलकारको यो गजल निकै उत्कृष्ट गजल हो । तर संख्यात्मक हिसाबमा यस्तो गजल न्यून संख्यामा समावेश भएको छ । जेहोस नेपाली गजल रचनामा गजलको संख्या न्यून रूपमा भएको अवस्थामा "जीवनपानीका फोहराहरू" ले कठोर र बन्दुकले भुटिएका मनहरूलाई त नछोला तर भावुक शान्तिका मनहरूलाई अवश्य छुनेछ ।

"जीवनपानी" लाई स्वागत गर्नै पर्छ । आशा गरौं भविष्यमा "जीवनपानी" का फोहराहरू सशक्त बनेर आओस्, शान्ति छाओस्, परिवर्तन ल्याओस् । "जीवनपानी" लाई फेरि स्वागत ।

**कृति** - जीवनपानीका फोहराहरू
**विधा** - गजलसङ्ग्रह
**गजलकार** - "जीवनपानी" पोखरेल
**प्रकाशक** - दायित्व वाङ्मय प्रतिष्ठान
**प्रकाशन** - २०५९
**मूल्य** - रु. ५०/- **पेज** - ८०

-शुभ मुकारुङ

---

विगत तीन दशकदेखि नेपाली साहित्यमा कलम चलाइरहेका कवि भाग्यशाली अधिकारीको 'यो एउटा भरिपूर्ण मरुभूमि' कवितासंग्रह प्रथम पटक २०५८ वैशाखमा प्रकाशित भएको छ । उनले साहित्यिक क्षेत्रमा कथा, कविता, निबन्ध, गीत आदि विभिन्न विधामा कलम चलाएका छन् । उनी आफ्नो साहित्य सिर्जनामा यो देशमा जन्मन पाएकोमा आफूलाई भाग्यशाली सम्झन्छन् र यी अनुपम प्राकृतिक सौन्दर्यले परिपूर्ण हराभरा नेपालको गीत गाउँछन्, पूर्खाको पूर्व गौरवको हृदयको हरियालीले परिपूर्ण नेपालीको गीत गाउँछन् । यस दुनियाँमा जति आउँदछन् सबैले आफ्ना-आफ्ना प्रकारले व्याख्या गरिरहेका छन् । वास्तवमा साहित्य भन्ने वस्तु त्यो हो जस्तै निरन्तर मौरीले अनेकौं तिता, टर्रा, गुलिया, नुनिला, अमिला, पिरा रसहरू बटुलेर समुच्चमा मीठो रस मात्रै दिएझैं यसले पनि नवै रसलाई मिठास दिइरहेको हुन्छ भनेर कवि भाग्यशालीले लेखेका

छन् । सरल भाषामा लेखिएको जोसुकैले पनि सहजै बुझ्न सकिने 'यो एउटा भरिपूर्ण मरुभूमि' कवितासंग्रहले पाठकवृन्दहरूको अलिकति भएपनि अवश्य हृदय रसाउला कि भन्ने आशा उनले लिएका छन् । रेडियो नेपालको साहित्य कार्यक्रम 'भन्ज्याङको सुसेली' दूर शिक्षा अन्तरगत शैक्षिक कार्यक्रम 'मनोभाव' गुन्जन, मातृभूमि, मधुपर्क, पत्रिका आदिमा विभिन्न रचनाहरू प्रकाशित गरेर तिनले पनि जुन थप प्रेरणा र सिर्जनशील प्रतिभालाई निकै मद्दत पुऱ्याए तिनीहरू पनि एउटा धन्यवादका पात्र छन् । यसमा समावेश गरिएका कविताहरूले पाठकहरूको मन छुन सक्ला अथवा नसक्ला त्यो बेग्लै कुरो हो तर जो कोही मरुभूमिमा नै किन नहिँडोस् त्यसको खुट्टा मात्रै भने पनि अवश्य पोल्छ भनेर भाग्यशालीले व्याख्या गर्नुभएको छ । आजका कविताको अर्को सबल पक्ष भनेको आधुनिक बोध हो । समसामयिकतामा समकालीन सन्दर्भसहित प्रस्तुत हुनु आधुनिक बोध गर्नु हो ।

चिन्तनको चौतारीमा बस्न चाहन्छु म
घना जङ्गलको छहारीमा लेट्न चाहन्छु म
स्वच्छ नदी छहारीमा हेलिन चाहन्छु म
विद्युत् प्रकाशमा बल्न चाहन्छु म ।

गाउँघरको पीडा, शहरको बयान, देशको प्रतिको माया भूकम्पीय सुरक्षा, संस्कृतिको माया गरिएका भावनाहरू यस संग्रहमा समावेश गरिएका कविताहरूमा छन् ।

कथाकार इन्द्र कुमार श्रेष्ठ 'सरित्' ले उहाँका कविताहरूमा देशको मायाको पवित्र भावना तिहारमा सयपत्री फुलेझैं ढकमक्क फुलेका छन् भनेर उल्लेख गरेका छन् । उनका कविताहरू पढ्दा त्यहाँ देशभक्तिका भावनाहरू सल्बलिएका पाइन्छन् । उनी धूलोले छोपिदै गएको मन्दिरको सुनौला गजूरलाई र हराउदै जान लागेको पूर्व गौरवलाई उध्दारित गर्न चाहन्छन् उनी पग्लँदै गएको हिमाललाई, गल्दै गएको नेपाली स्वाभिमानलाई उचाल्न चाहन्छन् भनेर कवि माधवप्रसाद घिमिरेले लेख्नु भएको छ । प्रस्तुत कवितासंग्रहमा ३९ वटा कविताहरू संगृहीत छन् । उनका साहित्यिक रचनाहरू राष्ट्रिय स्तरका पत्रिकाहरूका साथै अन्य विभिन्न पत्रिकाहरूमा पनि पढ्न पाइन्छन् । उनका कविता पढ्दै जाँदा मेरो मन दुःखी रहन्छ ।

यहाँको परिस्थिति यस्तै छ
घेरावाल टोपीको महत्त्व छैन हामीलाई
टाइसुटको ठूलो महत्त्व छ ।
बुद्धि विवेकको महत्त्व छैन हामीलाई
एउटा पामरहरूको जमातको ठूलो महत्त्व छ ।

आगामी दिनमा अझै परिष्कृत कविताहरू पढ्न पाइयोस्, सफल काव्यिक यात्राको लागि अग्रिम शुभेच्छा ।

**कृतिको नाम** : यो एउटा भरिपूर्ण मरुभूमि
**विधा** : कवितासग्रह
**कवि** : भाग्यशाली अधिकारी
**प्रकाशिका** : श्रीमती शशीकला अधिकारी
**प्रकाशन मिति** : प्रथम २०५८ वैशाख
**पृष्ठ** : ६७
**मूल्य** : रु ५०/-

**- अरुण खत्री 'नदी'**


**२०५९**
**विजयादशमी तथा शुभ दिपावलीको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशवासीमा हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछौं ।**

**मेरिनोल नेपाल 'आशादीप'**
(मानसिक विरामीहरूको पुनःस्थापना केन्द्र)
नयाँपाटी, सुन्दरीजल काठमाडौं

## गीत

❑ सुदीप कोइराला

हाँस्न खोज्छ मुस्कुराई जनताको मन
अबदेखि नचलाऊ है नेपालीको धन ।

आफू मरी देश राख्ने यै राष्ट्रका जन
नेपाली हो तिमीहरूले के-के गऱ्यौ ? भन
विकास होला भनी सोच्छ पवित्र छ मन
अब तिमी न कुम्ल्याऊ यै राष्ट्रको धन ।

पेटभरि खान खोज्ने सबको हुन्छ मन
न पड्काऊ गोला बारूद न भड्काऊ मन
हाँस्न खोज्छ मुस्कुराई जनताको मन
अबदेखि नचलाऊ है नेपालीको धन ।

निजगढ (बारा)-७

## गीत

❑ अमृत बी.सी. 'अमीर"

कृषकहरूको पीडा अब कस्ले बुझिदेला,
खेती गर्न न छ नहर न छ कुनै खोला ।

चट्टान्‌जस्तो जमिन फोरी झुलाऊँला धानका बाला,
सपना भो आँशु बग्छन् छैनन् खोलानाला,
परिश्रमी कृषकलाई कस्ले हेर्ने होला,
यत्तिकैमा बित्ने हो कि कृषकको चोला ।

कृषिप्रधान देशमा आज कृषियोग्य जमिन छैन,
कृषकको औजारमा खिया लाग्न बेर छैन,
उब्जाउ योग्य जमिनमा आज भवन उब्जिएछन्,
बिहानीको भालेसँगै कृषक व्युँझिएछन् ।

भक्तपुर, बागेश्वरी-२


विजयादशमी तथा शुभ-दीपावली
२०५९ को सुखद् उपलक्ष्यमा
सम्पूर्ण देशवासीहरूमा हार्दिक
मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

हिमालयन बैंक लि.
Himalayan Bank Limited

हेड अफिस तथा मुख्य शाखा
त्रिदेवी मार्ग, ठमेल, पोष्ट बक्स ३८१०, काठमाडौं
फोन नं. २२७७४९, २५०२०१, फ्याक्स: २२२८००



विजयादशमी तथा शुभ-दीपावली
२०५९ को सुखद् उपलक्ष्यमा
हाम्रा सम्पूर्ण ग्राहकवर्ग
एवं शुभ-चिन्तकहरूमा
हार्दिक मङ्गलमय
शुभकामना ।

नबिल बैंक लिमिटेड
Nabil Bank
Nabil Bank Limited
YOUR BANK AT YOUR SERVICE
"NABIL House", Kamaladi
P.O.Box: 3729, Kathmandu, Nepal
Tel : 429546/47
Fax: 0097-1-429548, Telex: 2431 NABIL H NP
e-mail: nabil@nabil.com.np
Web Page: http://www.travel.nepal.com/nabilbank

# 'म त गजलप्रेमी हुँ'

- इन्द्रकुमार श्रेष्ठ 'तरित'

➤ 'गजल' तर्फ कसरी आकर्षित हुनुभयो ?

☞ हिन्दीका राम्रा गजलहरू म पहिलादेखि नै सुन्थें र पढ्थें पनि । २०४५-४६ सालतिर नेपाली साहित्यमा पनि गजल लेख्ने र छाप्नेको बाढी नै आयो । यही समयमा बद्रीलाल श्रेष्ठ र म मिलेर'गजल' त्रैमासिकको पहिलो अङ्क निकाल्यौं । यसरी नै गजलतर्फ आकर्षित भएँ भन्नुपर्‍यो ।

➤ 'गजल' त्रैमासिकको प्रकाशन सुरु गर्दा गजलमात्रै राखेर पत्रिका निकाल्नु सम्भव थियो त ?

☞ सम्भव त्यतिखेर पनि थिएन र अहिले पनि छैन । तर, केही नयाँ काम गर्ने चाहना र केही चुनौतीलाई स्वीकार्ने प्रवृत्तिले गर्दा पनि त्यो साहस गरेको हुँ ।

➤ तपाईं त कथाका क्षेत्रमा लोकप्रिय मान्छे, गजलका क्षेत्रमा तपाईंको उपस्थिति अलि अनौठोजस्तो छैन त ?

☞ मैले अघि नै पनि भनें, म हरेक चुनौतीलाई स्वीकार्ने मान्छे हुँ । त्यसैले मान्छेले चाहेमा गर्न नसक्ने केही छैन भनेर देखाउन नै मैले गजलका क्षेत्रमा हात हालेको हुँ । समयले साथ दिएछ भने कथाप्रधान पत्रिका पनि निकाल्ने छु ।

➤ त्यसोभए तपाईं आफूलाई कथाकार, कवि, गजलकार, गजलविशेषज्ञ, सम्पादक के भन्न रुचाउनु हुन्छ ?

☞ मेरा बारेमा यसो भनिदिऊन् भन्ने मैले रुचाएर हुने कुरा होइन । हुनलाई म कवि, कथाकार, सम्पादक सबै हुँ तर गजलकार र गजलविशेषज्ञचाहिँ पक्कै हैन । म त गजलप्रेमी मात्र हुँ । अब भन्नेले के भन्छन्, म त्यसको पछि लाग्दिनँ र लागेर पनि साध्य हुँदैन ।

➤ समकालीन नेपाली गजलका सन्दर्भमा के भन्नु हुन्छ ?

☞ नभनौं भन्न मन लाग्छ, भनौं छुच्चो भइन्छ । समकालीन नेपाली गजल भनेको भुसका बोरामा सुई खोज्नुजस्तै हो ।

➤ त्यसोभए राम्रा गजलकार भनेर कसैलाई औंल्याउँन सकिन्न त ?

☞ नसकिने कुरा छैन, मोतीराम भट्ट, उपेन्द्रबहादुर जिगर, भीमनिधि तिवारी नेपाली गजलसाहित्यका रत्न थिए । समकालीन नेपाली गजलका आशा भनेका मनु ब्राजाकी, बुँद राना, घनश्याम 'परिश्रमी', धर्मोगत शर्मा 'तूफान', आर.वि. फ्लेम आदिआदि हुन् ।

➤ रेष्टुराँमा गाइने गजलका बारेमा के भन्नुहुन्छ ?

☞ जुन गायकलाई मोतीराम भट्ट को हो भन्ने नै थाहा छैन त्यस्ताले के गजल गाउँछन् ? यस्तै अवस्थाले गर्दा नेपाली गजलमाथि दिनहुँ हातपात भइरहेको छ ।

➤ 'गजल' को सेवा गरेर के पाएँ, के गुमाएँ जस्तो लाग्छ ?

☞ 'जी हजुरी' गर्ने मेरो प्रवृत्ति कहिल्यै रहेन । त्यसैले पनि मेरो मित्रताको घेरा सानो छ । त्यसमा पनि 'गजल' ले अझै कटौती गरिदिएको छ । गुमाएको त्यही हो भने पाएको चाहिँ आत्मसन्तुष्टि ।

➤ नेपाली साहित्य र गायनमा गजलको भविष्य कस्तो देख्नु हुन्छ ?

☞ गजल नेपाली साहित्यमा आयातीत विधा हो । राम्राहरूको मह, डबली, रोडियो हुँदै मोबाइल भी पचितारे होटल र रेष्टुराँहरूमा पुगेको छ । एउटी कुलबधूले घर छाडेर नगर वधू भई भने घरको हालत जस्तो हुन्छ नेपाली गजलको हालत पनि त्यस्तै छ । अपनाएहरूलाई छाडेर गायन र लेखन दुवै क्षेत्रमा आलाकाँचा र अर्धशिक्षितहरूको बाहुल्य भएकाले पनि गजलको यो दुर्गति भएको हो ।

➤ नव गजलकारहरूलाई केही सन्देश, सुझाव दिन चाहनुहुन्छ ?

☞ कुनै पनि क्षेत्रमा आउँदा पर्याप्त अध्ययन गरेर आउनुपर्छ । हल्ला र लहडबाजीका भरमा आफूलाई बादशाह सम्झेर फोसो धाक देखाइहाल्नु पनि जरुरी छैन भने हीनताबोधले पिल्सिनु पर्ने पनि कुनै कारण छैन । स्वच्छ हृदयले सरस्वतीको साधना गरे जनताले दिने विभूषण कति दिन पो पर भाग्ला र ?

वार्ताकार- **अरुणबाबु खत्री 'नदी'**

कविता

# सहर, रहर र कहर

➪ अकिञ्चन शर्मा

मेरा अगाडि
त्यो उर्लदो पानी बग्ने खोला
एउटा इतिहास बोक्ने खोला
सुन्दरता बग्ने खोला
अहिले सहरबीच गोमन घस्रिरहेछ
फोहोर र रोगको फणा उठाएर
इतिहास र सौन्दर्य पुरेर
त्यो धार्मिक खोला अहिले
उफ् !
कस्तो विडम्बना
स्नान गर्नेहरूलाई डसिरहेछ
डरलाग्दो कालो गोमन भएर
सबैलाई तर्साइरहेछ
लखेटिरहेछ
अब त
उसका छातीमा अगॉलो हाल्न
उसका दैलामा पानी माग्न
कोही जाँदैनन्
सबै अछुतलाई जस्तो
तर्सेर हिँड्छन्
बौलाहालाई जस्तो
तर्केर हिँड्छन्
त्यसैले,
त्यसैले सहरबीचको खोला
आजकल निर्जन भइरहेछ
दुर्वासा भइरहेछ ।

+ + +

ऊ यति विषालु
र, यति रिसाहा भएको छ
सपेराहरू उसलाई समात्न डराउँछन्
विष झार्न डराउँछन्
र, नाफा आर्जन निम्ति
बाकसमा हालेर हिँड्न डराउँछन्
सहरमै बसेर पनि
त्यो खोला कहिल्यै सभ्य हुन सकेन
सफा हुन सकेन
सदाजस्तै बग्न सकेन ।
यो कस्तो विडम्बना
खोला घस्रिरहेछ
मान्छेहरू तर्सिरहेछन्
सहरबीचको त्यो रहर
कस्तो बाध्यता !
कहर भएर घस्रिरहेछ
कहर भएर घस्रिरहेछ ।

मकहर-५, रुपन्देही


विजयादशमी तथा शुभ-दीपावली
२०५९ को पुनीत उपलक्ष्यमा
हामा समस्त ग्राहक,शेयरधनी
तथा शुभचिन्तक
महानुभावहरुमा हार्दिक
मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।

NB BANK
नेपाल बङ्गलादेश बैंक लि.
Nepal Bangladesh Bank Ltd
Joint Venture Bank with IFIC Bank Ltd., Bangladesh
वीरगञ्ज शाखा

कथा

# परदेशका छालहरू

❑ रामहरि पैड्याल

जापान सूर्योदयको देश, औद्योगिक देश, मिहिनेती र अनुशासित मान्छेहरूको देश । गरीब र विपन्न आर्थिक अवस्था भएका संसारका हरेक कुनाकाप्तहरूलाई छिटो आर्थिकोपार्जनको भूस्वर्ग ठानिने देश ।

मान्छेका महत्त्वाकाङ्क्षा पाने विचित्रकै वस्तु रहेछ धनी बन्न, साधनसम्पन्नदेखि नबचाउने । मान्छेमित्रका यही अघोरी महत्त्वाकाङ्क्षाले उच्चशिखर त मैले रोजेर्यें बाटो पलायनको, बाटो उच्चमहत्त्वाको, बाटो चुनौतीपूर्ण परदेशी जीवनको ।

सपनाहरू थिए रङ्गीन जीवनका, महत्त्वाकाङ्क्षाहरू थिए आशातीत सुखका । अभावपूर्ण अतीत, तनावपूर्ण वर्तमान र नैसर्गिक जिजीवीषाले प्रेरित भएर मैले त्यो बाटो राजेर्यें सजिलै । यस्तै लाग्छ ।

युसिआइएल नेपालको 'कि पर्सनल ट्रेनिङ' मा अनुबन्धित तेस्रो समूहको एउटा प्रतिनिधि बनेर जापान छिर्ने सुयोग मिलेका दिनबाटै मेरा मनमा चोर इच्छाहरू महत्त्वाकाङ्क्षाका बायुपङ्खी चढेर नाच्न थालिसकेकै हुन् – देखेर हरियो डलरको खेती । भाँचेर आफूलाई ट्रेनिङमा पठाउने तत्कालीन महाप्रबन्धक र कम्पनीप्रतिको विश्वास । मजदूर कर्मचारी साथीहरूले आफ्नो सच्चा प्रतिनिधि मित्रका रूपमा सम्झेर मजदूर युनियनका चुनावमा सुम्पेको सभापतिको न्यानो भायासम्मलाई लातै हानेजस्तो मैले हाम फालेर्यें समुद्रमा ।

'जापानमा नेपाली कर्मचारीहरू फरार'

'युसिआइएल नेपालका मजदूरनेता बेपत्ता'

एउटा ठूलै हङ्गामा राष्ट्रिय रूपमा न्याएथ्यो हामी पाँच भाइहरू राजदेव, देवेन्द्र, सुदीप र राजेन्द्रसहितको जापान पलायनले । सबैका आ-आफ्ना इच्छा र आकाङ्क्षाहरू हुँदा हुन् सुखी जीवन र सुनौला भविष्यको ।

भाग्ने र फर्किने मनोद्वन्द्वको लामो अन्तर्क्रियापछि हामीले निर्णय गरेर्यौं भाग्ने नै । त्यसैको तयारीमा नेपाल पठाउने सामानहरू – एकाघ घडी र एउटा चिठी तयार भएछ बुबा आमालाई । जापानी अनुभव र अनुभूतिसँगै जीवनका महत्त्वाकाङ्क्षाले डोरिएर यतै पलायन भएको कुरा लेख्दालेख्दै भावनामा रुन पुगेछु ननभरि सम्झेर गाउँ, बुझेर देश र देखेर [illegible] नियतिसँगै कैं ।

[illegible] र [illegible] रेष्टुरेन्टको [illegible] न्याचिको [illegible] । [illegible] र [illegible] । [illegible] – [illegible] दिनहरू सबरखण्डे साहुसँगै, च्याउवारीका ब्याउ बूढासँगै । हातभरि ठेला थिए, मनभरि पीडा थिए र पनि सन्तोषै थिएँ । स्वप्नप्राप्ति अझै धेरै टाढै थियो स्वर्गीय सुखको ।

प्राकृतिक वसन्त मुस्कुरायो मुसुक्क साकुराका सेताम्य फूलहरूसँगै । भावनाका गहिरा उच्छ्वासहरू तरङ्गिए जीवनजस्तै सलल हरियालीपूर्ण सुन्दरतामा कोइलीहरूले गाए मीठो माङ्गलिक सङ्गीत । प्रकृतिको यस्तै स्वर्णिम नृत्यसँगै म पुगें तोसिन कोग्यो नामको महत्त्वाकाङ्क्षी कम्पनीमा चढाएर भेटी ठूलै श्रीलङ्काली सेन भाइलाई । कत्रो कृतज्ञ भएर्यें मुरली मित्रसँग हार्दिक मध्यस्थता गर्दिए बापत दलाल र भेराबीच ।

'राम्रो कम्पनीमा पर्नु भो, साथीहरूलाई पार्टी दिनुपर्दछ'

'हुन्छ हजुर, तलब बुझेपछि' आज्ञाकारी भएर्यें सजिलै ।

दिनहरू बित्दै रहे तीव्र व्यस्ततामा शारीरिक थकानमा एक्लै थिएँ परदेशी भूमि । अन्तर्राष्ट्रिय कम्पनी थियो त्यो ब्राजिल, पेरु, इण्डियन, पाकिस्तानी, बङ्गलादेशी, श्रीलङ्कन, थाइ, मलेसियन सबैले काम गर्ने थरीथरीका देशका अनेकथरी व्यक्ति र विचारहरूको मेल (बेमेल ?) केन्द्र थियो त्यो । छिटो-छिटो गर्नुपर्ने काम, रिसाहा र महासन्काहा साहु, पिटौंलाझै गर्ने मेनेजर त्यसका नियतिहरू थिए ।

एकदिन एउटा साथी भेटियो पूर्वी धरानको 'दीपक' उसलाई आफ्नै कम्पनीमा पार्टटाइम काम

मिलाएँ । दुई भाइ नेपालीहरू एउटै अपार्टमेन्टमा बसेर सँगै काम गर्न थाल्यौँ । एकान्तमा यफ बर्ने साथी – आफ्नै माटोको एउटै मुटुको म खुसीले वुरुक्क उफ्रेर्यें ।

दिनहरू बितदै रहे क्रमशः प्रकृतिको उष्णता छायो जुलाइका दिनहरू [illegible] प्रतीत हुन थाले । चड्दो [illegible] र [illegible] वैराग्य जगाउँथ्यो त्यसै । [illegible], कम्पनीको तातो र अझ [illegible] मेनेजरले बन्ने रिसका आगाले डढेर [illegible] भए पनि, असह्य वेदनाले छटपटिएर [illegible] आफूलाई संयमित बनाएकै थिएँ, खुसीसाथ महा अभियानमा–पौंठाजोरीको शारीरिक परिश्रमको ।

दिनभरिको अति थकाइले क्लान्त म यथासमयमै सुतेर्यें । राती तर खोइ र नींद लागेको ?

"उफ ! गर्मी पनि कस्तो बढेको, हैन यो फेनले पनि [illegible] फान्दछ"

[illegible] [illegible], [illegible] सातै बजे [illegible] । [illegible] कम्पनीको [illegible] मोकिन् पर्ने कम्प्युटरको गतिमै कति छिटो ?

त्यसै जापान बनेको छ दुनियाँका सामू अल्पसमयमै यिनीहरूको परिश्रम, इमान्दारिता र एकाग्र लगनशीलताले पुऱ्याएको हो विकासको शिखरमा ।

हैन, सपना देखेझैँ लाग्यो मलाई त्यस क्षण – एउटा ब्लो मानवाकृति क्रमशः मतिरै बढ्दै थियो लमक-लमक । म लगभग अत्तालिएँ, झ्यालैमा आइपुगेछ कति छिटै । मैले पातलो ओड्नेले मुख छोपेँ डरले थरथरी काम्दै ।

"रामु सान । रामु सान ।।"

त्यो प्रस्ट आवाज थियो आफ्नै कम्पनीको मेनेजरको । अचम्म लाग्यो "यस्तो मध्यरात कटेपछि किन आयो यो सन्काहा ?"

हाइ जोमु सान । उठेर हत्तपत्त भित्र आउने अनुरोध गरें विनम्र । उसले झ्यालैबाट 'ठीकै छ' को शैलीमा सोध्यो "दीपक खोइ ?" मैले सिधै जवाफ दिएँ – "खोइ आज कता गएछ ? आएको छैन मैले रातीसम्म पर्खें आएन ।"

"थाहा पाइस् भर्खरै कम्पनीमा आगो लाग्यो पत्रिका बेच्ने सिनवुनाया सानले देखेर खबर गरेकाले धेरै जल्न पाएन, धन्नै हाम्रो सबै कम्पनी खरानी भएको, यो पक्का विदेशी (गाइजिन) को काम हो । त्यहाँ तेरो साथी दीपकको हो, उसलाई नाटटाइम कानबाट निकालिदिएको रिसले त्यसो गरेको बुझिस् । नत्र ऊ लाजै किन छैन यतिखेरै ? लौ भन, म पुलिस केस गर्दछु । तिमीहरू सबलाई देश फर्काइदिन्छु ।" कड्किया जोडसँग । म 'किंकर्तव्य विमूढ' हेरेको हेर्यै भएँ नाजवाफ ।

"हैन आजै कता जानु परेको त्यो दीपकलाई ?"

म फतक्क गर्दै दर्द र वेदनाले । परदेशी भूमिमा आइलागेको यति ठूलो परिबन्द र त्यसले निम्त्याउन सक्ने दुष्परिणामले । मेरा आँखाअगाडि महत्त्वाकाङ्क्षाका अनन्त सपनाहरूले खिसाइरहेझैँ लाग्यो, लखेटिरहेझैँ लाग्यो ।

'भोलि पुलिस आउँदै छ, आगलागी सम्बन्धमा बुझ्न ।

उफ् ! म अत्तालिएँ मलाई सोध्नेछ, पासपोर्ट हेर्नेछ, भिसा खोज्नेछ ।'

आँ ..... ?

म बर्बाद हुनेछु, उच्चाकाङ्क्षाको महासमुद्रमा दुर्घटित भएर म भासिनेछु र नासिनेछु अथाह समुद्रको नील गहिराइसँगै । म देश फर्काइनेछु अवैध बसाइको महाभियोगमा । म जेलमा पुऱ्याइनेछु आगो लगाइएको दुष्कर्ममा । मैले प्रतिवाद गर्न सक्ने छैनँ अङ्ग्रेजीसम्म नबुझ्ने जापानीहरूका अघि । मैले फिराद प्रस्तुत गर्न सक्ने छैनँ मुटु नभएका मेसिनजस्तै ढुङ्गे दिलहरूसँग ।

दीपकलाई कहाँ जानुपरेको आजै ? हेर कत्रो दुर्भाग्य ?

'चोक्टा खान आएकी बूढी झोलमा डुबेर मरी'

टिनिन्न बजिरहेका कानभरि कतै कसले गाइरहेझैँ लाग्यो मुरलीधरको गीत – 'उडायो सपना सबै हुरीले.....।'

थुक्क मेरो बुद्धि किन भागेको हुँला ? युसिआइएलको त्यस्तो राम्रो स्थायी जागिर, साथीभाइको त्यत्रो न्यानो माया र सद्भावले दिलाएको कर्मचारी सङ्घको सभापति पद । मेरा लागि नपचेको – 'कुकुरलाई घिउ नपचेझैँ' खाइस् अब मामाको फन्दामा परेपछि, कमाइस् पैसा जापानमा ।

'लाटो खान्छ एक बल्ड्याङ्ग, बाठो खान्छ सात बल्ड्याङ्ग'

अब कहाँ पाउने त्यस्तो जागिर ? न पैसा कमाइयो न जागिर बचाइयो, भएन बर्बाद जीवनको ?

खैर, आफ्नो पार्टीको सरकार भएको भए पनि केही हुन्थ्यो कि बरु ? कसरी मुख देखाऊँ त्यो कृष्ण केसी र राजेन्द्रलाई ?

के गर्ने साथीभाइको बहकाव र अति महत्त्वाकाङ्क्षाको राक्षसले मलाई निल्यो खर्लम्मै ।

मनभरि नानाथरीका शङ्का-उपशङ्का र डर-सन्त्रासले आँखा झिमिक्क नपारी कम्पनीमा पुग्छु र साहुलाई अभिवादनसहित दुःखप्रकट गर्दछु घटनाका प्रति । दिनभरि एउटा छुट्टै भयले मन ढक्क फुलिरहन्छ, बोल्न गाह्रो परेझैं, सास फेर्न गाह्रो भएर फोक्सो फुलेझैं । एउटा रोगग्रस्त दिन बित्दछ घोर डर र त्रासदीमा । कति खेर आफू समाइने हो, फर्काइने हो र जेलमा सडाइने हो भन्ने मनोद्वन्द्वले कामिरहन्छु ।

भोलिपल्ट बेलुका पनि दीपक आएन । मेरो मन शङ्काको सगरमाथाझैं खडा हुन्छ । म लगभग पागल बन्छु र चारैतिर फोन गर्दछु – अपार्टमेन्ट नजिकैको सार्वजनिक टेलिफोन बुथबाट । ओइजुसी म्याचिमा मुरली, पी.एस.लामा, तातेवयासीमा सुवर्ण कोही भेटिँदैनन्, कुनै सुराक मिल्दैन दीपक खोइ ?

म भयाक्रान्त कामिरहन्छु दिनहरू/रातहरू

जोमु फेरि आउँछ, दीपक खोइ ?

म मुर्छित हुन्छु नाजवाफ लाचारी, केवल भन्छु, दीपक त्यस्तो मान्छे होइन, पढेलेखेको मान्छे हो, कतै साथीभाइकातिर काम खोज्न गयो होला । आएपछि म लिएर आउँछु तुरुन्त ।

'सोरे वा साङ्ग नाइ' (त्यस्तो मतलव छैन) ऊ गर्जन्छ ।

किन दीपक छैन दुई दिनदेखि ?

म निरुत्तर निराश हेरिरहन्छु उसको क्रोधाग्नि ।

पर्सिपल्ट कोठामा आउँछु, दीपक अझै छैन । मेरो मुटु लगभग फुट्लाजस्तो हुन्छ । म ढलुंलाझैं बन्छु परिस्थितिको प्रतिकूलता देखेर । आफूलाई सम्हाल्न नसक्ने स्थितिवाट गुजार्दै भगवान्लाई प्रार्थना गर्दछु – हे भगवान् । मलाई केही भए, मेरो महत्त्वाकाङ्क्षाको पहाड यो परदेशी घटनाको छालले अद्योपान्त बढारेर लैजानेछ ।

फिलिपिन्समा पढ्दै गरेका दुई/दुई दाजुभाइहरू नेपालमै इन्जिनियरिङ्ग पढ्दै गरेको अर्को भाइ बुबाआमाका इच्छाहरू/मेरा सपनाका महलहरू... तासको घरझैं ढल्नेछन् गर्ल्याम्म । म उपहासको पात्र बन्नेछु । दुनियाँले भन्नेछ 'खुबै नापिस् जापान बसेर'

"बुद्धि नभएको ? बल्ल ठीक भो साले नेता बन्यिस्, खाइस्"

मेरो दृष्टि एउटा सानो चिटमा पर्दछ – "म साथीकामा गएको छु दुई दिनपछि फर्किन्छु ।" टाउकामाथि सारा दुःशङ्काहरूको भारी खस्छ एक्कासी हलुङ्गिन्छु । त्यस दिन आएर दीपक पुनः फर्केछ । यी सारा महाभियोग/महापरिबन्दबाट बेखबर/बेसञ्चार ऊ मस्तसँग साथीकामा लाग्दछ । तर पनि मेरा मनमा खेलि नै रहे तर्क-वितर्कहरू/आशा-निराशाहरू ... ।

बल्ल दीपक झुल्कियो थाहा पाएर यथार्थ, दौडेर कम्पनीमा गयौं, साहुलाई सबै कुरा बतायौं, बुझायौं– "हामी नेपालीहरू बचन र कर्मका इमान्दार छौं, दुनियाँमा । आफ्नो साहु र कम्पनीप्रति सधैं वफादार, आफैंले काम गर्ने आफ्नै साथीसँग बस्ने कम्पनीमा हामी कहिल्यै आगो लगाउँदैनौं । कृपया हामीलाई बुझिदिनोस् ।"

"हाइ ओकान्ता रामु सान् ग्यामवात्ते' (ठीक छ मैले बुझें रामु) "राम्रोसँग काम गर तिमीहरूले हैन आगो लगाएको ।'

हामी खुसी र उन्मादले उफ्रँदै फर्कियौं । परदेशी भूमिमा लागेको निरर्थक अभियोग र आशङ्काको सुखद् पटाक्षेप भएकामा । आसिकागा सिटीको ओयामा चोमा रहेको अपार्टमेन्टलाई लक्ष्य मानेर हामी फर्किरहेका थियौं । बाटामा रहेको किकुकावा खोलामा क्षितिजतर्फ डुब्नै लागेको पहेंलो घामको झुल्का खोलाका पानीमा परेर इन्द्रेनीझैं प्रतीत भइरहेको थियो । गोधूलि साँझ सुनौलो भयो । शहरको उज्यालो फैलिंदै थियो, सन्ध्याकालीन विद्युतीय प्रकाशमा । लामबद्ध गाडीहरूले फाल्ने उज्यालाले दिव्य यात्रामा निस्किएका देवदूतहरूको सम्झना गराउँदै थिए । हामीहरू आफ्नो साइकिलमा कुदिरहेका थियौं कुदिरहेका थियौं ।

**मर्जिन भिलाग्रोसा युनिभर्सिटी**
**फिलिपिन्स**

## स्पर्शका तन्तुहरू

❑ मुकुन्द पोखरेल

तिमी मस्त छौ
म छट्पटाएकीछु
प्यासी बन्दै तिम्रै प्रतीक्षामा
यो गृष्मको बेलामा
तिम्रो नयनका भाषामा
स्पर्शका तन्तुहरू जोड्दै
सृजनाका पाटामा
झरझर निरझर
स्वर गुन्जनको स्वागतमा छु ।

तिम्रो धेरै माया मलाई चाहिन्न
माया विना पनि म बाँच्न सक्तिन
म बिना तिम्रा बचेरा रहँदैनन्
पोयरा र बाली हुने छैनन्
जून पौडिखेल्छ
किरण हावा बन्छ
सगरमाथा लुक्न खोज्छ
सागर बिउँझन्छ
संवेदना छचल्किन्छ
त्यसैबेला, मानिसको रोदन सुरू हुन्छ ।

तिम्रो अस्तित्वको खोजमा
चराचर नै शोकसभाको
आयोजना गर्नथाल्छ
हे वर्षा ! तिम्रो अभावमा
सबै शोकमग्न बन्न पुग्छन् ।

* * *

## गजल

❑ ज्ञानप्रसाद आचार्य

माया दिएरै मुटुबीच राखें
माया र मुटु दुवै आज छैन ॥

गऱ्यौ पान मेरो मरुतुल्य पारी
यसैलाई भर्ने मरूघान छैन ॥

रोएँ सानो दुःख तिमीलाई पर्दा
नाच्यौ, रमायौ जिउँदै म मर्दा ॥

लिई दुःख कष्ट परेलीमा राख्दा
गऱ्यौ घात तिम्ले दियौ दर्द ऐ'ले ॥

छुट्यो साथ मीठो टुट्यो स्वप्न आज
चुँड्यौ प्राण मेरो कुनै रोष छैन ॥

सुक्यो छैन आँसु फुट्यो कर्म मेरो
तथापि तिमीमा कुनै दोष छैन ॥

घट्यो देह मेरो कतै मासु छैन
रुने तिम्रो लागि कतै आँसु छैन ॥

सुक्यो तन्तु तन्तु कुनै आश छैन
खुसी मान तिम्ले मेरो सास छैन ॥

नवलपरासी

दुःख सिद्धान्तको कसी हो, यो बिना मानिसले आफ्नो इमान्दारी र बेइमानी चिन्न सक्दैन । - **फिल्डिङ**